सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ असार २०८०, शुक्रबार (30 June 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ७८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-



काठमाडौं महानगरका ६०% निजी विद्यालयका शिक्षकमाथि शोषण

शिक्षा ऐन र निर्देशिकाअनुसार तलब सुविधा दिन काठमाडौं महानगरको निर्देशन

■ जागिर जाने डरले अन्याय सहन्छन् शिक्षक



उजुरी दिए कारबाही गर्छौं

सीताराम कोइराला, प्रमुख, शिक्षा विभाग, काठमाडौं महानगर



न्यून तलबले पढाइ प्रभावित छ

विद्यानाथ कोइराला
शिक्षाविद्

(विस्तृत पृष्ठ ४)

नयाँ पत्रिका Lifestyle

दाम्पत्य जीवन सफल बनाउन...



तीव्र रूपमा बढ्न थाल्यो भोकमरी



सन् २०२१ मा विश्वका करिब दुई अर्ब ३० करोडभन्दा बढी मानिसले वर्षभर खाद्यान्न पाउन सकेनन्, जुन सन् २०१४ को भन्दा झन्डै दोब्बर बढी हो

(विस्तृत पृष्ठ ७)

धान उत्पादन स्थिर, खेतीयोग्य जमिन घट्दो

आव ०७३/७४ मा देशभर १५ लाख ५२ हजार ४६९ हेक्टरमा धानखेती भएकोमा चालू आव ०७९/८० मा १४ लाख ४७ हजार ७८९ हेक्टर जमिनमा धानखेती भएको मन्त्रालयको तथ्यांक



आर्थिक वर्ष ०७९/८० मा ५४ लाख ८६ हजार मेट्रिकटन धान उत्पादन, **१० महिनामा ३० अर्ब ८८ करोडको चामल आयात**

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

हदम्यादको छिद्रमा खेल्ने प्रयास

मुलुकी अपराध संहिता, २०७४ को लिखत किर्तेसम्बन्धी मुद्दामा दुई वर्ष हदम्यादको व्यवस्थामा टेकेर बालुवाटारको १४३ रोपनी जग्गा हिनामिनाका ४०३ अभियुक्तलाई जोगाउन चलखेल, जब कि यो जग्गासम्बन्धी किर्ते ०६९ अगाडि नै भएको थियो



● **किरण बज्राचार्य**
एआइजी तथा सिआइबी निर्देशक

यो मुद्दामा हामीले यथेष्ट प्रमाण संकलन गरिसकेका छौं। ०४९, ०६२, ०६७ र ०६९ मा किर्तेका काम भएको खुलेको छ। मुलुकी ऐन, २०२० कार्यान्वयनमा रहेकै वेला गरिएको अपराध भएकाले अभियोजनका लागि असीमित हदम्याद हुन्छ। सोही ऐनअनुसार थप अनुसन्धान र अभियोजन दर्ता गर्छौं।

नवराज मैनाली/नयाँ पत्रिका

उच्च तहको राजनीतिक नेतृत्व, शक्तिशाली कर्मचारी तथा पहुँचवाला व्यापारी जोडिएको बालुवाटारस्थित ललितानिवास जग्गा हिनामिना मुद्दालाई कमजोर बनाउन हदम्यादको छिद्रमा खेलेर अभियुक्तहरूलाई जोगाउने चलखेल सुरु भएको छ। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले चार अभियुक्तलाई पक्राउ गरी अभियोजनको प्रक्रिया अघि बढाएपछि यो मुद्दामा हदम्याद नै सकिएको र मुद्दा नै नचल्ने भनेर 'डिसमिस' गराउन विभिन्न समूहले सक्रियता बढाएका छन्।

बुधबार चार आरोपीलाई म्याद थपका लागि अदालतमा उपस्थित गराउने वेलामा नै केही कानुन व्यवसायीले हदम्यादको विषय उठाउँदै थुनामा राख्न नहुने भन्दै न्यायाधीशमाथि दबाब दिएका थिए। मुलुकी अपराध कार्यविधि संहिता, २०७४ मा लिखत किर्तेसम्बन्धी मुद्दामा दुई वर्षको हदम्याद हुने उल्लेख छ। सोही विषयलाई टेकेर यो मुद्दामा चलखेल थालिएको स्रोतले जनाएको छ। जब कि संहिता ०७५ मा मात्रै कार्यान्वयनमा आएको हो। ललितानिवास जग्गासम्बन्धी किर्तेलगायतको काम त्यसभन्दा अघि भएको हो।

सिआइबीको अनुसन्धानबाट ०४९, ०६२, ०६७ र ०६९ मा किर्तेका काम भएको खुलेको छ। जसका आधारमा मुलुकी ऐनअनुसार प्रहरीले हाल अनुसन्धान गरिरहेको छ। सो ऐनमा यस्तो मुद्दामा असीमित हदम्याद हुने उल्लेख छ। सोहीअनुसार यसअघि सरकारी वकिल कार्यालयले अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको थियो।

सरकारी वकिल कार्यालयले दिएको निर्देशनअनुसार अनुसन्धान पूरा गरी सिआइबीले हाल अभियोजनको प्रक्रिया अघि बढाउन लागेपछि अभियुक्तको पक्षमा हदम्यादको व्याख्या गर्ने प्रयास भइरहेको छ। यसका लागि केही राजनीतिक नेतृत्व, कर्मचारी तथा व्यापारिक घरानाले सक्रियता बढाएको स्रोतको दाबी छ।

बालुवाटारस्थित प्रधानमन्त्रीनिवाससँगै जोडिएको एक सय ४३ रोपनी जग्गा हिनामिनामा सिआइबीले चारवटा छुट्टाछुट्टै मुद्दा अघि बढाउन

» पृष्ठ ११ मा क्रमशः

■ अधिकांश अभियुक्त सम्पर्कविहीन, स्टे अर्डर लिएका भने ढुक्कले निवासमै

टेकराज थामी/नयाँ पत्रिका

बहुचर्चित ललितानिवास जग्गा हिनामिना प्रकरणमा संलग्न अधिकांश अभियुक्त सम्पर्कविहीन भएका छन्। सर्वोच्च अदालतबाट 'स्टे अर्डर' ल्याउन सफल अभियुक्त भने ढुक्क बसेका छन्। चार सय ६ अभियुक्तविरुद्ध पक्राउ पुर्जी जारी गराएको प्रहरी भने 'हिट लिस्ट'मा राखिएका अधिकांश अभियुक्त निगरानीमा रहेको र चाँडै पक्राउ हुने दाबी दोहोऱ्याइरहेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गर्ने पहिलो घेराभा जग्गा हिनामिना हुँदा सरकारी निकायको कार्यकारी भूमिकामा रहेका अभियुक्तलाई राखेको छ। जसमा दुई पूर्वमन्त्री, तीन पूर्वसचिवसहित अधिकृत तहभन्दा माथिका मात्रै ३९ जना छन्। उनीहरूमध्ये अधिकांश सम्पर्कविहीन भइसकेका छन्। प्रहरीले मंगलबार तीन 'हाई प्रोफाइल'सहित सात अभियुक्तलाई पक्राउ गरेपछि उनीहरू फरार भएका हुन्।

■ सम्पर्कविहीन हाई प्रोफाइल



डम्बर श्रेष्ठ
तत्कालीन भूमिसुधारमन्त्री



दीप बस्न्यात
तत्कालीन भौतिकसचिव



दिनेश अधिकारी
तत्कालीन भूमिसचिव

प्रहरीले पक्राउ गर्न 'आँट' नगरेर अभियुक्तलाई सम्पर्कविहीन बन्न अनुकूल वातावरण बनाइदिएको स्रोतको दाबी छ। सम्पर्कमै रहेका अभियुक्तलाई पनि पक्राउ गरिएको छैन। 'सिआइबीले हल्ला धेरै गऱ्यो। किन हो अभियुक्तलाई पक्राउ गर्न आँट नगरेजस्तो देखिन्छ,' स्रोतले भन्यो।

पक्राउ गर्ने 'हिट लिस्ट'मा राखिएका तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री डम्बर श्रेष्ठ, भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दीप बस्न्यात र भूमिसुधार मन्त्रालयका तत्कालीन सचिव दिनेशहरि अधिकारी सम्पर्कविहीन भइसकेको स्रोतले जनाएको छ। नयाँ पत्रिकाले फोन गर्दा पनि उनीहरूको मोबाइल अफ छ।

भूमिसुधार मन्त्रालयका तत्कालीन सहसचिवद्वय जितबहादुर थापा र तेजराज पाण्डे, भौतिक योजना मन्त्रालयका तत्कालीन उपसचिव (कानुन) विनोदकुमार गौतम, सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक अशोकनाथ उप्रेती र भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक पुष्पराज उपाध्याय पनि सम्पर्कविहीन छन्।

त्यस्तै, भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन शाखा अधिकृत इन्द्रप्रसाद ढुंगाना, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन शाखा अधिकृत कृष्णप्रसाद पौडेल, भूमिसुधार कार्यालय काठमाडौंका तत्कालीन भूमिसुधार अधिकारी शंकरप्रसाद सुवेदी, नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी अधिकृत कमल घिमिरे, तत्कालीन सर्भेक्षक देवबहादुर लामिछाने, गुठी संस्थान मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुख हरिकृष्ण तिमिल्सिना, भवन निर्माण सम्भार डिभिजन कार्यालयका तत्कालीन इन्जिनियर राजेन्द्रमान श्रेष्ठ, तत्कालीन सिनियर डिभिजनल इन्जिनियर बालकृष्ण श्रेष्ठ, डिभिजन प्रमुख सरोजराज राजकर्णिकार पनि पक्राउ हुने डरले सम्पर्कविहीन छन्।

» पृष्ठ ११ मा क्रमशः

जसले 'स्टे अर्डर' लिएका छन्

सिआइबीले मंगलबार भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ र पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्कीलाई पक्राउ गरेको थियो। उनीहरूमध्ये गुरुङ, शाह, गौतम र कार्कीलाई सिआइबीको हिरासतमा राखिएको छ। तर, अदालतबाट पहिले नै 'स्टे अर्डर' जारी भएको हुँदा केसी, देउजा र कपालीलाई भने हाजिर जमानीमा छाडियो।

उनीहरूसँगै 'स्टे अर्डर' लिनेमा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन उपसचिव लक्ष्मीनारायण उप्रेती, अधिकृत दिनेशप्रसाद शर्मा, सुरेन्द्र कपाली, धर्मप्रसाद गौतम, टीकाराम घिमिरे, मोहम्मद साविर हुसैन पनि हुन्। सिआइबीले केसी, देउजा र कपालीलाई हाजिर जमानीमा छाडेपछि उनीहरू पनि ढुक्क भएर बसेका छन्।

त्यस्तै, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सहसचिव तेजराज पाण्डे, भवन निर्माण सम्भार डिभिजन कार्यालयका इन्जिनियर बालकृष्ण श्रेष्ठ, गुठी संस्थान प्रधान कार्यालयका सहप्रशासक हेमराज सुवेदी र उपप्रशासक हरिबोल आचार्यले अदालतबाट 'स्टे अर्डर' लिएका छन्। हिरासतमा बस्नु नपर्ने भएपछि उनीहरू सम्पर्कमै छन्। घटना अनुसन्धानका क्रममा सिआइबीले उनीहरूलाई बयानका लागि भने बोलाउन सक्छ।

■ मनाइयो बकर इद



मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) बिहीबार देशभरका मस्जिदमा मनाइएको छ। इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर इद मनाउने धार्मिक विधि छ। यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, कास्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भिड लाग्छ। हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले बताए। शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सत्ता जोगाउन कोसीका मुख्यमन्त्री कार्कीको निर्णायक प्रयास

आज मतदान, 'फ्लोर क्रस' गराउन चलखेल गरेको विपक्षीको आरोप

बहुमतका लागि दुवै पक्षलाई एक-एक सांसद अपुग

९३ सांसद रहेको कोसी प्रदेशमा बहुमतका लागि ४७ सांसदको समर्थन चाहिन्छ। तर, अहिले अंकगणित एक सांसदमा गएर अड्किएको छ। सभामुखबाहेक दुवै पक्षसँग ४६-४६ सांसद छन्। अहिले एमाले नेतृत्वको सरकारमा राप्रपाको साथ छ। एमालेका ४० र राप्रपाका ६ सांसद छन्। विपक्षी गठबन्धनसँग पनि सोही हाराहारीमा संख्या छ। कांग्रेसका २९, माओवादीका १३ (सभामुखसहित), एकीकृत समाजवादीका चार र जसपाका एक गरी ४७ सांसद छन्।

विश्वासको मत विभाजनमा जसपा तटस्थ

झापामा **चिरञ्जीवी घिमिरे**
विराटनगरमा **गणेश लम्साल**

संघ र ६ वटा प्रदेशमा सत्ताबाट बाहिरिएको एमालेले अन्तिम 'किल्ला'का रूपमा रहेको कोसी प्रदेश सरकार बचाउन 'निर्णायक' प्रयास गरेको छ। मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अन्तिम समयमा सत्ता जोगाउन संसद् छलेका छन्। मंसिरको निर्वाचनलगत्तै चार प्रदेशमा नेतृत्व गरे पनि समीकरणमा फेरबदलसँगै एमालेले तीन प्रदेश सरकार गुमाइसकेको छ।

प्रदेश सभाको बिहीबारको बैठकमा विश्वासको मतका लागि प्रस्ताव पेस गरेका उनी मत विभाजनको समयमा संसद्बाट बाहिरिएका थिए। उनी फर्केर नआएपछि अनिश्चितताबीच कोसी प्रदेश सभाको बैठक शुक्रबार बिहान ११ बजेका लागि आह्वान गरिएको छ। एक सांसदको समर्थन जुटाउन सके एमालेलाई सरकार बचाउन सम्भव हुनेछ।

तत्कालीन सत्ता सहयात्री माओवादी र जनता समाजवादी सरकारबाट बाहिरिएपछि अल्पमतको सरकार चलाइरहेका मुख्यमन्त्री कार्कीले विश्वासको मत लिने प्रयोजनका लागि बिहीबार संसद् बैठक आह्वान गरिएको थियो। बैठकमा मुख्यमन्त्री कार्कीले विश्वासको मतका लागि प्रस्ताव प्रदेश सभामा पेस पनि गरे। उक्त प्रस्तावपछि मुख्यमन्त्री कार्कीले बैठकमा मत मागे।

» पृष्ठ ११ मा क्रमशः



हिक्मत कार्की, मुख्यमन्त्री

● **बाबुराम गौतम,** सभामुख, कोसी



बैठक सुरु हुँदा मुख्यमन्त्रीले बोल्ने अनि मत विभाजनमा जाने भन्ने सहमति थियो। तर, आधा घन्टापछि उहाँले दुई घन्टाको समय माग्नुभयो। त्यसपछि ८ बजेसम्मलाई बैठक स्थगित गरियो। साढे ८ बजेपछि उहाँले मलाई तयारी गर्न समय पुगेन भोलि गर्नौं भन्नुभयो। त्यसपछि ९ बजेसम्म बसेर सबै दलसँग सल्लाह गरेर शुक्रबार ११ बजे बैठक बोलाएका छौं। विश्वासको मतको समय मुख्यमन्त्रीले नै दिनुभएको थियो। उहाँले भनेको मितिमा विश्वासको मत लिन सक्नुभएन।

● **उद्धव थापा,** काग्रेस संसदीय दलका नेता



उहाँले विश्वासको मत लिन्छु भन्ने विश्वास लिएर आउनुभएको रहेछ। त्यो अवस्था सदनमा नदेखिएपछि हारको मानसिकता बोकेर उहाँ निस्कनुभयो।

● **इन्द्र आङ्बो,** माओवादी संसदीय दलका नेता



मुख्यमन्त्रीले संसद्को अपमान र सभामुखले दिएको समयको दुरुपयोग गर्नुभयो। यो संसदीय व्यवस्थाकै भद्दा मजाक हो। संसद्मा विश्वासको मत मागेर मुख्यमन्त्री भाग्ने गलत परम्पराको विकास भयो।

● **रेवती भण्डारी,**
एमाले संसदीय दलका प्रमुख सचेतक



संसद्मा विभिन्न मन्त्रालयबारे प्रश्न गरियो। उठेका प्रश्नको जवाफ तयार पार्न मुख्यमन्त्रीले समय माग्नुभएको हो। बिहीबार रात परेकाले सबै मन्त्रालय बन्द हुँदा तयार गर्न सकिएन। शुक्रबार तयार गरेर संसद्मा जवाफ दिनुहुन्छ। त्यसपछि राजीनामा दिने कि संसद् फेस गरेर जाने भन्ने निर्णय हुन्छ।

आकाश गर्जिंदा झस्किन्छन् मनाङवासी

१ असार ०७८ मा मर्स्याङ्दी नदीमा आएको बाढीमा थुप्रै घर बगे, भागेर ज्यान बचाएका सयौं लामो समय विस्थापित भए, अहिले पनि त्यहाँ जोखिम कायमै छ, त्यसैले आकाश गडगडाउँदा स्थानीय त्यही दिन सम्झिन्छन् र तर्सन्छन्

लमजुङमा **शान्ता कमली**

१ असार ०७८। झिसमिसेमै मनाङको नासौं गाउँपालिका- १ तालगाउँकी विमला गुरुङको आँखा खुल्यो। नजिकैको मर्स्याङ्दी अघिपछि जस्तो शान्त थिइनन्। ठुल्ठूला ढुंगा एकआपसमा ठोक्किएका आवाज र गडगडाएको नदीले उनको मन आत्तियो। अघिल्लो रातदेखि नै दर्कने झरी परिरहेको थियो। नदीको सतह बढ्दै गयो, केहीबेरमै बस्तीतिर पस्न थाल्यो। हत्तपत्त परिवारका सबैलाई उठाइन्। भागेर नजिकैको डाँडा चढेपछि सबैले ज्यान बचाए, तर घर मर्स्याङ्दीको भेलमा डुब्यो।

त्यो त्रासदीपूर्ण घटनाको दुई वर्ष भयो। विमला र उनको परिवार अहिले पनि आकाश गर्जिएको सुनेपछि त्यही दिन सम्झिन्छन् र आत्तिन्छन्। विमला मात्र होइनन्, तालगाउँका धेरैको यही अवस्था

» पृष्ठ ११ मा क्रमशः



मनाङको नासौं गाउँपालिका- १ तालगाउँ। १ असार ०७८ मा मर्स्याङ्दी नदीमा आएको बाढी यो बस्तीमा पसेपछि स्थानीय विस्थापित भएका थिए। बाढीको जोखिम उस्तै छ, तर स्थानीय फेरि बस्ती फर्किसकेका छन्।

खोलाले धार फेरेको छ, अब त वर्षामा मात्र होइन, हिउँदमा पनि जोखिम हुन्छ

● **सुप्रभा ढुंगेल,** प्रजिअ, मनाङ



स्थानीयलाई जोखिमको सतर्कता अपनाउन प्रशासनले सुझाव दिइरहेको छ। वर्षायाम वा अन्य समयमा पनि यहाँको यात्रा सहज छैन। वर्षायाम सुरुवात भएसँगै अझ बढी जोखिम बढ्ने गर्छ। अहिले खोलाले धार फेरेको छ। अब त वर्षामा मात्र होइन, हिउँदमा पनि जोखिम हुन्छ। किनकि, मर्स्याङ्दीको उत्पत्ति नै हिमालबाट भएको छ। हिउँ पग्लिएपछिको पानी सीधै मिसिने भएकाले नदीको बहाव बढिहाल्छ।

तयार भयो सिसामाथि हिँड्न मिल्ने ‘स्काई वाक’ टावर

करिब दुई अर्ब लगानीको टावर आजदेखि सर्वसाधारणलाई खुला

शिवहरि घिमिरे/नयाँ पत्रिका


काठमाडौंको कमलादीमा करिब दुई अर्ब रुपैयाँ लगानीमा ‘स्काई-वाक’ (सिसामा टेकेर हिँड्न मिल्ने) टावर निर्माण भएको छ। सर्वसाधारणले औपचारिक रूपमा आज (शुक्रबार)देखि टावरमा ‘स्काई वाक’ गर्न सक्ने जनाइएको छ।

काठमाडौंमा नयाँ र भिन्न स्वादको पर्यटकीय गन्तव्य थप्ने उद्देश्यले वन्डर्स नेपाल नाममा संस्थाले २३ तलामाथि सिसामा उभिन र हिँड्न मिल्ने संरचना तयार पारेको हो। ७८.५ मिटर उचाइको यस संरचनामा १८ तलासम्म लिफ्ट चल्छ। त्यसमाथिका तलामा होटेल, क्लब र इभेन्ट एरिया छन् भने २३औँ तला अर्थात् सबैभन्दा टपबाट टावरको फेदसम्म देखिने गरी सिसा बिछ्याइएको छ। जसमाथि हिँड्न, बस्न र आराम गर्नसमेत मिल्छ। टावरको सबैभन्दा ‘रोमाञ्चक’ तला नै यही हो। सो ठाउँबाट उपत्यकाका अधिकांश भाग नियाल्न सकिन्छ। ‘स्काई वाक’को डिजाइन स्टिल स्ट्रक्चरमा भएको छ। भूकम्प प्रतिरोधात्मक र सबै मापदण्ड पूरा गरेका कारण टावर पूर्ण सुरक्षित रहेको कम्पनीको दाबी छ। यसमा प्रयोग भएका सिसा पनि बलिया छन्। सुरुमा १० एमएमको टेम्पर ग्लास त्यसपछि १.५२ एमएमको लेमिनेटिङ लेयर र पुनः १० एमएमको टेम्पर ग्लास, १.५२ एमएमको लेमिनेटिङ लेयर र अन्तिममा १० एमएमको टेम्पर ग्लास गरी पाँचवटा (दुईवटा सिसा र तीनवटा टेम्पर ग्लास) लेयर राखिएको छ।

जसका कारण सिसा अत्यन्तै मजबुद रहेकाले सुरक्षित हुने अध्यक्ष आकर्षण पोखरेलको दाबी छ। उनका अनुसार यसले दुई हजारजनासम्मको लोडलाई धान्न सक्छ, तर सहजताका लागि एकपटकमा पाँच सयजनालाई प्रवेश दिइनेछ। ‘यो कुनै टावर होइन, तर ‘स्काई वाक’का लागि बनेको टावरचाहिँ हो। पर्यटकीय क्षेत्रमा हामीले नयाँ काम गरेको ठानेका छौँ,’ उनले भने, ‘विदेशमा देखेपछि नेपालमा पनि ल्याएका हौँ।’ उनका अनुसार ‘स्काई वाक’मा चढ्नेहरूको बिमा गरेर मात्रै प्रवेश दिइनेछ। यसमा ब्रिटिस स्ट्यान्डर्डको स्टिल प्रयोग गरिएको छ। सोही कम्पनीले यसअघि इलामको कन्यामा स्काई वाक सञ्चालनमा ल्याइसकेको छ। पहिलो स्काई वाक प्रभावकारी देखिएपछि कम्पनीले उपत्यकामा त्यसभन्दा पनि ठूलो स्काई वाक निर्माण गरेको हो।

काठमाडौं महानगरको सहरी व्यवस्थापन विभाग प्रमुख सुरज शाक्यले टावरले संरचना निर्माण गर्दा नक्सा पास र निर्माण सम्पन्नको प्रमाणपत्र लिइसकेको बताए। उनका अनुसार काठमाडौं उपत्यका विकास प्राधिकरणले पनि प्लानिङ पर्मिट दिएको छ।







■ **आकर्षण पोखरेल**
अध्यक्ष, वन्डर्स नेपाल

‘स्काई वाक’को डिजाइन स्टिल स्ट्रक्चरमा छ। भूकम्प प्रतिरोधात्मक र सबै मापदण्ड पूरा गरेका कारण टावर पूर्ण सुरक्षित छ। यसमा प्रयोग भएको सिसा सुरुमा १० एमएमको टेम्पर ग्लास, त्यसपछि १.५२ एमएमको लेमिनेटिङ लेयर र पुनः १० एमएमको टेम्पर ग्लास, १.५२ एमएमको लेमिनेटिङ लेयर र अन्तिममा १० एमएमको टेम्पर ग्लास गरी पाँच (दुईवटा सिसा र तीनवटा टेम्पर ग्लास) लेयर छन्।

तस्बिर : मनिश पोखरेल र दिपेन्द्र डुंगाना/नयाँ पत्रिका

कुन तलामा के-के छन् ?

स्काई वाक टावरको १८ तलभन्दा मुनि दुई साइडमा दुईवटा लिफ्ट छ भने बीचमा पिलर तथा टावर सपोर्टर राखिएको छ। दुईवटा लिफ्टमा एकपटकमा ४८ जना अट्छन्। लिफ्ट चढेपछि सीधै १८ तलासम्म पुगिन्छ। त्यसभन्दामाथि दुई तला हिँडेर स्काई टावरमा पुगिन्छ। दुई तलामाथि भ्यु पोइन्ट छ। जुन धराहराभन्दा अग्लो छ। कम्पनीका परियोजना निर्देशक सञ्जीव रोकाले तीन वर्षअघिदेखि स्काई वाक संरचना निर्माण थालिएको बताए। उनका अनुसार स्काई वाकको भुइँको क्षेत्रफल १३ रोपनी दुई आना हो। स्काई वाक नगर्नेहरूका लागि भुइँमा विभिन्न आकर्षक ठाउँ निर्माण गरिएको छ। पार्क, पेन्टिङ वाल तथा रेस्टुरेन्टहरू हुनेछन्। रेस्टुरेन्ट छिर्नका लागि प्रवेश शुल्क तिर्नुपर्दैन।

स्काई वाक गर्न एकजनाले एक हजार शुल्क तिर्नुपर्छ। यसबापत उसले ३५ मिनेटसम्म त्यहाँ बस्न पाउँछ। यसबाहेक अन्य सुविधा लिए छुट्टै तिर्नुपर्छ। यद्यपि, ८० वर्षभन्दा माथिका वृद्धवृद्धा र पाँच वर्षभन्दा मुनिका बालबालिकाका लागि निःशुल्क छ। विद्यार्थीका लागि छुट्टै प्याकेज ल्याउने कम्पनीको तयारी छ। यहाँ पाँच सय मोटरसाइकल र दुई सय चारपाग्रे सवारीसाधन पार्किङ गर्न मिल्छ।

टावरबाट बन्जीसमेत गराउने तयारी

केही समयपछि टावरबाट बन्जी जम्प पनि गर्न मिल्ने व्यवस्था मिलाइरहेको कम्पनीले जनाएको छ। त्यसका निम्ति प्राविधिक जाँच र मूल्यांकन भइसकेको छ। सम्भाव्यता र मूल्यांकन अभ्यास भइसकेकाले छोटो समयमै बन्जी जम्प पनि बनाउने तयारी भएको अध्यक्ष पोखरेलको भनाइ छ।

नयाँ गन्तव्य, तर प्रवेश शुल्क महँगो

सहरी क्षेत्रमा पर्यटक तान्नका लागि बनेको स्काई वाकले लिने प्रवेश शुल्क भने तुलनात्मक रूपमा महँगो छ। ३५ मिनेट अवलोकन र वाक गरेको एक हजार रुपैयाँ तिर्नुपर्छ। नेपालका यस्तै प्रकृतिका अन्य पर्यटकीय क्षेत्रका हिसाबले यो शुल्क महँगो मानिन्छ। उपत्यकाआसपासका जिपलाइन, केबलकारलगायत ‘एडभेन्चर’ गन्तव्यको शुल्कभन्दा स्काई वाकले लिने शुल्क महँगो भएका कारण सबैको पहुँच नपुग्ने सर्वसाधारणको अनुमान छ। तर, अध्यक्ष पोखरेलले भने निर्माणमा लागेको खर्च र यसले दिने सुविधाअनुसार शुल्क सहुलियत भएको बताए। स्काई वाक धरहरा हाराहारीको उचाइमा छ। सरकारले धरहरामा भने प्रवेश खुला गरेको छैन। दुई वर्षअघि नै उद्घाटन भए पनि हाल बन्द छ।

गढवा गाउँपालिका कार्यालय, गढवा, दाङ ।

बाँकी रकम दाखिला गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति : २०८०/०३/१५

उपरोक्त सम्बन्धमा यस गढवा गा.पा. कार्यालय दाङको आ.व. २०७६।०७७ को नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र मिष्कट) ठेक्का नं. ०७/२०७६/०७७ मा बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लाई ठेक्का परी सम्झौता अनुसारको परिमाण ७२,२८५ घ.मी. को नदीजन्य पदार्थ लिने/दिने गरी यस गा.पा. कार्यालय सगं सम्झौता भएकोमा स्टक प्रमाणितका लागि मिति २०७७।०४।१३ गतेको अनुगमन समितिले दिएको प्रतिवेदन अनुसार स्टक नापजाँच गर्दा १,१०,६३८ घ.मी. नदीजन्य पदार्थ उत्खनन् भएकोले सम्झौता भन्दा बढी परिमाण ३८,३५३ घ.मी. उत्खनन् भएकोले बढी परिमाणको रकम भ्याट सहित कुल जम्मा रु. १,०३,१९,८३३.४८।- (अक्षेरुपी एक करोड तीन लाख उन्नाइस हजार आठ सय तेइतीस रुपैया अठचालीस पैसा मात्र) उक्त कम्पनीको नाममा बाकी बक्यौता रकम तिर्नु पर्ने देखिएकाले असूलको लागि पालिकाबाट पटक पटक पत्रचार भए तपनि हाल सम्म असूल दाखिला नभएकाले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र यस गा.पा कार्यालयको विभाज्य कोष खाता नं. ५१CA१४९८८२४५२४०१ मा बुझाउन आउने गरी यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा बक्यौता रकम बुझाउन नआएमा कानून बमोजिम प्रकृया अगाडी बढाउने व्यहोरा जानकारी गराइन्छ।

गढवा गाउँपालिका, गढवा, दाङ ।

सहिद मेमोरियल अस्पताल, कलंकी चोक काठमाडौं

सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम प्रकासित मिति : २०८०।०३।१५

यस अस्पतालको लागि आ.व. २०८०।०८१ को लागि आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु लिनुपर्ने भएकोले सम्बन्धित ईच्छुक व्यक्ति, फर्म, संस्था तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आफ्नो कारोबारको व्यहोरा उल्लेख गरी ०७९।०८० को नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको फोटोकपी आफ्नो फर्मको नाम सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न गरि यस अस्पतालमा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्नुहोला।

१. औषधीजन्य सामानहरु :
२. अस्पतालमा प्रयोग हुने सर्जिकल सामानहरु :
३. ल्याबोरेटरी रिएजेन्ट, मिडिया, ग्लास वेयरहरु तथा ल्याबोरेटरी सम्बन्धी अन्य सामाग्री :
४. एक्सरे फिल्म तथा एक्सरे केमिकल :
५. O_2 र CO_2 ग्यास र सिलिन्डर सम्बन्धी :
६. डेन्टलमा प्रयोग हुने सामानहरु :
७. सरसफाइमा प्रयोग हुने सामानहरु :
८. छपाइ सम्बन्धी सामानहरु :
९. स्टेसनरी सम्बन्धी सामानहरु :
१०. खानेपानी (जार, टयाङ्कर, पानी बोटल) :
११. इलेक्ट्रोनिक्स सामानहरु :
१२ इलेक्ट्रिकल्स सम्बन्धी सामानहरु :
१३. कम्प्युटर तथा कम्प्युटरमा प्रयोग हुने सामानहरु :
१४. सवारी साधन मर्मत र मोटर तथा मोटर साइकल पार्टपुर्जाहरु आपुर्ती
१५. कपडा तथा सिलाइ सम्बन्धी :
१६. प्लम्बीङ सेवा तथा सामाग्रीहरु :
१७. फर्निचर खरिद एवम मर्मत सेवा सम्बन्धी :
१८. अस्पतालजन्य सामाग्री मर्मत सम्भार सेवा :
१९. साना तिना निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य :
२०. अस्पताल जन्य अन्य सामान तथा सेवाहरु

नोट : रित नपुगेको निवेदनलाई मान्यता दिईने छैन। प्राप्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। गत वर्ष सूचित भएका फर्महरुले आफ्नो कम्पनीको नविकरण भएको कागजात एवं अन्तिम कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्यपेश गर्नुपर्नेछ। एक भन्दा बढी सूची दर्ता गराउन चाहेमा प्रत्येक समुहको लागि छुट्टाछुट्टै निवेदन साथ आवश्यक कागजात संलग्न गरी निवेदनमा खुलाएर दर्ता गराउनु पर्नेछ।

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०३/१५

यस संस्थाबाट ऋण लिने तपशिल बमोजिमको ऋणी सदस्यले ऋण लिँदा गरिएको लिखत तथा शर्तनामामा तोकिएअनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा पटकपटक ताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथंकदाचित उक्त धितोबाट असुल उपर हुन नसकेमा वा आंशिक रकम मात्र असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासगोल परिवारको नाउँमा नेपाल अधिराज्यभर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियमावली, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम लिलामी बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी, धितोवाला र जमानीकर्ताको नाम कालो सुचीमा समावेश गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सुचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	धितो विवरण
सदस्यता नं : M १७२७ *नाम : गोपाल थापा* *बुबाको नाम : एक बहादुर थापा* *बाजेको नाम : बुद्धिमान थापा* *ठेगाना : गोरखा जिल्ला, शहिद लखन गा.बि.स.-०१* *ना.प्र.नं. ३२३/४२३०७ (जारी मिति २०५१/०६/०९ गोरखा)*	*मालपोत कार्यालय, कलंकीमा दर्ता भई गोपाल थापाको नाममा कायम रहेको काठमाण्डौ जिल्ला बांडभन्ज्याङ गा.बि.स.- ०२ मा रहेको निम्नानुसारको जग्गा :- कित्ता नं. २२४ क्षेत्रफल ०-५-२-२ रोपनी १७८.८३ बर्ग मिटर कित्ता नं. ४९९ क्षेत्रफल ०-२-१-० रोपनी ७१.५३ बर्ग मिटर* *(ऋणी र धितोवाला एकै व्यक्ति रहेको)*



जन श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि नगरपालिका-०३, थानकोट, काठमाण्डौ
सम्पर्क नं. ०१-४३१०८८१, ०१-४३१५७५३

युनेस्को क्रिएटिभ सिटी नेटवर्कको सदस्यता दिन पत्राचार

काठमाडौं/ युनेस्को क्रिएटिभ सिटी नेटवर्कको सदस्यता दिन काठमाडौं र ललितपुर महानगरले युनेस्को कार्यालय काठमाडौंमार्फत पत्राचार गरेका छन्। काठमाडौं महानगरले फिल्म सिटी र ललितपुर महानगरले संगीत तथा वाद्यवादन विधामा काम गर्ने गरी युनेस्कोको क्रिएटिभ सिटी नेटवर्कलाई पत्राचार गरेका हुन्।

नेटवर्कको सदस्यता पाउने सहर निकै कम छन्। संसारभरका हरेक देशहरूले आफ्नो सहरलाई फरक-फरक विधामा पोख्त बनाउन सहकार्य गर्ने गरी नेटवर्कसँग समन्वय गर्छन्। नयाँ सदस्यताका लागि चार वर्षमा एकपटक आवेदन खुलाइन्छ। त्यसमा कुनै पनि देशका दुईवटा सहरले मात्रै निवेदन दिन पाउँछन्। सोहीअनुसार यस वर्ष काठमाडौं र ललितपुरले नेटवर्कलाई पत्राचार गरेका हुन्। सम्पदाविद् दिलेन्द्रराज श्रेष्ठले ललितपुर महानगरले संगीत तथा वाद्यवादन विधामा छनोट गर्नका लागि पत्राचार गरेको बताए। ‘युनेस्को क्रिएटिभ सिटी नेटवर्कको सदस्य बनेपछि संसारभरका देशले कुन विधामा कसरी काम गरेका छन् भन्नेबारे सहकार्य गर्न पाइन्छ,’ उनले भने, ‘यसले कुन सहरले कुन-कुन विशेषता बोकेको छ भन्ने सन्देश संसारभरि दिन्छ।’

ललितपुर महानगरका प्रवक्ता राजु महर्जनले नेटवर्कमा सदस्य बनिसकेपछि महानगरभित्रका ऐतिहासिक मठ-मन्दिर र धर्म संस्कृतिसम्बन्धी गीत-संगीत तथा बाजाहरूलाई ब्रान्डिङ गर्न सकिने बताए। उनका अनुसार संगीत विद्यामा भाग लिएर निवेदन पठाउँदा नेटवर्कले सो विधासँग सम्बन्धित देश तथा सहरहरूलाई सहकार्य गर्ने वातावरण मिलाउँछ। यसो गर्दा अमूर्त संस्कृति जोगाउनसमेत सहयोग मिल्छ। उनले फाराम तथा आवेदन दिएका देशहरूलाई चार वर्षभित्र के-के काम गर्ने भन्ने विवरण माग गर्छ। सोहीअनुसार विवरण पेस गरिएको काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार काठमाडौं महानगरभित्र फिल्म क्षेत्र प्रवर्द्धन गर्न सकिने र फिल्म सहरका रूपमा यसलाई छनोट गर्नुपर्ने भन्दै महानगरले नेटवर्कलाई पत्राचार गरेको छ।

नेटवर्कको फिल्म विधामा तीन सय सहर सदस्य छन् भने म्युजिकतर्फ दुई सय ५० भन्दा बढीले सदस्यता लिएका छन्। छनोट तथा नेटवर्कको सदस्य बन्दा आफूले जुन विधामा सदस्यता पाएको हो, त्यसमा नेटवर्कबाट अनुदानसमेत पाउँछन्। युनेस्को क्रिएटिभ सिटी नेटवर्क सन् २००४ देखि सुरु भएको हो। यसले संसारभरका सहरलाई विभिन्न विधामा सदस्य बनाएर त्यसलाई व्यवस्थित गर्न मद्दत गर्दै आइरहेको छ।

बिहीबार उपत्यकामा

वसन्तपुर : वसन्तपुर क्षेत्रको हनुमानढोकासहितका परिसरमा नेपाली सेना, प्रहरी, हनुमानढोका हेरचाह कार्यालय, काठमाडौं महानगरलगायत सबै निकायका सवारीसाधनलाई निषेध गरिएको छ। यसअघि सर्वसाधारणका सवारीसाधन निषेध गरे पनि सरकारी निकाय र पहुँचका आधारमा सवारीसाधन छिर्ने गरेका थिए। विश्वसम्पदा सूचीमा रहेको मुख्य सम्पदास्थलमा सवारीसाधन प्रवेश दिनु उचित नभएको भन्दै कडाइ गरिएको महानगरका सम्पदा सल्लाहकार याद्वलाल कायस्थले जानकारी दिए। उनका अनुसार शुक्रबारदेखि नै लागू हुने गरी कडाइ गरिएको हो। ‘सर्वसाधारणका सवारीसाधन यस क्षेत्रमा पहिलेदेखि नै निषेध गरिएको थियो, तर केही व्यक्ति र कर्मचारी पहुँचका आधारमा सवारीसाधन प्रवेश गराउँदै आएका छन्,’ उनले भने, ‘अब हामी कडाइ गर्छौं।’ उनले भिभिआइपीलाई पनि सम्पदा क्षेत्रमा सवारी निषेध गर्नुपर्ने बताए।

म्हयपी : म्हयपीस्थित म्हयपी अजिमा मन्दिरको दक्षिण मूलढोकामा नारायणको मूर्ति अनावरण गरिएको छ। बुढानीलकण्ठबाट पाँचजना पुजारी ल्याई मूर्तिको अनावरण गरिएको म्हयपी संरक्षण तथा स्थापना समितिका अध्यक्ष जीवन मानन्धरले बताए। उनका अनुसार अब नारायणको पूजा गर्न भक्तजनहरू बुढानीलकण्ठमै पुग्नुपर्ने भएको छ। म्हयपी अजिमा मन्दिर ऐतिहासिक मानिन्छ। लामो समयदेखि म्हेयपी संरक्षण तथा व्यवस्थापन समितिले यस मन्दिर क्षेत्रको संरक्षण, व्यवस्थापन र भौतिक पूर्वाधार निर्माण गर्दै आइरहेको छ। ‘यो मन्दिर ऐतिहासिक हो, यसको संरक्षण समितिले गर्दै आइरहेको छ,’ उनले भने, ‘त्यसैको परिसरमा हामीले नारायणको मूर्ति अनावरण गरेका छौं।’ यो मन्दिरमा बुद्ध, शिव, मनकामना, भैरव र विश्वकर्मालगायत भगवान्का मूर्ति राखिएको छ।

गागलफेदी : कागेश्वरी-मनोहरा नगरपालिका-१, गागलफेदीस्थित सातघट्टे चोकबाट चार केजी एक सय ४० ग्रामसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ओखलढुंगा रातमाटे गाउँपालिका-४ घर भई काठमाडौं काँडाघारी बस्ने ३९ वर्षीय अमरकुमार खत्री र सर्लाही घर भई काठमाडौं काँडाघारी बस्ने २५ वर्षीया मनसुन पाण्डे रहेका छन्। अस्थायी प्रहरी बिट गागलफेदीबाट खटिएको प्रहरीले प्र.३-०२-०१५प ४४२९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूको साथबाट उक्त गाँजा फेला पारी पक्राउ गरेको हो।


प्रचण्ड सरकारको ६ महिना : सार्वजनिक सेवा सहज र अर्थतन्त्र गतिशील बनाएको दाबी

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले सार्वजनिक सेवालाई सरल र अर्थतन्त्रलाई गतिशील बनाएको दाबी गरेको छ। प्रशासकीय सुधार गरी जनताले लिने सेवालाई सरल, सुलभ र झन्झटरहित बनाएको तथा वित्तीय तथा मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाएको सरकारको दाबी छ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको संयुक्त सरकारले ६ महिनाको मुख्य-मुख्य उपलब्धि सार्वजनिक गर्दै नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारीचालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायत सेवालाई सरल, कम खर्चिलो र झन्झटमुक्त बनाई घन्टौं लाइन बस्नुपर्ने अवस्थाको अन्त्य गरेको उल्लेख गरेको छ। त्यस्तै, अर्थतन्त्रको सुधार र पुनरुत्थान गरेको पनि दाबी गरिएको छ। 'वित्तीय तथा मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयन र चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधनमार्फत अर्थतन्त्रमा देखिएका समस्यालाई उचित सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाइएको छ,' सरकारले सार्वजनिक गरेको उपलब्धिपत्रमा उल्लेख छ, 'सार्वजनिक सेवा प्रवाहमा जनताको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइएको छ।'

सरकारले ७७ बुँदामा आफ्ना मुख्य उपलब्धि सार्वजनिक गरेको हो। जसमा राजस्व अर्थतन्त्र सुधारका नीति लिइएको, राजस्व चुहावट रोकेको, राजस्व संकलन बढाउँदै लगेको, लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि कार्यदल गठन गरी कार्य प्रारम्भ गरेको, पन्ध्रौं योजनाको समीक्षा गरी सोह्रौं योजना तर्जुमा कार्य अघि बढाइएको, कृषि क्षेत्र सुधारको एकीकृत कार्ययोजना तयार गरिएको उल्लेख छ। त्यस्तै, रासायनिक मल आपूर्ति हुने व्यवस्था सुनिश्चित गरेको, मेलम्ची खानेपानी आयोजनाबाट बाह्रै महिना नियमित पानी वितरणको सुनिश्चित गराएको, भूमिहीन दलित तथा सुकुमबासीलाई ६ सय ४२ थान जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको, व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा लगिएको, नेपाल-भारत पारवहन सन्धि संशोधनसहित नवीकरण गरिएको समेत सरकारको उपलब्धिमा उल्लेख छ।



देशभरका सामुदायिक विद्यालयमा शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको, नो अब्जेक्सन लेटर अनलाइनबाट दिन थालिएको, दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका ६८ जना गर्भवती तथा सुत्केरी महिलालाई सुरक्षित हवाई उद्धार गरिएको, वैदेशिक रोजगारीमा संलग्न एक लाख ७१ हजार श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको, वैदेशिक रोजगारीमा गई समस्या परेका एक सय ५६ जना व्यक्तिलाई उद्धार गरिएको तथा सार्वजनिक सेवा प्रवाहलाई सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको सरकारको उपलब्धिपत्रमा उल्लेख छ।



सरकारले यस अवधिमा विद्युत्को उत्पादन र पहुँच बढेको जनाएको छ। ४०८ मेगावाट विद्युत् उत्पादन क्षमता वृद्धि भई हालसम्म जडित क्षमता २,६७८ मेगावाट पुगेको उपलब्धिमा उल्लेख छ। त्यस्तै, विद्युत्मा पहुँच पुग्ने जनसंख्या ९३.५८ प्रतिशतबाट वृद्धि भई ९६ प्रतिशतमा पुगेको उल्लेख छ। नेपाल-भारतबीच दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भएको तथा बंगलादेशमा समेत विद्युत् निर्यातको व्यवस्था गरिएको भन्दै सरकारले उपलब्धिपत्रमा उल्लेख गरेको छ।

■ ६६ प्रतिशत जनतामा फोरजीको पहुँच

सरकारले फोरजीको विस्तार तथा पहुँच बढेको जनाएको छ। हालसम्म सात सय ३९ स्थानीय तहमा फोरजी सेवा विस्तार भई ६६ प्रतिशत जनतामा पहुँच पुगेको सरकारको उपलब्धि पत्रमा उल्लेख छ। हालसम्म सूचना महामार्गअन्तर्गत हालसम्म १२ हजार दुई सय ३८ किलोमिटर अप्टिकल फाइबर बिछ्याइएको सरकारले जनाएको छ। फाइभजीको परीक्षण कार्यसमेत भइरहेको उल्लेख छ।

■ सार्वजनिक संस्थान नाफा गएको दाबी

प्रचण्ड नेतृत्व सरकारले नेपाल वायु सेवा निगमलगायत सार्वजनिक संस्थानको व्यवस्थापनमा सुधार भएको दाबी गरेको छ। त्यस्तै, नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगमलगायत सार्वजनिक संस्थान नाफामा जान सफल भएकोसमेत सरकारको ६ महिने उपलब्धिमा उल्लेख छ। तर, आयल निगमले अन्तर्राष्ट्रिय बजारअनुसार मूल्य नघटाएर नाफा असुल गरेको थियो। निगमले आफ्नो बक्यौता तिर्न उपभोक्तामाथि चर्को मूल्यको भार थोपरेको थियो। त्यस्तै, विद्युत् प्राधिकरणले नाफामा प्रभाव पर्ने भन्दै उद्योगमा लोडसेडिङ गराएको आरोप लागेको थियो। भारतबाट विद्युत् आयात गर्दा नाफा प्रभावित हुने भएकाले हिउँदमा उद्योगलाई आवश्यक मात्रामा विद्युत् आपूर्ति नगराएको उद्योगीले आरोप लगाउँदै आएका छन्। घाटामा गएका संस्थानका विषयमा उपलब्धि प्रतिवेदन मौन छ। सरकारले बन्द अवस्थामा रहेका उद्योग पुनः सञ्चालन गर्ने घोषणा गरे पनि कार्यान्वयन गर्न सकेको छैन।

■ तर, शिथिल नै छ आन्तरिक अर्थतन्त्र

७७ बुँदे उपलब्धिमा सरकारले अर्थतन्त्र पुनरुत्थान भई गतिशील बनाएको दाबी गरे पनि सरकारी तथ्यांकले भने त्यसलाई पुष्टि गर्दैन। अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार आएको भए पनि आन्तरिक अर्थतन्त्र भने शिथिल नै रहेको तथ्यांकले देखाउँछ। त्यस्तै, सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न र पुँजीगत खर्च गर्नसमेत सकेको छैन। विदेशी मुद्रा सञ्चिति १४ खर्ब ७० अर्ब पुगेको छ, भुक्तानी सन्तुलन दुई खर्ब १४ अर्बले बचतमा छ। तर, हालसम्म राजस्व संकलन भने वार्षिक लक्ष्यको ६०.९९ प्रतिशत मात्रै रहेको छ। त्यस्तै, पुँजीगत खर्च ४३.४३ प्रतिशत मात्रै हुन सकेको छ। सवारीचालक अनुमतिपत्र लिने, कर तिर्ने, राष्ट्रिय परिचयपत्र लिनेलगायत सेवासमेत अझै सहज र सरल हुन नसकेको जनगुनासो सुनिन्छ।

कानुन निर्माणमा सुस्त सात विधेयक प्रतिनिधिसभामा दर्ता

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले बिहीबार सार्वजनिक गरेको ६ महिने कार्यसम्पादन विवरणमा कानुन निर्माणको प्रगति कमजोर देखाएको छ। मन्त्रिपरिषद्ले बजेटसम्बन्धी तीनसहित सदनमा सातवटा विधेयक दर्ता गरेको छ। तर, महत्त्वपूर्ण विधेयक सदनमा पुगेका छैनन्।

संघीयता कार्यान्वयनका लागि अति आवश्यक संघीय निजामती, संघीय शिक्षा, संघीय प्रहरी समायोजन ऐन निर्माणका लागि आवश्यक विधेयकहरूको मस्यौदा नै टुंगिएका छैनन्। सदनमा पेस भएको टिआरसी र सम्पत्ति शुद्धीकरणसम्बन्धी संशोधन विधेयक संसदीय समितिमै अलपत्र छन्। संघीय निजामती ऐन पहिलो अधिवेशनमै पेस गर्ने प्रतिबद्धता पनि अझै अनिश्चित छ। तर, राष्ट्रपति कार्यालयमा अलपत्र नागरिकता संशोधन ऐन प्रमाणीकरण भई कार्यान्वयनमा आइसकेको छ।

सरकारी विवरणअनुसार मन्त्रिपरिषद्ले आठवटा विधेयकलाई तर्जुमा गर्ने र ११ विधेयकलाई सैद्धान्तिक सहमति दिएको छ। २६ पुसमा विश्वासको मत लिने वेला प्रधानमन्त्री प्रचण्डले सेवा-प्रवाहको गुणस्तर र प्रभावकारिता बढाउन संसद्को पहिलो अधिवेशनबाटै कम्तीमा एक दर्जन नयाँ ऐन तर्जुमा या विद्यमान ऐनमा समयानुकूल परिमार्जनको संकल्प गरेका थिए। सरकार प्रवक्ता एवं सञ्चारमन्त्री रेखा शर्माले महत्त्वपूर्ण कानुनहरू निर्माणको गृहकार्य भइरहेको बताइन्।

सरकारले ६ महिने अवधिमा सातवटा विधेयक प्रतिनिधिसभामा दर्ता गरेको जनाएको छ। संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक दर्ता गरेको तथ्यांक छ।

सरकारले यो अवधिमा आठवटा विधेयकलाई तर्जुमा सहमति प्रदान गरेको छ। सार्वजनिक विवरणमा विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, नेपाल हवाई सेवा स्थापना र व्यवस्था गर्न बनेको विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकलाई तर्जुमा सहमति प्रदान भएको छ। यसैगरी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तथा विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई तर्जुमा सहमति प्रदान गरिएको हो।

सरकारले यस अवधिमा ११ विधेयकलाई सैद्धान्तिक सहमति प्रदान गरेको छ। मन्त्रिपरिषद् कार्यालयको तथ्यांकअनुसार राष्ट्रिय प्रत्यारोपण स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, विकास आयोजना (सञ्चालन तथा व्यवस्थापन) गर्नेसम्बन्धी विधेयक, सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्नेसम्बन्धी विधेयक, दूरसञ्चारसम्बन्धी विधेयक, राष्ट्रिय सतर्कता केन्द्र सञ्चालनसम्बन्धी विधेयकलाई सैद्धान्तिक सहमति प्रदान गरिएको छ। त्यस्तै, अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी विधेयक, सिँजा सभ्यता संरक्षण तथा विकाससम्बन्धी विधेयक, सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, रासायनिक पदार्थको सुरक्षित प्रयोग तथा व्यवस्थापनसम्बन्धी विधेयक, तिलगंगा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालयसम्बन्धी विधेयक, भन्सार महसुलसम्बन्धी विधेयकलाई सहमति दिइएको उल्लेख छ।

सरकारले पर्वतीय प्रशिक्षण विकास समिति (गठन) (पाँचौं संशोधन) आदेश, २०७९, मेलम्ची खानेपानी तथा काठमाडौं उपत्यका खानेपानी विकास समिति (गठन) आदेश, २०७९ तथा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७९ गरी तीनवटा गठन आदेशको तर्जुमा सहमति प्रदान गरेको छ।

पाँचवटा निर्देशिकाको तर्जुमाका लागि सहमति प्रदान भएको मन्त्रिपरिषद्को विवरणमा उल्लेख छ। सजायमा छुट हुने माग दाबीसम्बन्धी निर्देशिका, २०७९, निजामतीका सन्ततिलाई शैक्षिक वृत्ति उपलब्ध गराउनेसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९, वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७९, वन्यजन्तुबाट क्षति भएबापतको राहत वितरण निर्देशिका, २०८० तथा राष्ट्रिय स्वास्थ्य संकट व्यवस्थापन निर्देशिका, २०८० लाई निर्देशिकाको तर्जुमाका लागि सहमति दिइएको बताइएको छ।

■ व्यवसायी र चालकको प्रदर्शन



ढुवानी व्यवसायमा आबद्ध सार्वजनिक सवारीसाधन र ट्याक्सीका व्यवसायी र चालक बिहीबार प्रदर्शनमा उत्रिए। चक्रपथको सीतापाइला सडकमै सवारीसाधन तेर्स्याएर विरोध गर्दा सडक नै अवरुद्ध भएको थियो। रातो नम्बर प्लेटका सवारीले भाडामा यात्रु बोक्न नपाउने, अनलाइन ट्याक्सी बुकिङ बन्द गर्नुपर्ने, ट्राफिक प्रहरीको ज्यादती बन्द हुनुपर्नेलगायत माग उनीहरूको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ राष्ट्रसंघका उपमहासचिव लुम्बिनीमा

भैरहवा/ संयुक्त राष्ट्रसंघका उपमहासचिव जिन पियरे ल्याक्रोइक्सले बिहीबार बुद्ध जन्मस्थल लुम्बिनी भ्रमण गरेका छन्। लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मैत्तय, कोषाध्यक्ष सिद्धिचरण भट्टराई, सदस्यसचिव सानुराजा शाक्य, योजना प्रमुख सरोज भट्टराई, प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राई, सूचना तथा जनसम्पर्क प्रमुख डा. हरिध्वज राई, सूचना अधिकारी राजन राई, बोर्ड सदस्य विश्वराज पौडेललगायतको टोलीले उपमहासचिव ल्याक्रोइक्सलाई स्वागत गरेका थिए।

कोषका उपाध्यक्ष मैत्तयले लुम्बिनीको अवस्थाबारे जानकारी गराएका थिए। राष्ट्रसंघको शान्ति सेनाका विभाग हेर्ने उपमहासचिवले बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्न पाउँदा खुसी लागेको बताए।

भ्रातृ संस्थालाई सुस्त गतिमा पूर्णता दिँदै कांग्रेस

विवादको डरले पदाधिकारीविहीन तरुण दलको 'जम्बो कार्यसमिति'

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले महाधिवेशनको डेढ वर्षपछि विभिन्न भ्रातृ संस्थाको पूर्णतालाई अगाडि बढाएको छ। लामो समयसम्म महाधिवेशन हुन नसकेका भ्रातृ संस्थालाई महाधिवेशन गराउन कांग्रेसले तदर्थ समितिलाई प्लेन कार्यसमिति बनाएर पूर्णता दिन थालेको हो।

बुधबार सभापति शेरबहादुर देउवाले तरुण दलमा चार सय केन्द्रीय सदस्य मनोनीत गरेका छन्। कांग्रेस कार्यवाहक मुख्य सचिव डा. प्रदीप पराजुलीका अनुसार पदाधिकारीबाहेक केन्द्रीय समिति मात्रै रहेको कार्यसमिति बनाइएको हो। तरुण दल अध्यक्ष विद्वान गुरुङले नेतृत्वसँगको सल्लाहअनुसार नै ठूलो संख्यामा पदाधिकारीविहीन कमिटी बनेको जानकारी दिए। उनले अब एक वर्षभित्र महाधिवेशन गराइने दाबी गरे। 'पार्टी नेतृत्व र अन्य नेतासँगको सल्लाहमा सबैलाई समेटेर प्लेन कमिटी ल्याइएको हो। प्लेन कमिटी ल्याउँदा विवाद पनि कम हुन्छ भन्ने सल्लाह सबैको थियो। एक वर्षभित्र तरुण दलको अधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्छौं,' उनले भने।

कांग्रेसले पदाधिकारीसहितको कमिटी गठन गर्दा विवाद हुने भएपछि 'प्लेन कार्यसमिति' बनाएर महाधिवेशनसम्म लैजाने रणनीतिअनुसार भ्रातृ संस्थालाई पूर्णता दिइरहेको छ। समयमा नेतृत्व हस्तान्तरण नहुँदा नेतृत्वका आकांक्षी र संख्या धेरै हुँदा कांग्रेसलाई नेता-कार्यकर्ता व्यवस्थापनमा सकस छ। कांग्रेस सहमहामन्त्री फर्मुल्लाह मन्सुरले सभापतिले सबैलाई समेटेर कार्यसमिति घोषणा गरिरहेको बताए। उनले सबैलाई समेट्दा संख्या ठूलो देखिएको भए पनि परिणामलाई हेर्नुपर्ने जिकिर गरे। 'जम्बो र पदाधिकारीविहीन भयो भन्दा पनि कार्यसमिति बन्यो, त्यो ठूलो कुरा हो। भ्रातृ संस्थाको जिम्मा सभापतिलाई दिइएको हो। सबैलाई समेटेर ल्याइएको छ,' उनले भने।

०७३ पछि तरुण दलको नियमित अधिवेशन हुन सकेको छैन। समयमा नेतृत्व हस्तान्तरण नहुँदाको असर कांग्रेसको १४औं महाधिवेशनबाट देखिन थालेको हो। तरुण दल अध्यक्ष रहेका जितजंग बस्नेत कांग्रेस केन्द्रीय सदस्य निर्वाचित भए। बस्नेत पाँच महिना तरुण दलको अध्यक्ष र कांग्रेस केन्द्रीय सदस्यको दोहोरो जिम्मेवारीमा रहेपछि ९ चैत ०७८ मा सभापति देउवाले विद्वान गुरुङलाई तदर्थ समितिको अध्यक्ष बनाएका थिए। त्यसयता केन्द्रीय समिति अपूर्ण रहँदै आएको थियो।

नेविसंघको पनि कार्यसमिति घोषणाको तयारी भइरहेको छ। ०७३ पछि नेविसंघको पनि महाधिवेशन हुन सकेको छैन। साढे दुई वर्षमा महाधिवेशन हुन नसकेपछि अध्यक्ष नैनसिंह महरले राजीनामा दिएका थिए। १६ माघ ०७६ मा राजीव डुंगानाको संयोजकत्वमा तदर्थ समिति बनाइएको थियो। तर, उनी पनि कांग्रेसको १४औं महाधिवेशनमा केन्द्रीय सदस्य बनेपछि पनि दोहोरो जिम्मेवारीमा रहने अवस्था आयो। ९ चैत ०७८ मा दुजाङ शेर्पाको संयोजकत्वमा तदर्थ समिति बनाइयो। पटक-पटक तदर्थ समितिको म्याद थप भयो। अझै तदर्थ समितिको कार्यसमितिले पूर्णता पाउन सकेको छैन। महाधिवेशन नहुँदा भ्रातृ संस्थाहरूबाट कांग्रेसले तीनै तहको निर्वाचनमा लिन सक्ने लाभसमेत गुमाएको छ। साथै, प्रतिस्पर्धी राजनीतिक दलका भ्रातृ संस्थाको तुलनामा कमजोर उपस्थिति देखिँदै आएको छ।

> जम्बो र पदाधिकारीविहीन भयो भन्दा पनि कार्यसमिति बन्यो, त्यो ठूलो कुरा हो। भ्रातृ संस्थाको जिम्मा सभापतिलाई दिइएको हो। सबैलाई समेटेर ल्याइएको छ।
>
> 
>
> ● **फर्मुल्लाह मन्सुर**
> सहमहामन्त्री, कांग्रेस

०७८ फागुनमा कांग्रेस कार्यसमिति बैठकले महाधिवेशन हुन नसकेका १० भ्रातृ संस्थाको कार्यसमिति विघटन गर्दै फागुन मसान्तभित्र तदर्थ समिति बनाउने निर्णय गरेको थियो। यसको जिम्मा सभापति देउवालाई दिएको थियो। तीनै तहको निर्वाचन परिणाम आएको तीन महिनाभित्र महाधिवेशन सम्पन्न गर्ने र समयमा सम्पन्न गर्न नसके कार्यसमिति स्वतः विघटन हुने निर्णय गरेको थियो। तर, यो अवधिमा कुनै पनि भ्रातृ संस्थाको अधिवेशन हुन सकेन।

०६४ पछि महाधिवेशन हुन नसकेको किसान महासंघमा १० असारमा गणेशचन्द्र तिमल्सिनाको संयोजकत्वमा तदर्थ समिति गठन भएको छ। कार्यसमितिमा १७ सदस्य थप भएका छन्। अध्यक्ष तिमल्सिनाका अनुसार बाँकी थपिने क्रममा छन्। ०७३ पछि महाधिवेशन नभएको नेपाल महिला संघमा २६ साउन ०७९ मा उषा राउत मिश्रको संयोजकत्वमा बनेका तदर्थ समितिमा ३० जेठमा ५२ केन्द्रीय सदस्य नियुक्त भएका छन्।

कांग्रेसले २ साउन ०७९ मा केन्द्रीय कार्यसमितिले महासंघमा आबद्ध गर्ने र नयाँलाई मान्यता दिने निर्णय गरेसँगै १३ भ्रातृ संस्था अस्तित्वमा छन्। तर, अस्तित्वमा रहेका कुनै पनि भ्रातृ संस्थाको अधिवेशन हुन सकेको छैन।

■ नौ भ्रातृ संस्थाको तदर्थ समिति बन्ने टुंगो छैन

नेपाल प्रजातन्त्र सेनानी संघ : ०६४ मा महाधिवेशन भयो। ०६९ पछि महाधिवेशनको तयारी अन्तिम अवस्थामा रोकियो। त्यसयता महाधिवेशन हुन सकेको छैन। यसअघि टंकप्रसाद शर्मा कँडेल सभापति थिए। कँडेलका अनुसार अहिले तदर्थ समितिसमेत अस्तित्वमा छैन।

नेपाल दलित संघ : ०६९ पछि महाधिवेशन हुन सकेको छैन। मीन विश्वकर्मा पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीमा पुगेपछि तदर्थ समितिसमेत अस्तित्वमा छैन। जिल्ला अधिवेशन सकिएर ७ चैत ०७८ मा केन्द्रीय महाधिवेशको निर्देशन पाएको संघको पछिल्लो समय महाधिवेशनको चर्चा छैन। केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीका अनुसार निर्वाचनका कारण रोकिएको अधिवेशनको चर्चा पछिल्लो समय छैन।

नेपाल भूतपूर्व सैनिक संघ : २३ जेठ ०७३ पछि महाधिवेशन भएको छैन। ३ फागुन ०७८ मा कांग्रेस कार्यसमितिले कार्यसमिति विघटन गरेपछि तदर्थ समिति पनि गठन भएको छैन।

नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ : ०६४ बाट महाधिवेशन हुन नसकेको संघलाई अहिले लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ बनाइएको छ। महासंघमा भ्रातृ संस्थाहरू राष्ट्रिय तामाङ संघ र तामाङ संघ तथा शुभेच्छुक संस्थाहरू लोकतान्त्रिक शेर्पा संघ, नेपाल कुमाल संघ र लोकतान्त्रिक नेवाः खललाई आबद्धता दिइएको छ। मगर संघको भने अधिवेशन भइसकेको छ।

राष्ट्रिय लोकतान्त्रिक अपांग संघ : ०६६ मा मान्यता पाएको संघको अधिवेशन नै हुन सकेको छैन।

नेपाल मुस्लिम संघ : ०७५ वैशाखमा महाधिवेशन भएको थियो। संघको पनि तदर्थ समिति बन्न सकेको छैन।

नेपाल ठाकुर समाज : महासचिव मेघराज ठाकुरका अनुसार एक ०७९ साउनमा महाधिवेशन भएको थियो। तर, केन्द्रीय समितिले विघटन गरेपछि अनिरुद्धप्रसाद ठाकुरको संयोजकत्वमा तदर्थ समिति बनेको छ। पूर्णता पाउन सकेको थिएन।

नेपाल थारू संघ र नेपाल लोकतान्त्रिक खेलकुद संघ : २ साउन ०७९ मा केन्द्रीय समितिबाट नयाँ मान्यता पाएका यी संस्थाको तदर्थ समितिको संयोजकसमेत टुंगो लागेको छैन।

विचारविनाका पार्टीको लहर चलेको छ : ओली

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले अहिले मुलुकमा विचारविनाका पार्टीहरूको लहर चलेको बताएका छन्। एमालेका तत्कालीन महासचिव मदन भण्डारीको ७२औं जन्मजयन्तीका अवसरमा बिहीबार आयोजित कार्यक्रममा ओलीले त्यस्तो बताएका हुन्। राजनीतिक पार्टी, नेता, व्यक्तिलगायतको योगदानलाई भुलेर विचारविनै पार्टी चल्न सक्ने लहर आएको उनको भनाइ थियो।



'राजनीतिक पार्टीहरू समाजलाई कसरी अघि बढाउने भन्ने विचार बोकेर अघि बढ्छन्। अहिले विचार नचाहिने, विनाविचार हामी आयौं भन्ने लहर चलेको छ। योगदानको के मतलब छ, योगदान बिर्सिदिए पुग्छ। कसलाई फुर्सद छ अग्रजहरूको योगदान सुन्ने, सम्झिने, कसलाई फुर्सद छ आफ्ना आमाबाबुको योगदानको चर्चा गर्ने, महिमा गाउने वा आमाबुबाप्रति कृतज्ञ हुने भन्ने खालका विचार पनि आज सुनिन्छन्,' ओलीले भने, 'तर, विनाइतिहास हामी, समाज यहाँ आएको छैन। धेरै उतारचढावबाट यो समाज यहाँसम्म आइपुगेको हो र आज पनि समाज अनेक रस्साकस्सीबीच अगाडि बढिरहेको छ।'

नेपालमा मूलतः तीनखाले विचार र प्रवृत्ति रहे पनि अहिले पुँजीवादी र समाजवादी विचार र प्रवृत्तिका बीचमा प्रतिस्पर्धा चलिरहेको भन्दै ओलीले उत्पादनसँगै समान अवसर र न्यायोचित वितरणको पक्षमा रहेको समाजवादी विचार नै बलियो बन्दै जाने विश्वास व्यक्त गरे। समाजवादी विचारमाथि पुँजीवादले तीव्र आक्रमण गरिरहेका वेला मदन भण्डारीले मौलिक सिद्धान्त र विचारका रूपमा जनताको बहुदलीय जनवाद प्रतिपादन गरेको भन्दै ओलीले वैज्ञानिक र मानवीय दर्शनका रूपमा रहेको यसले पूर्वीय दर्शनलाई आधारका रूपमा लिएको बताए। जबज वैज्ञानिक, बहुआयामिक, परिपूरक, जवाफदेही लोकतन्त्र भएको भन्दै ओलीले यसले न्यायपूर्ण, समतामूलक, सुरक्षित र सम्मानित जीवन जिउन सकिने समाजको परिकल्पना गरेको बताए।

डा. मिङमार ग्याल्जेन शेर्पा यस वर्षको राष्ट्रिय मदन भण्डारी पुरस्कारबाट सम्मानित भएका छन्। मदन भण्डारी सामाजिक रूपान्तरण नेतृत्व राष्ट्रिय पुरस्कारबाट तेक्वान्दो खेलाडी निरुकुमारी मगर सम्मानित भएकी छिन्।

मदन भण्डारी फाउन्डेसनले बिहीबार राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले उनीहरूलाई पुरस्कृत गरिन्। दुवै पुरस्कारको राशि जनही एक लाख र ताम्रपत्र छ। ४५ वर्षदेखि स्वास्थ्य क्षेत्रमा क्रियाशील पुरष्कृत शेर्पा सोलुखम्बु दूधकुण्डका हुन्। ०१८ मा कोलोम्बो प्लानअन्तर्गत चिकित्सा अध्ययन गरेर उनी स्वास्थ्य सेवामा प्रवेश गरेका थिए। मगर ३१ वर्षदेखि खेल क्षेत्रमा क्रियाशील छिन्। स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक रहेका डा. शेर्पा टेलिमेडिसिन सेवा, ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमको विस्तार, दुर्गममा लामो समय सेवा र सरकारी सेवाबाट अवकाशपछि पनि ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा दिन सक्रिय छन्।

समाज रूपान्तरणको अभिभारा पूरा भइसकेको छैन : पूर्वराष्ट्रपति भण्डारी



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले समाज रूपान्तरणको अभिभारा पूरा भइनसकेको बताइन्। समाज रूपान्तरणको अभिभारा पूरा गर्न लामो यात्रा तय गर्न बाँकी रहेको उनको भनाइ छ। भण्डारीले जनताको जीवनमा सम्पूर्ण रूपमा परिवर्तन ल्याउने, समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पनाको दायित्व पूरा भइनसकेको बताइन्। 'जनताको जीवनमा सम्पूर्ण रूपमा परिवर्तन ल्याउने, समृद्ध नेपाल, सुखी नेपालीको जुन परिकल्पना छ, त्यसको दायित्व पूरा भइसकेको छैन। राजनीतिक रूपमा केही संरचनागत परिवर्तन भएका छन्। तर, नेपाली क्रान्ति सम्पन्न भइसकेको छैन। केवल सुरुवात भएको छ। यसमा पर्याप्त सुधार, परिवर्तन तथा रूपान्तरणका सम्भावना बाँकी नै छन्,' उनले भनिन्।

महानगरका ६० प्रतिशत निजी विद्यालयका शिक्षकमाथि शोषण

शिक्षा ऐन र निर्देशिकाअनुसार तलब सुविधा दिन काठमाडौं महानगरको निर्देशन

■ जागिर जाने डरले अन्याय सहन्छन् शिक्षक

शिवहरि घिमिरे/**नयाँ पत्रिका**

नयाँ बानेश्वरमा रहेको कोलम्बस स्कुलले ६ महिनादेखि तलब नदिएको भन्दै १२ जना शिक्षक बुधबार काठमाडौं महानगरको शिक्षा विभाग पुगे। लामो समयदेखि विनातलब काम गर्नुपरेको र सञ्चालकसमेत बेखबर रहेको भन्दै उनीहरूले उजुरी दर्ता गराए। उजुरी दर्ता गराए पनि शिक्षकहरूले नाम गोप्य राखिदिन अनुरोध गरे। संस्थाले तलब नदिए पनि जागिरबाट निकाल्छ कि भन्ने चिन्ता उनीहरूमा थियो। उजुरी दिएलगत्तै महानगरका मेयर बालेन्द्र साहले बिहीबार नै संस्थागत विद्यालयलाई शिक्षा ऐन र निर्देशिकाअनुसार तलब सुविधा दिन निर्देशन दिएका छन्। सो स्कुलमा विभागको टोली शुक्रबार अनुगमनमा समेत जाँदै छ।

काठमाडौं महानगरभित्रका धेरै निजी स्कुलले शिक्षकहरूलाई मारमा पारेका छन्। तर, यसको यथेष्ट रेकर्ड महानगरसँग छैन। महानगरको प्रारम्भिक अध्ययनअनुसार झन्डै ६० प्रतिशत निजी स्कुलमा कार्यरत शिक्षक र कर्मचारीको कल्याणकारी सुविधा छैन भने तलब पनि न्यून छ। शिक्षा विभागले गरेको अनुगमन र शिक्षक कर्मचारीबाट आएको उजुरीबाट केही विद्यालयले शिक्षकलाई ठगी गरेको, समयमै तलब नदिएको, न्यूनतमभन्दा निकै कम तलब दिएको र कल्याणकारी सुविधा नदिएको पाइएको हो।

निजी विद्यालयले शिक्षकलाई अप्ठेरोमा पारेको जानकारी पाएपछि अनुगमन र कारबाही गर्ने तयारी भइरहेको महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले बताए। उनका अनुसार उपत्यकामा रहेका संस्थागत विद्यालयका तलब तथा सुविधामा मनपरी छ। उनीहरूले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ ले तोकेभन्दा पनि न्यून शुल्क दिएर शिक्षकहरू राख्दै आएका छन्। तर, निर्देशिकाविपरीत शिक्षकलाई कम तलब सुविधा दिएको गुनासो आएपछि महानगरले निर्देशिकाअनुसारकै तलब दिन निजी स्कुलहरूलाई निर्देशन दिएको छ।

उजुरी दिए कारबाही गर्छौं



● **सीताराम कोइराला**, प्रमुख, शिक्षा विभाग, काठमाडौं महानगर

महानगरले कम तलब सुविधा दिने निजी विद्यालयको तथ्यांक संकलन गरिरहेको छ। त्यस्ता शिक्षक र कर्मचारीले उजुरी दिए हामी कारबाही गर्ने थियौं। तर, धेरैजसो जागिर जाने डरले उजुरी दिन आउनुहुन्न।

न्यून तलबले पढाइ प्रभावित छ



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

अधिकांश निजी स्कुल तथा कलेजमा शिक्षकहरूले न्यूनतम तलब नपाएपछि पठनपाठन पनि कमजोर हुने गरेको छ। यस्तोमा काठमाडौं महानगरपालिकाका मेयरले चालेको कदम सही छन्। अब निजी र सामुदायिक दुवैखालेविद्यालयलाई व्यवस्थित बनाउनुपर्छ।



■ शिक्षकलाई मारमा नपारेको हिसानको दाबी

उच्च शिक्षा तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान)का महासचिव लोकबहादुर भण्डारीले निजी स्कुलले कम तलब सुविधा दिएकोबारे उजुरबाजुर नपरेको बताए। 'हामीले वेलाबखत निजी स्कुलमा पनि अनुगमन गर्ने गरेका छौं। त्यसरी शिक्षकलाई तलब नदिएको भनेर उजुरी आएको पनि छैन र हामीले भेटाएका पनि छैनौं,' उनले भने, 'महानगरले नियमन गर्न खोज्नु राम्रो हो।' तर, शिक्षाविद् विद्यानाथ कोइरालाले अधिकांश निजी स्कुल तथा कलेजमा शिक्षकहरूले न्यूनतम तलब नपाएपछि पठनपाठन पनि कमजोर हुने गरेको बताए। उनले महानगरका मेयर साहले चालेका कदम उपयुक्त देखिएकाले निजी र सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउनुपर्ने सुझाव दिए।

शिक्षा विभागका अनुसार महानगरपालिकाले शिक्षा ऐनले गरेको व्यवस्थाविपरीत कम तलब सुविधा दिने निजी विद्यालयको तथ्यांक संकलन गरिरहेको छ। 'अन्यायमा परेका शिक्षक र कर्मचारीले उजुरी दिनुभयो भने हामी कारबाही गर्छौं,' कोइरालाले नयाँ पत्रिकासँग भने, 'तर, धेरैजसो जागिर जाने डरमा उजुरी दिन आउनुहुन्न।' हाल काठमाडौं महानगरभित्र पाँच सय चारवटा निजी विद्यालय छन्।

कारबाही गर्ने महानगरको चेतावनी

संस्थागत र सामुदायिक विद्यालय सुधारमा एकपछि अर्को नियम लागू गर्दै आएको काठमाडौं महानगरपालिकाले अब निजी विद्यालयले शिक्षकलाई सामुदायिक विद्यालयसरहकै तलबको व्यवस्था गर्न निर्देशन दिएको छ। महानगरका मेयर बालेन्द्र साहले संस्थागत विद्यालयले शिक्षकलाई निकै कम तलब सुविधामा राखेको गुनासो आएको भन्दै सामुदायिक विद्यालयसरह तलब दिन निर्देशन दिएका हुन्।

उनले महानगरभरि रहेका सबै संस्थागत विद्यालयले यो नियम कार्यान्वयन गर्नुपर्ने बताएका छन्। 'शिक्षा ऐन, २०२८ को दफा १२ (७) (छ) मा संस्थागत विद्यालयको शिक्षकलाई पनि नेपाल सरकारले तोकिदिएको तलब स्केल नघटाई तलब दिनुपर्ने भनी उल्लेख गरिएको छ,' उनले बिहीबार सामाजिक सञ्जालमा भनेका छन्, 'यस्तै, काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ६८ मा शिक्षक तथा कर्मचारीको तलब भत्ता, निवृत्तिभरण, उपदानलगायत अन्य सुविधा खाइपाई आएकोमा नघट्ने गरी संघीय शिक्षा कानुनमा तोकिएबमोजिम हुने उल्लेख गरिएको छ।'

> काठमाडौं महानगरपालिकाभित्रका ५०४ मध्ये ६० प्रतिशत संस्थागत विद्यालयले शिक्षक, कर्मचारीलाई शिक्षा ऐन र निर्देशिकाअनुसार तलब सुविधा नदिएको महानगरको प्रारम्भिक तथ्यांक, शुक्रबार विभागको टोली अनुगमनमा जाँदै

सोहीअनुसार महानगरपालिकाका सामुदायिक विद्यालयका शिक्षकले प्राप्त गर्ने तलब सुविधा संस्थागत विद्यालयका शिक्षकलाई पनि प्राप्त गराउन प्रमुख साहले निर्देशन दिए। सूचना जारी गरिसकेपछि पनि संस्थागत विद्यालयले कम तलब सुविधा दिएको गुनासो आए कारबाही गर्ने मेयर साहको भनाइ छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६५०-०१-९७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंजमा सा.फ.द.नं. १६/२४२/०७०/०७१, अन्तर्गत मिति २०७०/०८/२१ मा साझेदारी ऐन, २०२० तथा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ स्थित **असल इट्टा उद्योग** **साझेदार तथा जमानीकर्ता: १) वसन्ती शाह, २) विष्णु शाह**

धितोको विवरण

१) प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंजमा सा.फ.द.नं. १६/२४२/०७०/०७१, अन्तर्गत मिति २०७०/०८/२१ मा साझेदारी ऐन, २०२० तथा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ स्थित असल इट्टा उद्योगको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १९, ६०, १३८ र १४९ को क्षेत्रफल क्रमशः ३६२०.००, ४१००.००, ६७७.२६ र ११८५.२० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) विर बहादुर शाहको नाती, टिकाध्वज शाहको छोरा, रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने प्रेम बहादुर शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रम्भेना गा.वि.स. वडा नं. ९क (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७५, ४७५ र ३७६ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१७-०-० र ०-१०-०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) ललित जंगा शाहकी छोरी, प्रेम बहादुर शाहकी बुहारी, विष्णु शाहकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने वसन्ती शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रम्भेना गा.वि.स. वडा नं. २४४ (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०९०, १२८४ र १३३६ को क्षेत्रफल क्रमशः ०-२-७.५-०, ०-७-१५-० र ०-४-९-० (विघा) को घर/जग्गा तथा बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११०, १४८, १४३, १४४ र १७ को क्षेत्रफल क्रमशः ६७७.२६, ५०७.९४, ३३८.६३, १७१०८.२२ र २२७०.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
४) असल इट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. ३२७५८/०७७/०७८, स्थानीय व्यापार, अन्तर्गत मिति २०७७/०६/१३ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८, टिटिहिरिया स्थित **विद्यान सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: वसन्ती शाह**	**३) वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंगा शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह

धितोको विवरण

१) विर बहादुर शाहको नाती, टिकाध्वज शाहको छोरा, रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने प्रेम बहादुर शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रम्भेना गा.वि.स. वडा नं. ९क (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७५, ४७५ र ३७६ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१७-०-० र ०-१०-०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ललित जंगा शाहकी छोरी, प्रेम बहादुर शाहकी बुहारी, विष्णु शाहकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने वसन्ती शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रम्भेना गा.वि.स. वडा नं. २४४ (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०९०, १२८४ र १३३६ को क्षेत्रफल क्रमशः ०-२-७.५-०, ०-७-१५-० र ०-४-९-० (विघा) को घर/जग्गा तथा बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११०, १४८, १४३, १४४ र १७ को क्षेत्रफल क्रमशः ६७७.२६, ५०७.९४, ३३८.६३, १७१०८.२२ र २२७०.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) विद्यान सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह	**२) बेल कुमारी शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : दिप बहादुर चन्द ससुरा : टिकाध्वज शाह पति : प्रेम बहादुर शाह	**३) प्रेम बहादुर शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह	**४) वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंगा शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

राष्ट्रिय महिला आयोगका पदाधिकारीबीचको कटुता छताछुल्ल

सांसदहरूलाई बोलाएर आफैंले गरेको कार्यक्रममा आरोप-प्रत्यारोप

शिल्पा कर्ण/नयाँ पत्रिका

राष्ट्रिय महिला आयोगले बिहीबार बानेश्वरमा नीतिगत तहमा महिलाको पहुँचसम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो। संघीय महिला सांसद र समितिका सभापतिसँग सुझाव लिन र अन्तर्क्रिया गर्न आयोजित कार्यक्रममा आयोगका सदस्यबीचको तिक्तता सार्वजनिक रूपमै पोखियो।

कार्यक्रममै आयोगकी सदस्य विद्या सिन्हाले आफूमाथि अन्याय भएको भन्दै पटकपटक आक्रोश पोखिन्। सबै सदस्यहरूको हैसियत बराबर भए पनि आफूमाथि विभेद भएको सिन्हाको भनाइ थियो। अर्का सदस्यले समावेशिता तथा नागरिकताका मामिलामा जथाभावी बोल्दै हिँड्दा आफूलाई त्यसको जिम्मेवारी लिन अप्ठ्यारो पर्ने गरेको उनले बताइन्। उनले नामै किटेर आयोगकी अर्की सदस्य कृष्णकुमारी पौडेल खतिवडामाथि विभिन्न आरोप लगाइन्। आयोग आफैं समावेशी नभएको र सदस्यहरूको व्यवहार विभेदकारी रहेको उनको भनाइ थियो। महिला आयोगको अध्यक्षमा कमला पराजुली र सदस्यहरूमा कृष्णकुमारी पौडेल खतिवडा, विद्याकुमारी सिन्हा, जया घिमिरे र सावित्राकुमारी शर्मा सदस्य छन्।

'सदस्य कृष्णकुमारी खतिवडाजी समावेशिताको कुरामा किन मुस्लिम, किन मधेसी आयोग चाहियो भन्नुहुन्छ। म जब आफ्नो ठाउँमा जान्छु के जवाफ दिनु ?' उनले प्रश्न गरिन्, 'के मेरो अन्य सदस्यजस्तो अधिकार छैन ? के म विदेश जान मिल्दैन ? कृष्णजीलाई कसले अधिकार दियो मेरो कार्यक्रम रोक्ने ? सदस्य कृष्णले आफ्नो विदेश भ्रमण रद्द गर्ने, कार्यक्रम गर्न नदिइनेजस्ता गतिविधि गरेको उनको भनाइ थियो। कर्मचारीको व्यवहार पनि सदस्यको पिएजस्तो रहेको आरोप उनले लगाइन्। 'आमाको नामले नागरिकता दिने कुरा उठिरहँदा वैवाहिक अंगीकृत खारेज गर्नुपर्ने आवाज महिला आयोगभित्र उठिरहेको छ। आयोग कस्तो छ सबैले बुझ्नुपर्छ। त्यसैले म आज यहाँ बोल्दै छु,' सिन्हाले थपिन्, 'यहाँ सदस्यलाई न्याय छैन। दूरदराजका महिलाले के न्याय पाउलान् ? आयोगभित्रै यस्तो छ। यो आयोग कसका लागि बनेको हो ? समावेशिताको अवस्था कस्तो छ सबैले थाहा पाउनुपर्छ।'

आयोगभित्रै न्याय छैन, दूरदराजका महिलाले के न्याय पाउलान् ?



● **विद्या सिन्हा**, सदस्य, राष्ट्रिय महिला आयोग

आमाको नामले नागरिकता दिने कुरा उठिरहँदा वैवाहिक अंगीकृत खारेज गर्नुपर्ने आवाज महिला आयोगभित्रै उठिरहेको छ। आयोग कस्तो छ सबैले बुझ्नुपर्छ। त्यसैले म आज यहाँ बोल्दै छु- यहाँ सदस्यलाई त न्याय छैन। दूरदराजका महिलाले के न्याय पाउलान् ? यो आयोग कसका लागि बनेको हो ? समावेशिताको अवस्था कस्तो छ सबैले थाहा पाउनुपर्छ।

उनले झन्डै पाँच मिनेट आफ्नो आक्रोश पोख्दासम्म उपस्थित सांसदहरूले खासै बोलेका थिएनन्। तर, उनको आक्रोश लम्बिँदै जाँदा सांसदहरूले 'हाम्रो कुरा सुन्न बोलाएको कि आयोगले आफ्नो कुरा सुनाउन बोलाएको' भन्दै असन्तुष्टि व्यक्त गरे। हल निकैबेर तनावपूर्ण बन्यो। केहीले सिन्हालाई बोल्न नदिएको र विभेदका कुरा सार्वजनिक हुनुपर्ने भनिरहेका थिए भने केही सांसद आफूहरूको कुरा नसुनेर आयोगका सदस्यले आफ्ना कुरा राख्न समय लिन नहुने भन्दै थिए। आयोगभित्रका कुरा पनि बाहिर आउनुपर्ने केहीको राय थियो भने केहीले भित्रका कुरा भित्रै मिलाउनुपर्ने र आयोगका कामकारबाही निरन्तर रहनुपर्ने बताउँदै थिए।

रुकुम पश्चिमबाट आएकी कौशिला केसीले आयोगले किन काम गर्न नसकेको, महिलाका हकमा कार्यक्रम आयोजना गर्न नसकेको विषय उठ्नुपर्ने भन्दै उठाएकोमा सिन्हालाई धन्यवाद दिएकी थिइन्। सांसद कमला पन्तले आफूहरूको लामो संघर्षपछि महिला आयोग गठन भएको, संघर्षकै बलमा ३३ प्रतिशत सहभागिता सुनिश्चित भएको भन्दै यस्तो झैझगडामा नलाग्न आग्रह गरिन्। 'तपाईंहरूकै बीचमा सहमति छैन भने कसरी हामीलाई नीतिगत तहमा महिला सहभागिताका लागि लबिङ गर्नुहुन्छ ? मिलेर हिँड्न सिक्नुस्,' उनले भनिन्।

अन्त्यमा आयोगकी अध्यक्ष कमला पराजुलीले आफूले यो विषय मिलाउने भन्दै सिन्हालाई नबोल्न पटकपटक आग्रह गरेपछि मात्र उनी चुप लागेकी थिइन्। 'आजको असहज परिस्थितिले म निकै मर्माहत भएकी छु। घरमूलीको नाताले आजको यो किचंगलका लागि मलाई माफ गरिदिनुहोला,' कार्यक्रमको अन्तिममा उनले भनिन्।

सार्वजनिक निकायमा आधा प्रतिनिधित्व होस्

कार्यक्रममा महिला सांसदहरूले स्थानीय तह, कार्यपालिका, व्यवस्थापिका, सुरक्षा संयन्त्रसहितका निकायमा आधा प्रतिनिधित्व हुनुपर्ने माग गरे। ३३ प्रतिशत नभई जनसंख्याका आधारमा राज्यका सबै निकायमा प्रतिनिधित्व हुने गरी संविधान तथा कानुनहरू संशोधन हुनुपर्ने उनीहरूले धारणा राखे।

'हामी दलभित्रै क्रान्ति गर्दौं। समानता भनेको ३३ प्रतिशत हो र ? हामी यही ३३ प्रतिशतमा खुसी भएर आफ्नो दायरा आफैं खुम्च्याउँदै छौं,' राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. तोसिमा कार्कीले भनिन्। सिराहाबाट प्रतिनिधित्व गर्ने एमाले सांसद सम्झना थपलियाले महिलाहरू एकीकृत हुन नसक्ने अवस्थामा रहेको बताइन्। धनुषाबाट प्रतिनिधिसभामा सदस्य रहेकी प्रतीक्षा तिवारीले पनि पार्टी अनुशासनले बाँधिएका कारण महिलाकै सवालमा पनि आफूहरूले आवाज उठाउन नसकेको स्विकारिन्। महिला तथा सामाजिक मामिला समितिकी कार्यवाहक सभापति रहेकी राप्रपा सांसद रोसन कार्कीले महिलाका लागि मात्रै भनेर निर्वाचन क्षेत्र निर्धारण गरियो भने ५० प्रतिशत प्रतिनिधित्व हुने सम्भावना बढेर जाने बताइन्।

उपसभामुख इन्दिरा रानाले महिला सांसदहरू एकीकृत हुनुपर्ने र दलीय आबद्धता तथा पृष्ठभूमिबाट टाढा रहेर महिलाका सवालमा एक हुनुपर्ने बताइन्। आफूलाई कतिपय विषयमा महिला सांसदहरूले इच्छाविपरीत पार्टीका लागि चित्त नबुझेको कुरामा पनि मतदान गरेको, पक्ष लिएको र सहमत नभएको विषयमा पनि पार्टीकै दबाबका कारण असहमति प्रकट गर्नुपरेको गुनासो गर्ने उनले सुनाइन्।

बम पड्काउँदै फिरौती माग्ने गिरोहका तीनजना पक्राउ

भैरहवा/ बम पड्काउँदै फिरौती रकम माग गर्ने गिरोहका तीनजनालाई रुपन्देही प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ। रुपन्देहीको सियारी गाउँपालिका- ४ का २७ वर्षीय अब्दुल हाकिम खान, कोहटीमाई- ३ पर्सियाका २२ वर्षका सुरज लोहार र कोहटीमाई- ४ का सुरज थारूलाई प्रहरीले बिहीबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। उनीहरूलाई रुपन्देहीको विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिए।

उनीहरू तीनैजना रुपन्देहीका विभिन्न स्थानमा बम पड्काउने र फिरौती रकम माग गर्ने आपराधिक कार्यमा संलग्न भएको प्रहरीको दाबी छ। गत मंगलबार पक्राउ परेका उनीहरूलाई अदालतबाट म्याद थप गरी अनुसन्धान गरिएको प्रहरीले जनाएको छ। घटनामा अन्य व्यक्तिहरू पनि संलग्न रहेको आशंका प्रहरीको छ। प्रहरीका अनुसार १ वैशाख ०८० मा उनीहरूले सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेको घरलाई लक्षित गरी पर्खालमा प्रेसरकुकर बम राखेका थिए। उक्त बम स्थानीयको सूचनालगत्तै नेपाली सेनाको टोलीले डिस्पोज गरेको थियो।

यस्तै, १ असारमा व्यवसायी भैरवप्रसाद कलवारको सिद्धार्थनगर- ४ स्थित दाना फ्याक्ट्री गोदामको पर्खालबाहिर पनि प्रेसरकुकर बम विस्फोट गराएका थिए। फिरौती माग गर्ने, तर्साउने उद्देश्यले सिटी हस्पिटल भैरहवानजिकै सडकमा समेत बम विस्फोट गराएको र यी सबै घटनामा तीनैजनाको संलग्नता रहेको तथ्य फेला पारेको प्रहरीको भनाइ छ। उनीहरूबाट दुई थान मोटरसाइकल र पाँच थान मोबाइल प्रहरीले बरामद गरेको जनाएको छ। रुपन्देहीमा सिरियल रूपमा बम भेटिने तथा चोरी बढ्दै जान थालेपछि लुम्बिनी प्रदेश प्रहरी कार्यालय प्रमुख डिआइजी उमेशकुमार जोशी आफैंले सक्रियता बढाएका थिए।

लम्पी स्किनबाट २९ हजार पशुचौपाया संक्रमित

दार्चुला/ 'लम्पी स्किन' रोगबाट दार्चुलामा २९ हजार तीन सय ३० पशुचौपाया संक्रमित भएका छन्। नौवटै स्थानीय तहमा यो रोगको संक्रमण फैलिएको छ। हालसम्म लम्पी स्किनबाट एक हजार चार सय ६९ पशुचौपाया मरेका छन्। भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र दार्चुलाका सूचना अधिकारी खेमराज भट्टका अनुसार जिल्लाभरि यो रोगको संक्रमण फैलिएको छ। लम्पी स्किनबाट बाच्छाबाच्छी, गाई, गोरु र भैंसी बढी प्रभावित भएका छन्। लम्पी स्किनबाट २८ हजार नौ सय ५१ बाच्छाबाच्छी, गाई, गोरु, तीन सय ७९ भैंसी संक्रमित भएका छन्।

हालसम्म एक हजार चार सय ४३ बाच्छाबाच्छी गाईगोरु र २६ वटा भैंसी मरेका छन्। लम्पी स्किनबाट धमाधम पशुचौपाया मर्न थालेपछि किसान चिन्तित बनेका छन्। घरपालुवा पशुमा संक्रमण फैलिएर मर्न थालेपछि पशुपालक किसान चिन्तित बनेका हुन्। भेटेरेनरी अस्पतालका सूचना अधिकारी भट्टले नियन्त्रणका लागि सामान्य औषधोपचार भइरहे पनि नियन्त्रण हुन नसकेको बताए। लम्पी स्किनको औषधि नभएका कारण यो रोगबाट प्रभावित पशुको उपचारमा समस्या भएको उनले बताए।

'पुष्पा : द रुल'मा व्यस्त रश्मिका

रश्मिका मन्दाना अहिले आगामी फिल्म 'पुष्पा : द रुल'को सुटिङमा व्यस्त छिन् । उनले आफ्नो इन्स्टाग्राममार्फत फिल्म सेटको तस्बिर सेयर गरेकी छिन् । अल्लु अर्जुन स्टारर यस फिल्ममा रश्मिकाले श्रीवल्लीको भूमिका निभाउनेछिन् । यसअघि 'पुष्पा'मा पनि उनले यही भूमिका निर्वाह गरेकी थिइन् ।





ब्लाइन्डमा सोनम कपुर

लामो ब्रेकपछि सोनम कपुर चाँडै नै 'ब्लाइन्ड'मा देखिने भएकी छिन् । यस फिल्मलाई सोम मखिजाले निर्देशन गरेका हुन् । सोनमसँगै लुसी आर्देन र शुभम सराफ मुख्य भूमिकामा छन् । ७ जुलाईमा यो फिल्म जिओ सिनेमामार्फत रिलिज हुनेछ ।

दाम्पत्य जीवन सफल बनाउन...

आफ्नो दाम्पत्य जीवन सफल बनाउने चाहना सबैको हुन्छ । तर, विभिन्न कारणले वैवाहिक जीवन खुसी र सुखी हुन नसकेको धेरैको गुनासो सुन्न पाइन्छ । आखिर दाम्पत्य जीवन सफल हुन नसक्नुमा दोष कसको हुन्छ ? श्रीमान्-श्रीमतीबीच कस्ता कुराले समस्या सिर्जना हुन्छ ? दाम्पत्य जीवनलाई सफल बनाउन हरेक दम्पतीले अपनाउनुपर्ने केही उपाय यस्ता छन् :



> मानिसले सबै कुरा गुमाउन सक्छ, तर आत्मसम्मान गुमाउन चाहँदैन । त्यसैले दाम्पत्य जीवन सुखमय बनाउन एक-अर्काप्रति सम्मान गर्नुपर्छ ।

सह-पहिचान

अधिकांशले आफ्नो चाहनाअनुसार मात्र जीवन जिइरहेका हुन्छन् । आफ्नो सहयात्रीको विचार तथा भावना बुझ्ने कोसिस पनि गर्दैनन् । दाम्पत्य जीवनको मुख्य मन्त्र भनेको जीवनसाथीको विचार तथा भावना बुझेर अगाडि बढ्नु हो । पार्टनरको कुरा सुन्नुभन्दा आफ्नो सुनाउन बढी आतुर हुँदा समस्या सिर्जना हुन्छ । यस्तै कारणले पुराना दम्पतीबीच पनि फाटो आइरहेको हुन्छ । अतः एक-अर्काको भावनालाई सही तरिकाले बुझ्न अत्यन्त जरुरी छ ।



विपुला श्रेष्ठ
मनोविज्ञ, होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर

एक-अर्काप्रति सम्मान

पतिपत्नीले एक-अर्काको विचार तथा भावनाको सम्मान वा कदर नगर्दा मनमा गहिरो चोट लाग्न सक्छ । मानिसले सबै कुरा गुमाउन सक्छ, तर आत्मसम्मान गुमाउन चाहँदैन । त्यसैले दाम्पत्य जीवन सुखमय बनाउन एक-अर्काप्रति सम्मान गर्नुपर्छ । धेरै दम्पतीको एउटै गुनासो हुन्छ, 'तिमीले मलाई बुझेनौ ।' त्यसैले एक-अर्काको विचार, भावना र व्यवहारप्रतिको सम्मान गर्नु हो ।

तनाव बुझ्नु

पतिपत्नीबीचको सन्तुलित यात्राविना जीवन पक्कै आनन्ददायी हुँदैन । एक-अर्काको उत्प्रेरणाकै कारण यात्रा सही रूपमा अगाडि बढाउन सकिन्छ । प्रायः जीवनसाथीबीच उत्प्रेरणा जगाउनुभन्दा कमजोरीलाई अघि सारेर होच्याइन्छ । यसो गर्दा उनीहरूबीच ठूलो फाटो आउँछ । पत्नीका हरेक कार्यमा पतिले सघाउने र पतिका कार्यमा पनि पत्नीले सहयोग पुऱ्याउनुपर्छ । एकले अर्काको तनावलाई बुझी व्यवस्थापनमा सहयोग गर्नुपर्छ ।

सम्बन्धलाई अर्थपूर्ण बनाउनु

प्रत्येक पति-पत्नी आफ्नो सम्बन्ध विशेष होस् भन्ने चाहन्छन् । कतिले समाजमै चर्चा होस् भन्ने पनि चाहन्छन् । यसका लागि श्रीमान्-श्रीमती सामाजिक कार्यक्रममा सँगै भाग लिने गर्नुपर्छ । कतिपय पत्नी पतिसँगै जान्छु भन्दा पनि साथै लैजान पतिले हिच्किचाउँछन् । दुवैजना सामाजिक कार्यक्रममा सँगै गएर योगदान पुऱ्याउँदा अपूर्व सन्तुष्टि मिल्छ । जसले गर्दा दाम्पत्य जीवन रोचक एवं अर्थपूर्ण बनाउन सकिन्छ ।

प्रेम, श्रद्धा र क्षमा

प्रेम यस्तो औषधि हो, जसले शरीर, मन र भावनाको समस्यालाई पनि निको पार्छ । 'प्रेम' शब्द हेर्दा छोटो देखिए पनि अत्यन्त गहिरो विषय हो । कतिले प्रेमलाई स्वार्थ, सर्त परिपूर्ति गर्ने माध्यम पनि ठान्दछन् । पतिपत्नीबीच सुमधुर सम्बन्धका लागि प्रेम महत्त्वपूर्ण हुन्छ । एक-अर्काको भावना बुझेर प्रेम गर्दै अघि बढ्नुपर्छ । एक-अर्कामा श्रद्धा गर्ने र कुनै गल्ती भयो भने त्यसलाई ठूलो पारेर पार्टनरलाई दबाउनु हुँदैन । यसले पार्टनरको आत्मविश्वासमा कमी हुन्छ । प्रायः पतिपत्नीको सम्बन्ध एक-अर्कालाई क्षमा गर्न नसकेका कारण भताभुंग भएको पाइएको छ ।

हरेक कुरालाई नवीन रूपमा हेर्नु

एउटै कुरा सधैं दोहोरिँदा दिक्क लाग्नु स्वाभाविकै हो । यो पुरुषमा अलि बढी हुन्छ । धेरैजसो विवाहित पुरुष पत्नीलाई समय धेरै नदिने र सम्बन्ध पुरानो हुँदै जाँदा सम्बन्धमा रुचि कम हुँदै गएको विभिन्न मनोवैज्ञानिक अनुसन्धानमा उल्लेख गरेको पाइन्छ । यसको समाधान भनेको सम्बन्धलाई ताजा राख्नु नै हो । यसका लागि हरेक व्यवहारलाई नवीन रूपमा हेर्ने कलाको विकास गर्नुपर्छ ।

सकारात्मक सोच र गल्ती स्वीकार

हरेक कुरालाई नकारात्मक रूपमा मात्र देख्ने धेरैको बानी हुन्छ । सहयात्रीका हरेक काममा खोट मात्र लगाउने बानीले सम्बन्धमा चिसोपना आउन सक्छ । यस्तो नकारात्मक सोचले घरको वातावरणमा समेत नराम्रो असर पुऱ्याउँछ । पतिपत्नीबीच सामान्य झगडा र मनमुटाव हुनु स्वाभाविक नै हो । तर, एकको गल्तीलाई अर्कोले औंल्याएर सकारात्मक रूपमा बुझाउन सकिन्छ । गल्ती भयो भने स्वीकार गर्न पछि पर्नुहुँदैन ।

दमका रोगीले यी कुरा ख्याल गरौं





डा. खेमराज भुसाल
कन्सल्टेन्ट फिजिसियन
त्रिवि शिक्षण अस्पताल

दमले श्वासप्रश्वासमा अवरोध गर्छ । प्रायः चुरोट बढी खाएकालाई बुढेसकालमा सिओपिडी दम देखिने गर्छ । खानेकुरा पकाउँदा धुवाँले श्वासप्रश्वासमा अवरोध गर्दा पनि सिओपिडी हुन्छ । चुरोट नखानेहरूमा आज्मा नामक दम देखिने गर्छ । धुलो, धुवाँ र बाहिरी वातावरणको असरस्वरूप श्वासनलीका नसाहरू साँघुरो भएर आज्मा हुन्छ । एलर्जी खालको दम सानो उमेरमा पनि हुन सक्छ ।

दम हुनुका कारण धेरै छन् । वंशानुगत कारणले पनि हुन सक्छ । बाल्यकालमा कुनै भाइरल संक्रमणबाट ग्रस्त भएका मानिसमा पनि पछि गएर दम देखिन सक्छ । रोगप्रतिरोधी क्षमता कम भएका मानिसलाई पनि दमले धेरै सताउन सक्छ । उनीहरूको प्रतिरोधी क्षमता दम वा अन्य एलर्जीजन्य रोगसँग लड्नका लागि मजबुत नहुन सक्छ । जसकारण सानो समस्याले पनि चाँडै सताउँछ ।

मुख्य समस्या

- स्याँस्याँ हुने ।
- खोकी लाग्ने, विशेषगरी रातमा ।
- कहिलेकाहीं छाती दुख्ने ।
- ज्वरो आउने ।
- पाकेको खकार आउने ।
- ध्यान दिनुपर्ने कुरा
- धुवाँ, धुलो र चिसोबाट बच्ने ।
- निमोनियाको भ्याक्सिन हरेक पाँच-पाँच वर्षमा र इन्फ्लुइन्जाको भ्याक्सिन (खोप) हरेक वर्ष लगाउने ।
- धूम्रपान नगर्ने ।
- धुवाँमा बसेर पकाउन कम गर्ने । पकाउनैपरेमा खुला स्थान, धुवाँ सजिलै बाहिर जाने स्थानमा बसेर पकाउने । धुवाँरहित चुलोमा बसेर पकाउने ।
- प्रोटिनजन्य खानेकुरा, जस्तै- गेडागुडी, दाल, अन्डा, बोसो नभएको मासु खाने । दीर्घरोगीहरूलाई प्रोटिनजन्य खानेकुराले इन्फेक्सनबाट लड्न मद्दत पुऱ्याउँछ ।

मोबाइल चोरी भएमा...



- डिजिटल भुक्तानीको अहिलेको समयमा स्मार्टफोनको सुरक्षा निकै महत्त्वपूर्ण हुन्छ । मोबाइल फोन चोरी भएमा सतर्क रहनुपर्छ । किनकि, चोरले तपाईंको बैंक डिटेल्स लिन सक्छ । र, त्यहींबाट पैसा चोरी गर्न सक्छ । त्यसैले आफ्नो फोनमा रहेका डाटाको गलत प्रयोग नहोस् भन्नका लागि केही कुरामा सतर्क हुन जरुरी छ ।
- फोन हराउनासाथ आफ्नो नम्बर दुरुपयोग नहोस् भन्नेमा सतर्क रहनुपर्छ । त्यसका लागि तत्कालै सिमकार्ड ब्लक गर्नुपर्छ ।
- फोन हराइसकेपछि सम्बन्धित बैंकमा जानकारी दिएर मोबाइल बैंकिङ सेवालाई पनि बन्द गराउनुपर्छ । ई-मेल तथा सामाजिक सञ्जालको पासवर्ड तत्कालै परिवर्तन गर्नुपर्छ ।
- पुलिसमा उजुरी दिनका लागि ढिलाइ गर्नुहुँदैन ।

पुस्तकलाई चिटिक्क राख्न ट्री बुकसेल्फ

अध्ययनका सौखिनहरू पुस्तकलाई राम्ररी सजाएर राख्न चाहन्छन् । कोठा राम्रो देखाउन पनि यसले भूमिका खेलेको हुन्छ । घरमा पाहुना आउँदा म्यागेजिन, पत्रिका वा पुस्तक निकालेर पढ्न पनि सजिलो हुन्छ ।



पुस्तकलाई सजाएर राख्नका लागि बजारमा धेरै डिजाइनका सोकेस र दराजहरू पाइन्छन् । ट्री बुकसेल्फ अहिलेका युवापुस्तामाझ चर्चित डिजाइन हो । यसलाई सानो स्पेसमै पनि राख्न सकिन्छ । त्यस्तै, एक ठाउँबाट अर्को ठाउँमा सार्न पनि सजिलो हुन्छ । यसले क्लासिक लुक्स दिन्छ । ट्री बुकसेल्फनजिकै मनिप्लान्ट राख्नुभयो भने कोठा अझै राम्रो र प्राकृतिक देखिन्छ ।

बजारमा सार्न मिल्ने खालका हल्का ट्री बुकसेल्फ पनि पाइन्छन् । तपाईंले आफ्नो रुचिअनुसार भित्तामै एट्याच गरेर पनि ट्री बुकसेल्फ डिजाइन गर्न सक्नुहुन्छ । यसले किताबको जतन पनि गर्छ, कोठालाई पनि आकर्षक देखाउँछ ।

यसरी गर्नुस् मेकअपमा समय बचत

कुनै पनि समारोहमा जाँदा मानिसहरू मेकअप गर्न रुचाउँछन् । विशेषगरी, महिलाहरू मेकअपका धेरै सौखिन हुन्छन् । तर, समय अभावका कारण कतिपयले चाहेजसरी मेकअप गर्न वा पार्लर धाउन पाइरहेका हुँदैनन् । त्यसैले व्यस्त मानिसले मेकअपका केही प्रडक्ट किनेर राख्नु राम्रो हुन्छ । यी प्रडक्टले छोटो समयमै तपाईंलाई सिम्पल, स्मार्ट र आकर्षक लुक्स दिन्छन् ।



फेसवास : सबैभन्दा पहिले तपाईंको अनुहार फेसवास प्रयोग गरेर मज्जाले अनुस् । एलोबेरा, काँक्रो, गुलाब, नीमलगायत तत्त्वले बनेका फेसवासले तपाईंको छालालाई गहिरोसँग सफा गरेर नरम बनाउँछन् । हरेक स्किन टाइपका लागि यो काम आउन सक्छ ।

मोस्चराइजर : फेसवासपछि फेरि तपाईंको अनुहारलाई नरम बनाउन जरुरी हुन्छ । यसका लागि तपाईंले आफूलाई मन परेको मोस्चराइजर प्रयोग गर्न सक्नुहुन्छ । एलोभेरा जेल वा निभियाका लाइट मोस्चराइजर क्रिम पनि राम्रो विकल्प हुन सक्छ । यी प्रडक्टले तपाईंको अनुहारमा लामो समयसम्म मेकअप टिकाउने काम गर्छन् ।

कम्प्याक्ट पाउडर : आफ्नो स्किन टोनअनुसार फाउन्डेसन प्रयोग गर्न सक्नुहुन्छ । अनुहारमा धेरै दाग-धब्बा छ भने कन्सिलरले पनि ढाक्न सकिन्छ । सीधै कम्प्याक्ट पाउडर लगाउँदा पनि हुन्छ ।

आइलाइनर : आइलाइनरको एक स्वाइपले तपाईंको लुक्सलाई राम्रो बनाउने सामर्थ्य राख्छ । आँखामा गाजल पनि लगाउन सक्नुहुन्छ ।

लिपग्लास : लिपस्टिकको साटो लिपग्लास लगाउनु राम्रो हुन्छ । यसले ओठलाई चम्किलो र बोल्ड देखाउँछ । लिपग्लास हल्का र ननस्टिकी हुन्छ । यसले ओठलाई नरम बनाउँछ ।

कुन समयमा कति खाने ?



आरबी बुढाथोकी
सिनियर सु-सेफ
द सोल्टी, काठमाडौं



हामीलाई स्वस्थ र तन्दुरुस्त राख्न खानपानको महत्त्वपूर्ण भूमिका हुन्छ । तर, कुन समयमा कति खाने भन्ने नै धेरैलाई थाहा छैन । स्वस्थ र फिट रहन हाम्रो भोजनमा क्यालोरी, प्रोटिन, कार्बोहाइड्रेड, चिल्लो पदार्थलगायतको मात्रा मिलेको हुनुपर्छ ।

एउटा स्वस्थ मानिसका लागि दैनिक १८ देखि २२ सयसम्म क्यालोरी ऊर्जाका लागि जरुरत पर्छ र यो ऊर्जा खानाबाट पाइन्छ । बेलुकीको दाँजोमा हामीले बिहानको नास्ता र खानामा धेरै परिकार समावेश गर्नुपर्छ, जसले दिउँसोभर ऊर्जा दिन सक्ने क्यालोरी प्राप्त होस् ।

बेलुका शारीरिक कसरत न्यून हुने हुँदा एकदम कम क्यालोरी हुने सादा खाना खाँदा उत्तम मानिन्छ । तसर्थ, एक स्वस्थ र जवान मानिसले बिहानदेखि बेलुकासम्म खाने खानाका चार चरणमध्ये प्रथम चरणमा ७ सय क्यालोरी, दोस्रो चरणमा ६ सय, तेस्रो चरणमा ४ सय र अन्तिम चरण अर्थात् बेलुकाको डिनरमा ३ सय क्यालोरी मात्र समावेश गर्दा हुन्छ । वजन र उमेरअनुसार यसमा फरक पर्न सक्छ ।

के-के खाने ?

सामान्यतया एकपटकको भोजनमा ५ देखि ७ सय ग्रामभन्दा ज्यादा क्यालोरी नलिँदा राम्रो मानिन्छ । पटक-पटक गरेर खाएको खानाले शरीरलाई सहज बनाउँछ । हामीले हरेक दिनको हरेक छाकमा अनिवार्य प्रोटिन, कार्बोहाइड्रेड र चिल्लो पदार्थ समावेश गर्नुपर्छ । यदि हामीले बिहानको खानामा दाल, भात र तरकारी खान्छौं भने त्यसमा पूर्ण रूपमा यी तीन चिज समावेश छन् या छैनन् भन्ने याद गर्नुपर्छ । जस्तै, भात खाँदा कार्बोहाइड्रेड मिल्यो, दाल र तरकारी खाँदा प्रोटिन र भिटामिनसँगै चिल्लो पदार्थ पनि मिल्यो । तर, दाल बाक्लो खानुपऱ्यो र विभिन्न गेडागुडी मिसाएको हुनु जरुरी हुन्छ । त्यस्तै, तरकारी खाँदा पनि भात र दालको वजनबराबर ठ्याक्क आधा प्लेट हुनुपऱ्यो र साथमा केही फलफूल तथा दूधजन्य पदार्थ/अन्डा या मासु हुन जरुरी छ । बिहान जति खानुभयो, बिस्तारै अन्य खाना या खाजामा वजन घटाउँदै जान जरुरी छ । यसरी खुराकको अनुशासनमा बसेर भोजन गर्नुभयो भने तपाईं सधैं स्वस्थ र फुर्तिलो हुनुहुन्छ ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ का प्रावधानहरु पूर्ण रुपमा पालना गर्ने सम्बन्धी जरुरी सूचना

- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ४ बमोजिम सार्वजनिक स्थलहरुमा धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्न पाईदैन । कसैले सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गरेमा ऐनको दफा १७ **बमोजिम कारबाही र सजाय पाउने छन्** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ५ बमोजिम सबै कार्यालय र सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन निषेधको सूचना टाँस गर्नुपर्नेछ । सूचना टाँस नगरेमा ऐनको दफा १७ बमोजिम **पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा १० बमोजिम उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम, इन्टरनेट, ईमेल जस्ता विद्युतिय संचार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाईदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम **एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ**।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउँदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम **दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन)ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि सुर्तीजन्य पदार्थ प्रति आकर्षण हुने गरी बिक्री स्थलमा सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउँदैनन् । यसो गरेमा ऐनको दफा १७ बमोजिम **दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउँदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम **दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजत पत्र लिनुपर्ने छ । इजाजत नलिएमा ऐनको दफा १७ बमोजिम **दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ** ।
- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ६ बमोजिम कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धुम्रपान गर्न पाउँदैन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं

शुक्रबार १५ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

कहाँ छ भ्रष्टाचारको जड ?

लाभको आसक्तिले पद, प्रतिष्ठा, जिम्मेवारी र कर्तव्य भुलेर व्यक्ति नैतिकतामाथि नै सम्झौता गर्न पछि पर्दैन भन्ने दृष्टान्त भुटानी शरणार्थी प्रकरणले दिएको छ



● श्रीप्रसाद प्रसाईं

अग्रलेख

नेपाली जनतालाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा राज्यका उच्च राजनीतिक एवं प्रशासनिक पदाधिकारी संगठित रूपमै संलग्न भएको देखिनु राष्ट्रिय लज्जाको विषय हो । राज्यको उपल्लो तहका जनप्रतिनिधि र प्रशासनिक नेतृत्वबाट आफ्नै नागरिकलाई अनागरिक बनाउने जुन दुष्प्रयास भएको छ, योजस्तो निकृष्ट अपराध सम्भवतः विश्वमै अरू नहोला । लाभको आसक्तिले व्यक्ति पद, प्रतिष्ठा, जिम्मेवारी र कर्तव्यबाट मात्र होइन, नैतिकतामाथि नै सम्झौता गर्न पछि पर्दैन भन्ने दृष्टान्त यस घटनाले दिएको छ ।

अदालतमा पुगिसकेको यस मुद्दाको प्रारम्भिक चरणको प्रक्रिया पूरा भइसकेको छ । 'भिआइपी' अभियुक्तहरू अदालतको आदेशअनुसार पुर्पक्षका लागि जेल पुगिसकेका पनि छन् । तैपनि अन्तिम फैसलासम्मका प्रक्रिया भने बाँकी नै छन् । अन्तिम फैसला नभएसम्म मुद्दाको परिणाम कस्तो होला, अहिले नै भन्न सक्ने अवस्था छैन । तथापि, प्रारम्भिक चरणको निर्णयले कसुरदारको कार्य दण्डनीय भएको संकेत गर्छ । यो प्रकरण सेलाउन नपाउँदै पशुपतिको गर्भगृहमा स्थापना गरिएको सुनको जलहरी काण्डले त आमनेपालीकै शिर झुकाएको छ । यही समयमा शक्तिको प्रभावमा दबाउने उद्देश्यले कसुरदारउपर मुद्दा नचलाई राखिएको ललिता निवास प्रकरणको सरकारी जग्गा घोटाला मुद्दा पुनः सिआइबीले खोतलेको छ । जुन निकै प्रशंसनीय कार्य हो । एकपछि अर्को गर्दै उदांगिएका यी भ्रष्टाचारका घटना विगतमा कसको आड र संरक्षणमा भएका थिए ? त्यो आमनेपालीकै सरोकारको विषय हो ।

शरणार्थी प्रकरणमा मुछिएका एवं मुछिएको आशंका गरिएका केही उच्चपदस्थ व्यक्ति अझै अनुसन्धानको दायरामा आउन बाँकी नै छ । अहिलेसम्मको अनुसन्धानले घटनाको जड उदांग पारिनसकेको अवस्थामा अनुसन्धान यद्यपि अधुरै छ । कसुरदारले औंल्याएका वा पोलेका, घटनामा सम्बद्ध देखिएका, आशंका गरिएका, प्रमाणसँग जोडिएका केही व्यक्ति अझै अनुसन्धानमा तानिइसकेका छैनन् । कसुरदारलाई जोगाउने, संरक्षण गर्ने, अभिप्रेरित गराउने वा प्रोत्साहन दिने वा मतियार बन्ने व्यक्ति पनि कानुनको नजरमा दोषी ठहरिन्छन् । त्यस्ता 'भिआइपी' आरोपीलाई पनि अनुसन्धानको दायरामा तान्नुपर्छ ।

आशंकाको घेरामा परेको मात्र होइन, घटनाकै उत्थान गराउने भनी तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल' र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्यसमेत यस नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका छन् । थापा ओली सरकारका पालामा प्रभावशाली गृहमन्त्री थिए । तत्कालीन गृहमन्त्री थापाकै सुरक्षा सल्लाहकार इन्द्रजित राई र मन्त्री थापाकै छोरा प्रतीक थापासमेत घटनामा संलग्न देखिएका छन् । थापाले नै मन्त्रिस्तरीय निर्णय गरी म्याद समाप्त भइसकेको पुनर्वास प्रक्रियालाई छुटदर्ताका नाममा बदनियतपूर्ण ढंगले छानबिन समिति गठन गरी ब्युँताएका थिए । अनुसन्धानले उजागर गरेको यस तथ्यले तत्कालीन गृहमन्त्री थापाको सो घटनामा संलग्नता थिएन भन्ने अवस्था छैन । प्रहरीले पहिले नै मन्त्री थापालाई अनुसन्धानको दायरामा ल्याउनुपर्थ्यो । तर, अहिलेसम्म पनि प्रहरीले थापालाई अनुसन्धानका लागि बोलाएको या पक्राउ गरेको छैन ।

स्मरण रहोस्, केपी शर्मा ओलीको तत्कालीन मन्त्रिमण्डलका वरिष्ठ सदस्यहरूले नै राज्य प्रशासनलाई अपराधीको कठपुतली बनाएका थिए भन्ने पछिल्लो परिस्थितिले देखाएको छ । ओलीकै कार्यकालमा राजनीतिक व्यक्तिसम्बद्ध अपराध मौलाएको देखिँदै छ । ओलीकै मन्त्रिपरिषद्का प्रभावशाली व्यक्ति एकपछि अर्को गर्दै आपराधिक कार्यमा सरिक भएको आरोप लाग्यो, तर आरोप लागिसकेपछि पनि अनुसन्धानको दायरामा कोही पनि तानिएनन् ।

ओलीकै पालामा नेपाल ट्रस्टका विभिन्न स्थानको जग्गा लिजमा दिने क्रममा उनकै मन्त्रिपरिषद्का सदस्य भ्रष्टाचार आरोपमा मुछिए । उनकै क्याबिनेटका सूचना तथा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा ७० करोडको 'बार्गेनिङ' गरेको अडियो टेप सार्वजनिक भयो । तर, अडियो सार्वजनिक भएपछि बाँस्कोटालाई राजीनामा गराएर थप छानबिन हुन दिइएन । उनी निर्दोष थिए भने राजीनामा गर्न किन लगाइयो ? होइन, दोषी थिए भने किन छानबिन हुन दिइएन ? उनकै मन्त्रिपरिषद् का स्वास्थ्यमन्त्री भानुभक्त ढकाल पनि कोभिड संकटको समयमा स्वास्थ्य सामग्री खरिद प्रकरणमा भ्रष्टाचार गरेको भनेर चर्कै आलोचित भए । पशुपतिको जलहरी प्रकरण पनि त्यतिखेरै घटाइएको घटना हो । तत्कालीन प्रधानमन्त्री ओलीको कार्यकालमा सिंगो राज्य प्रशासन नै आपराधिक गिरोहको पकडमा पऱ्यो । अप्रत्यक्ष रूपमा प्रशासन नै आपराधिक गिरोहबाट सञ्चालित भयो । राजनीतिक अपराध शिखरमा पुग्यो । सर्वसाधारणले कानुनी राज्यको अवाधारणाबाटै वञ्चित बन्नुपऱ्यो । यस्ता अनेकौं आरोप लागे । कतिपय आरोप सतही र पूर्वाग्रही पनि नहोलान् भन्न त सकिन्न । तर, अधिकांश आरोपमा सत्यता हुन पनि सक्छ । त्यसैले, त्यस्ता आरोप लागिसकेपछि निष्पक्ष छानबिन गरी तिनलाई टुंगोमा पुग्न दिनुपर्थ्यो । तर, राजनीतिक नेतृत्वकै इसारामा त्यस्ता मुद्दालाई बीचमै रोक्ने काम भयो ।

> प्रहरीले अधुरै रहेको भुटानी शरणार्थी प्रकरणको दोस्रो चरणको अनुसन्धान सशक्त ढंगले अगाडि बढाएर यसका प्रत्येक छिद्र केलाउन सक्यो भने यस्ता गम्भीर राज्यविरुद्धको अपराधको संरक्षक को हो भन्ने पहिचान हुन्छ । यति गर्न सकियो भने मुलुकमा कोही कसैमाथि कानुनी विभेद हुँदैन भन्ने तथ्य प्रमाणित हुन्छ ।

उल्लिखित आपराधिक प्रकरणमा देखिएको मौनताले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली स्वयंलाई नै आलोचित बनाएको सर्वविदितै छ । यसैले मन्त्री रामबहादुर थापा र ओलीका स्वकीय सचिव राजेश बज्राचार्यलगायतमाथि अनुसन्धान गरिनु स्वयं केपी शर्मा ओलीका लागि पनि आवश्यक छ । दोषी छन् भने उनीहरूले कानुनतः सजाय पाउनैपर्छ । होइन, उनीहरू निर्दोष छन् भने छानबिनपछि 'क्लिन चिट'को अवसर सबैले पाउनुपर्छ । किनकि, अनुसन्धानमा तानिनु नै कसुरदार प्रमाणित हुनु होइन, जनताको नजरमा क्लिन चिट लिनु पनि हो । ओली यसो गर्न अग्रसर बने उनी जनताको नजरमा अझै लोकप्रिय बन्ने निश्चित छ ।

उल्लिखित आरोपी सबैलाई अनुसन्धानको दायरामा किन ल्याइएन ? यो सर्वसाधारण सबैको प्रश्न हो । राज्य प्रशासन प्रभावशाली नेताकै इसारामा चल्दै आएको करिब एक दशक भइसकेको छ । नेता प्रभावित विकृतिले प्रशासनलाई दलीय गुट र उपगुटमै विखण्डित गराएको छ । समूहगत प्रशासन जनतासँग भन्दा नेतासँग नजिक हुँदा नागरिकहरू मर्कामा पर्दै आएका छन् । छिटोछरितो सेवाका निम्ति पनि जनताले नेता र बिचौलियाकै पछि लाग्नुपर्ने अवस्था छ । नेता र बिचौलिया लाभबेगर सेवाग्राहीको पछि लाग्दैनन् ।

राज्य प्रशासन स्वतन्त्र, स्वच्छ र तटस्थ छैन । नक्कली शरणार्थी प्रकरणले जड पहिल्याउन नसक्नुको कारण पनि सत्ता र शक्तिकै प्रभाव हो । राज्यको प्रमुख प्रभावशाली निकाय प्रहरीलाई शीर्ष तह नेतृत्वले खेलौना बनाउँदै आएका छन् । यही पृष्ठभूमि, आड र संरक्षणमा प्रहरी अधिकारी नै आस्थाका आधारमा नेतृत्वको पछि लाग्ने प्रवृत्ति बढ्दै गएको छ । यसैबीच उत्पन्न स्वार्थको प्रतिस्पर्धाले प्रहरीका कार्य नै प्रभावित बन्दै छन् । प्रहरी अनुसन्धानलाई नजरियामै सीमित राख्ने वा जडसम्म पुऱ्याउने ? भन्ने प्रश्न नै प्रहरीको स्वार्थमा रुमल्लिएको छ । यदि प्रहरीले राजनीतिक प्रभाव र निजी स्वार्थमा नभुली अनुसन्धान गर्ने हो भने हरेक घटनाको जड उजागर गर्ने क्षमता नेपाल प्रहरीसँग छ ।

गृहमन्त्री भएकै वेला रामबहादुर थापाले अपराधमा संलग्न कसुरदारलाई शक्ति, प्रभाव र पहुँचका आधारमा ठूलो र सानो माछाले सम्बोधन गरेका थिए । थापाले सामान्य कसुरदारलाई सानो र राजनीतिक कसुरदारलाई ठूलो माछा भनी संकेत गर्नुको तात्पर्य पनि आफैंमा विभेदित थियो । सर्वसाधारण नागरिकको नजरमा अहिले तिनै थापा नै 'ठूलो माछा' बनेका छन् । उनलाई प्रहरीले अनुसन्धानको दायरामा ल्याएन । सामान्य बल्छीकै भरमा ठूलो माछा समाउन सकिँदैन । ठूलो माछाका लागि कि त मजबुत पासो नै थाप्नुपर्छ, कि माछा बस्ने कुरभित्रै छिर्नुपर्छ । ठूलो माछाले पासो नै लिएर उम्किन पनि सक्छ । यसैले रामबहादुर थापा र राजेश बज्राचार्य मात्र होइन, उल्लिखित सबै राष्ट्रघाती अपराधमा संलग्न हुने वरिष्ठ नेतालाई नै संरक्षण गर्ने शक्तिशाली व्यक्ति को हो ? तथ्य उजागर गरी प्रहरीले अनुसन्धानलाई पूर्णता दिएर आमनागरिकको कुतूहल मेटाउन सक्नुपर्छ ।

आशंका, आक्षेप र पोलिएकै भरमा सबै व्यक्ति कसुरदार प्रमाणित हुँदैनन् । संगठित राजनीतिक अपराधबाट सर्वसाधारण नागरिक अहिले आक्रान्त बनेका छन् । प्रहरीले अधुरै रहेको भुटानी शरणार्थी प्रकरणको अनुसन्धान अबको दोस्रो चरणमा अझ सशक्त ढंगले अगाडि बढाउनुपर्छ । प्रहरी अनुसन्धानले यस घटनाका अलाबा अन्य घटनासँग सम्बद्ध सबै छिद्र केलाउन सक्यो भने मात्र यसको संरक्षक को हो भन्ने पहिचान हुन्छ । यसो गरिए मुलुकमा कोही कसैउपर कानुनी विभेद हुँदैन भन्ने तथ्य प्रमाणित हुन्छ । अरोपित मात्र होइन, निजी स्वार्थमा राज्यलाई नै ठग्न अग्रसर हुने शरणार्थी प्रकरणका जाहेरवाला सबै नै कानुनको नजरमा दोषी भएकाले उनीहरूलाई पनि प्रहरीले अनुसन्धानको दायरामा ल्याउनुपर्छ । यो नेपाल प्रहरीको विगतमा धमिलिएको छवि उजिल्याउने सुनौलो अवसर पनि हो । यो अधिकार प्रहरीलाई कानुनले नै दिएको छ, नेतृत्वले दिइरहनुपर्दैन ।

(प्रसाईं नेपाल प्रहरीका अवकाशप्राप्त डिएसपी हुन्)

३ प्रश्न

राजनीतिक विश्लेषक **विजयकान्त कर्ण**लाई



प्राध्यापक, विद्यार्थी र कर्मचारीको भ्रातृ संस्था बनाउनु हुँदैन भन्ने आवाज नेताले नै उठाउनुलाई कसरी हेर्नुभएको छ ?

राजनीति, प्राध्यापक र विद्यार्थीको सम्बन्ध धेरै पुरानो हो । विद्यार्थी र मजदुर युनियन नै कांग्रेस र कम्युनिस्टका सबैभन्दा ठूला शक्ति बन्दै आएका छन् । राजनीतिक परिवर्तनमा यस वर्गको ठूलो महत्त्व रहेको छ । ठूला आन्दोलनमा परिवर्तनका वाहक यिनै भए । नेपालको राजनीतिमा धेरै नेता शिक्षक र विद्यार्थी पृष्ठभूमिबाटै आएका छन् । यस वर्गको सदुपयोग गर्न नजानेका कारण अहिले नेताहरूबाट यस्ता आवाज उठेको हो । तर, यसबाट राम्रो बहस भने सुरु भएको छ ।

प्राध्यापक, शिक्षक र विद्यार्थीलाई राजनीतिबाट अलग गर्न सम्भव छ ?

कर्मचारीलाई राजनीति गर्नबाट रोक्न नसकेका नेता र दलले विद्यार्थी र शिक्षकलाई कसरी रोक्लान् र ? यो सम्भव हुँदैन । यो राति आठ बजेसम्म भट्टी खोल्दा जँड्याहा बढे भनेर रेस्टुरेन्ट बन्द गर्ने चेष्टाजस्तो शतप्रतिशत सम्भव नहुने विषय हो । दलहरूले यिनीहरूको भूमिकालाई सदुपयोग गर्न सक्नुपर्छ । मेरिट, क्यापासिटी र सिनियारिटीका आधारमा प्राज्ञिक नियुक्ति गर्ने र विद्यार्थीलाई नेतैपिच्छेका गुट बनाउन नदिने हो भने समस्या हुँदैन ।

यो सार्वजनिक खपतका लागि मात्रै नेताहरूले बोलेका हुन् त ?

नेपालको अहिलेकै अबस्थामा यो सम्भव छैन । शिक्षक नियुक्तिमा राजनीति यसको परिणाम हो । ०४७ पछि पार्टीका मान्छेलाई भिसी र रेक्टर बनाउने चलन सुरु भयो । अहिले जोजो उफ्रिरहेका छन्, तिनीहरू नै बिस्तारै यस्ता भ्रातृ संस्था बनाउन लाग्नेछन् ।

प्रेरक प्रसंग

आफ्नो कमाइको तेल

चाणक्य नीतिशास्त्रका लागि विख्यात थिए । उनको गुणगान सुनेर एकपटक एक चिनियाँ दार्शनिक भेटघाटका लागि चाणक्यको घर पुगे । उनी पुग्दा अँध्यारो भइसकेको थियो । जब उनी चाणक्यको कोठामा प्रवेश गरे, उनले एउटा उज्यालो दियोको अगाडि बसेर केही लेखनमा व्यस्त चाणक्यलाई देखे । चाणक्यले ढोकामा आइपुगेका आगन्तुकलाई देखेपछि मुस्कुराउँदै भित्र आएर बस्न संकेत गरे । छिटोछिटो आफ्नो लेखनलाई पूर्णता दिएर उनले जुन दियोको उज्यालोमा लेख्दै थिए, त्यो निभाए र अर्कै दियो सल्काएर चिनियाँ दार्शनिकसित कुराकानी गर्न थाले । चाणक्यले एउटा दियो निभाएर अर्को सल्काएको देख्दा चिनियाँ दार्शनिक छक्क परे । उनले सायद भारतमा यस्तै चलन होला भन्ने सोचे । तर, आफ्नो मनको खसखस थाम्न नसकेर उनले सोधे- महाशय, म आउँदासम्म जुन दियोको उज्यालोमा लेख्दै हुनुहुन्थ्यो,



त्यो निभाएर अर्कै दियो सल्काएर मसित कुराकानी गर्न बस्नुभयो । तर, दुवै दियो उस्तै देखिन्छन् । के भारतमा आगन्तुक आउँदा नयाँ दियो सल्काउने चलन छ हो ? चिनियाँ दार्शनिकको प्रश्न सुनेर चाणक्य मुस्कुराए र उत्तर दिए- होइन महाशय, यस्तो कुनै चलन छैन हाम्रो देशमा । जब तपाईं मेरो घरमा प्रवेश गर्नुभयो, त्यतिखेर म राज्यको काम गरिरहेको थिएँ । त्यसैले मैले त्यो दियो सल्काइरहेको थिएँ, जसमा राज्यकोषको धनबाट तेल हालिएको थियो । तर, अब म तपाईंसित कुराकानी गर्दै छु । यो मेरो व्यक्तिगत भेटघाट हो । त्यसैले, म त्यो दियो बालिरहन सक्दिनँ, जसमा राज्यकोषको धनबाट तेल हालिएको छ । यस्तो गर्नु राज्यकोषको दुरुपयोग हो । त्यसैले, यतिखेर मैले यो आफ्नै कमाइबाट तेल हालिएको दियो सल्काएको हुँ । चाणक्यको भनाइबाट चिनियाँ दार्शनिक निकै प्रभावित भए । उनले झुकेर चाणक्यप्रति सम्मान दर्साए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

असारे विकासको तीव्र दौड

हामीकहाँ हरेक वर्ष जब असार आउँछ, तब मात्र हतारमा बजेट खर्च गर्ने अपसंस्कृति मौलाउँछ । वर्षादनमा ११ महिनासम्म निदाइरहने र असार लागेपछि असारे झरीमा रातारात विकास बजेट बगाउने गलत चलन कहिलेसम्म अँगालिरहने ? के अरू महिनामा फुर्सदले विकास निर्माणका काम गर्न सकियो भने राम्रो काम हुन सक्दैन ? के हरेक वर्ष विकास बजेट सक्न असार नै कुर्नुपर्ने हो ? के असारअघि बजेट खर्च गर्न मिल्दैन ? त्यही विकास निर्माणको काम असारमा पुऱ्याउन नपरोस् र समयमै ठेक्का लगाउन सजिलो होस् भनेर जेठ १५ मा बजेट ल्याउने र असारभित्रै बजेट पास गरिसक्ने कानुनी व्यवस्था गरिएको होइन र ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

'हिट लिस्ट'माथि छानबिन गर

'दुई पूर्वमन्त्रीसहित अधिकृतमाथिका ३९ जना सिआइबीको 'हिट लिस्ट'मा शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । नेपालमा माथिल्लो तहका कर्मचारी र नेतालाई कसैले छुन सक्दैन, उनीहरूले जे चाहन्छन्, त्यही गर्न सक्छन् या पाउँछन् भन्ने गलत भाष्य स्थापित हुँदै गएको समयमा सिआइबीले तयार गरेको हिट लिस्टमा परेका भिआइपी या माथिल्लो तहका राजनीतिक नेता र प्रशासकलाई तत्काल पक्राउ गरेर निष्पक्ष छानबिन गर्न ढिलो गर्नु हुँदैन । सिआइबी नेतृत्वले यसबारे तत्काल कदम चालोस् ।

● **अमृता मोक्तान**
सुकेधारा, काठमाडौं

सडकमा रोपाइँको रमाइलो !

महेन्द्रनगरका व्यवसायीले सडकमै धान रोपेको समाचार पढियो । उनीहरूले खेतीका लागि नभई यो विरोधका लागि रोपेका हुन् । यसले तीनै तहका सरकारको मुखमा दरिलो थप्पड हिर्काएको छ । देशमा तीन तहका सरकार र हजारौं जनप्रतिनिधि छन् । तर, कसैले पनि यस्ता सडकप्रति चासो दिएको देखिन्न । यो समस्या महेन्द्रनगरको मात्र होइन, राजधानी काठमाडौंमै पनि कैयौंपटक जनताले सडकमै धान रोपेका छन् । यसरी सडकमा रोपाइँको रमाइलो कहिलेसम्म हेरिरहनुपर्ने हो सरकार ?

● **सुमन केसी**
कालिकास्थान, काठमाडौं

'अटोपाइलट'मा चलेको देश

नेपालको इतिहासमा एकदमै ठूलो, संसारलाई नै चकित बनाउने, प्रभावकारी कामजस्तै नेपाल एकीकरण, राणाशासन, कोतपर्व, माओवादी गृहयुद्ध, राजतन्त्रको अन्त्य आदि भएका छन् । तर, देशमा गणतन्त्र आइसकेपछि भने इतिहासमा सम्झनलायक, देशको मुहार बदल्ने केही काम भएको छैन भन्दा फरक पर्दैन ।

अहिलेको गणतन्त्रमा हामी भाषण गर्छौं, चुनाव लड्छौं, विरोध गर्छौं, अनशन बस्छौं, जनतालाई आशा देखाइन्छ । हामीले गर्न त धेरै गर्छौं तर केही ठोस टुंगोमा पुग्ने गरी केही गरेका छैनौं । कायपलट नै गर्न सकिने अवसर धेरै थिए, तर हामीले उपयोग गर्न भने सकेनौं । किनकि आन्दोलन, हड्ताल, सबै किसिमका गतिविधि भए, तर ती सबै केही स्वार्थका लागि भए, परिवर्तनका लागि भएनन् ।

त्यसैले केही राजनीतिक व्यक्तिबाहेकका नेपालीले राजनीतिक परिवर्तनमा रुचि राख्न छाडेका छन् । कुनै पार्टी सत्तामा पुग्छ, मन्त्रिमण्डल गठन हुन्छ, आन्दोलन हुन्छ, चुनाव हुन्छ, कुनै घटना घट्छ, केही दिन माहोल तात्छ र केही दिनमै सेलाउँछ ।

देश गणतान्त्रिक पद्धतिमा हिँडे पनि कुनै निश्चित परिवर्तनका सिद्धान्त बोकेर हिँडेको अवस्था छैन । सबै राजनीतिक पार्टीहरू आआफ्ना स्वार्थमा लिप्त छन् । नेतृत्व तह त्यति बलियो छैन । जुन तन्त्र आए पनि देश येनकेन प्रकारेण चलेकै छ । त्यसैले, म भन्छु, नेपाल 'अटोपाइलट'मा चलेको देश हो ।

● **दीपेन्द्र घिसिङ तामाङ**, गैरीमुदी, दोलखा
dipendratamanghappyfine@gmail.com

विज्ञान अब्बल र मानविकी दोयम दर्जाको हो ?

यदि मानविकी विधा लोककल्याणसँग सम्बन्धित हो भने यी विधामा काम गर्नेलाई उचित पारिश्रमिक उपलब्ध गराउने जिम्मा राज्यको हो

देश/विदेश

प्रायः सबै मुलुकमा गणित विषय हाउगुजी बनेकै हुन्छ । यदि यस विषयमा पोख्त हुनुहुन्छ भने तपाईं स्मार्ट कहलिनुहुन्छ । दोस्रो नम्बरमा फिजिक्स (भौतिक शास्त्र) पर्छ । यी दुईलाई एक ठाउँमा ल्याउने हो भने खगोलशास्त्र बन्छ । यसबाहेकका विषय विधा रकेट साइन्स होइनन्, अर्थात् यिनमा अन्तरिक्षयान प्रक्षेपण गर्नजत्तिको ज्ञानको आवश्यकता पर्दैन ।

यसपछि आउँछ, प्रविधि र कोडिङ । कोडिङ गर्न जान्नुभयो भने तपाईं ज्ञानीहरूको समूहमा अट्ने उच्च नश्लका व्यक्ति बन्नुहुन्छ । हलिउड चलचित्र र नेटफ्लिक्सका 'क्राइम सो'मा यी कोडिङ गर्ने उच्च नश्लका विज्ञहरू कम्प्युटरमा तीव्र गतिमा अजिबोगरिब टाइपिङ गर्छन् र तुरन्तै खलपात्रको ठेगाना पत्ता लगाइदिन्छन् । उल्लिखित विषयले विज्ञानको वैश्विक जात व्यवस्थामा उच्च स्थान ओगट्छन् । त्यसपछि थोरै कम आकर्षक विषयमा केमेस्ट्री (रसायन शास्त्र) र बायोलोजी (जीवशास्त्र) पर्छन् । यी विषयका ज्ञाता गणितज्ञ, भौतिक शास्त्री र प्रविधि विज्ञसामु हरूवा नै ठहरिन्छन् । मुसाको डाइसेक्सन (चिरफार) गर्दा होइन, टिसर्टमा स्नोडिंगरको बिरालोको चित्र हुँदा पो कुल भइन्छ ।

प्राज्ञिक व्यवस्थामा उल्लिखित विषयपछि आउँछन्, बहिष्कृत मानविकी विषय । यदि तपाईंले कलेजमा समाज शास्त्र, इतिहास, राजनीति शास्त्र, दर्शन शास्त्र र हुँदाहुँदा साहित्य विधाको अध्ययन गर्नुभयो भने सारा विश्वले तपाईंलाई काम न काजको ठान्छ । र, तपाईंले यी विषय कलेजमा पढिरहँदा अभिभावकले शुल्क तिरिरहेका छन् र विद्यालयस्तरमा उत्कृष्ट नतिजा हासिल गरेर यी विषय अध्ययन गर्नुभएको हो भने त कुरै नगरौं । तपाईंका परिवार बिरादरीकाले यो पढेर के गर्छस्, कति कमाउँछस् भन्ने प्रश्न गरेर हैरान बनाउँछन् । समस्याको चुरो यहीं छ । प्राकृतिक विज्ञानले हामीलाई मानवीय शरीरलगायत भौतिक वस्तुको निर्माण र पुनर्निर्माण कसरी गर्ने भन्ने सिकाउँछ । मानविकीले हामीलाई कसरी असल, थप परिपूर्ण र सुखी समाज निर्माण गर्ने भन्ने सिकाउँछ । समाजमा प्रकोप बनेको हिंसा, घृणा, लगाव, अवसाद आदिलाई मानव समाजले कसरी काम गर्छ भन्ने बुझेपछि मात्रै सम्बोधन गर्न सकिन्छ । सबै भौतिक आवश्यकता पूरा भएका राष्ट्रमा पनि मानविकीको अवमूल्यन गर्दा त्यहाँका समाजमा समस्या निम्तिएका छन् ।

भौतिक आवश्यकतालाई प्राकृतिक विज्ञानसँग सम्बन्धित विधा स्टेमको प्रविधिले पूर्ति गर्छ । यी आवश्यकताको व्यापारसमेत हुन सक्छ । मानविकीको छातामुनि आउने विधाले सामाजिक कल्याणको सिर्जना गर्छ, जसको कुनै मोल छैन र विनिमय सम्भव छैन । यसमा अर्थशास्त्र मात्रै एक अपवाद हो, जसले विनिमयको प्रक्रियालाई हेर्छ । यसकारण अर्थशास्त्रबाहेकका मानविकी विषय पढेकाले राम्रो तलब भएको रोजगारी पाउँदैनन् । हाम्रो उपभोक्तावादी समाजमा स्वभावतः कमाइ सिर्जना हुने विषयमा उच्च प्रतिभा आकर्षित हुने गर्छन् । यदि मानविकी विधा लोककल्याणसँग सम्बन्धित हो भने यी विधामा काम गर्नेलाई उचित पारिश्रमिक उपलब्ध गराउने जिम्मा राज्यको हो । विश्वविद्यालयमा मानविकी संकायमा विद्यार्थीलाई आकर्षित गर्ने यो एक महत्त्वपूर्ण सर्त हो । तर, यसका लागि सरकारी नीति तय गर्नेले नै लोककल्याणको कदर गर्नुपर्छ । खुला बजारमा आधारित समाजले सुख, सामाजिक सम्बन्ध र मानव कल्याणको मूल्यमा उपभोक्तावाद र भौतिक उत्पादनलाई विशेषाधिकार दिन्छन् । तसर्थ, यस्ता समाज अर्थात् विश्वका प्रायः सबै समाजमा हामीलाई वास्तविक रूपमा मानिस बनाउने विषयले खासै महत्त्व पाएको छैन । बजार मात्रात्मक छ, यसले वस्तुलाई मुद्रासँग विनिमय गर्छ । बजारले सबै विषयवस्तुलाई मात्रामा परिवर्तन गर्छ, ताकि तिनमा मूल्य तोक्न सकियोस् । बजारको यो मान्यता विज्ञान विधाअनुकूल हुन पुग्छ, किनभने विज्ञान मात्रा र तथ्यांकीय सम्भाव्यतामा आधारित हुने गर्छ ।



तस्बिर : गेटी इमेजेस

उच्च सामाजिक सिद्धान्त प्राकृतिक विज्ञानजत्तिकै जटिल छन् । यी सिद्धान्तलाई ग्रहण गर्न विश्लेषणात्मक दिमाग आवश्यक हुन्छ, अर्थात् त्यस्तो दिमाग, जसले जटिल सम्बन्ध र अस्वाभाविक अवधारणागत संरचनालाई ग्रहण गर्छ । मानविकीको मेरुदण्ड रहेको उन्नत सामाजिक सिद्धान्तका लागि स्वाभाविकतालाई अस्वीकार गर्न सक्नुपर्छ र अनुभव गर्न नसकिने विषयलाई उजागर गर्नुपर्छ । तर, अहिले मानविकीले पनि मात्रात्मकताको मूल्यलाई गणना गर्न थालेको छ । गुणात्मक अध्ययन र सिद्धान्तलाई सर्वेक्षण र हिसाबले प्रतिस्थापन गरेको छ । मानविकी विधाको मात्राकरणले समाज विज्ञानको मर्मलाई नै मारिरहेको छ । यही मात्राकरणका कारण मानविकी विषय सजिलो बन्न पुग्छ र विज्ञान विषयमा संज्ञानात्मक क्षमता बढी हुने भाष्य बन्छ ।

विज्ञान विषयप्रतिको यो अनुरागले महिलाले विज्ञान अध्ययन गर्न सक्दैनन् भन्ने भाष्य पनि बनेको छ । केही जीववैज्ञानिकले महिलामा 'समानुभूतियुक्त' दिमाग हुने र पुरुषमा 'व्यवस्थित' दिमाग हुने तर्क गरेका छन् । यही तर्कका आधारमा हामीलाई महिलाले विज्ञान सम्बन्धित विषयमा राम्रो गर्दैनन् भन्ने पारेको छ । यो तथाकथित 'वैज्ञानिक' परिकल्पनालाई प्रमाणित गर्न एक ठूलो अध्ययनलाई प्रायः उद्धृत गरिन्छ । यो अध्ययनले लैंगिक समानता भएका स्कान्डिनेभियन मुलुकमा पनि कलेजमा थोरै महिलाले मात्रै स्टेमको अध्ययन गर्छन् भन्ने देखाएको छ । यो अवस्थालाई नारीवादी चिन्ताको विषयका रूपमा लिन्छन् भने नारीवादको विरोध गर्ने पुरुषलाई महिला र पुरुषबीचको आधारभूत दिमागी भिन्नताका रूपमा पेस गर्छन् ।

तर यो अध्ययन उद्धृत गरिँदा त्यही स्कान्डिनेभियन मुलुकका विद्यालयस्तरमा बालिकाले स्टेममा बालकभन्दा राम्रो प्रदर्शन गर्छन् । र, यिनै बालिकाले स्टेमको तुलनामा समाज विज्ञानमा थप राम्रो प्रदर्शन पनि गर्छन् । यस अवस्थामा हामी यदि यो रकेट-साइन्स होइन भन्छौं भने हामीले रकेट साइन्सभन्दा थप जटिल र अप्ठ्यारो विषयलाई ईगित गरेका हौं भन्ने अर्थ लाग्छ ।

(आउटलुक इन्डियाका लागि नयनताराको आलेख)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

तीव्र रूपमा बढ्न थाल्यो भोकमरी

सन् २०२१ मा विश्वका करिब दुई अर्ब ३० करोडभन्दा बढी मानिसले वर्षभर खाद्यान्न पाउन सकेनन्, जुन सन् २०१४ को भन्दा झन्डै दोब्बर बढी हो

© Project Syndicate
र नयाँ पत्रिकाको सहकार्य



● क्यारोलिन डेलगादो

(डेलगादो स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युटको खाद्य, शान्ति एवं सुरक्षा कार्यक्रमकी निर्देशक हुन्)

सन् २०२१ मा विश्वको करिब ३० प्रतिशत जनसंख्या अर्थात् दुई अर्ब ३० करोडभन्दा बढीले वर्षभर पर्याप्त खाद्यान्न पाउन सकेनन् भने १२ प्रतिशतले गम्भीर खाद्य असुरक्षाको सामना गर्नुपऱ्यो । यसको अर्थ उनीहरूले कैयौं दिन भोकै गुजार्नुपऱ्यो । सन् २०१४ यता यो श्रेणीमा पर्ने मानिसको संख्या झन्डै दोब्बर भएको छ, र यसमा सबैभन्दा बढी वृद्धि सन् २०१९ यता भएको छ । सन् २०२१ मा करिब चार करोड ५० लाख मानिस अनिकालको जोखिममा परेका थिए । र, निःसन्देह यी तथ्यांकमा भौगोलिक असमानता छन्, जस्तो कि उत्तर अमेरिका र युरोपको साढे दुई प्रतिशतको तुलनामा अफ्रिकाका २० प्रतिशतभन्दा बढी जनसंख्याले मध्यम एवं गम्भीर खाद्य असुरक्षाको सामना गर्छन् ।

भोकमरीमा पुनरुत्थानको एउटा प्रमुख कारक विगत केही वर्षयता हिंसात्मक द्वन्द्वमा भइरहेको डरलाग्दो वृद्धि हो । युक्रेनमाथिको रुसी आक्रमणले युद्धक्षेत्रभन्दा हजारौं माइल परसम्म पनि कसरी युद्धले खाद्य प्रणालीलाई असर गर्न सक्छ भन्ने कुरा उजागर गरेको छ । गत वर्ष आक्रमणको तीन महिनाभित्रै युक्रेनको कृषि क्षेत्र (उसको अर्थतन्त्रको मुख्य आधार) ले २.२ अर्ब डलरदेखि ६.४ अर्ब डलरको क्षति व्यहोरेको थियो । अहिले उसका खेतबारी बारुदी सुरुङ र विस्फोट नभएका बमले भरिएका छन् । किसानहरू या त युद्धको अभियानमा सामेल भए, या विस्थापित । आधारभूत सुरक्षाको अभावले उत्पादनलाई अझ कठिन बनायो । फलस्वरूप सन् २०२२ मा युक्रेनको खाद्यान्न उत्पादन ४० प्रतिशतले घट्यो ।

अझ नराम्रो त के भने युक्रेन विश्व बजारमा खाद्यान्नको सबैभन्दा ठूलो आपूर्तिकर्तामध्ये एक भएकाले यो युद्धले विश्वव्यापी रूपमा खाद्य असुरक्षा बढाएको छ । यो समस्याको एउटा पक्ष के छ भने खाद्य प्रणाली बढ्दो रूपमा होमोनाइज्ड हुँदै गएका छन् । गहुँ, मकै र चामलजस्ता तीनवटा मुख्य बालीले विश्वव्यापी रूपमा व्यापार हुने सबै खाद्यान्नको लगभग आधा हिस्सा ओगट्छन् । तिनको उत्पादन मुठीभर तथाकथित ब्रेडबास्केटमा केन्द्रित भएको छ, जसमध्ये एउटा क्षेत्र युक्रेन-रुस हो । सन् २०२१ मा यी दुई देशले अन्तर्राष्ट्रिय खाद्य बजारको लगभग १२ प्रतिशत हिस्सा ओगटेका थिए भने गहुँ र मकैको शीर्ष तीन निर्यातकर्तामा यिनको स्थान



थियो । सन् २०२२ भन्दा पहिले रुस कृषि मलको प्रमुख निर्यातकर्ता पनि थियो ।

युद्धयता यी दुई देशबाट खाद्यान्न, पशु आहार र मलखादको निर्यातमा भारी गिरावट आएको छ, जसले गर्दा विश्व बजारमा मूल्यवृद्धि भएको छ । सन् २०२१ सम्ममा करिब ३३ मुलुक आफ्नो गहुँ आयातको कम्तीमा ३० प्रतिशत हिस्साका लागि रुस र युक्रेनमा निर्भर थिए । यसबाहेक, तीमध्ये २४ मुलुक जारी द्वन्द्व, जलवायु परिवर्तन र अन्य कारणले गर्दा संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमबाट प्राप्त हुने मानवीय खाद्य सहायतामा पनि निर्भर थिए । तर, डब्लुएफपी आफैं गहुँ आपूर्तिको आधा हिस्साका लागि युक्रेनमा निर्भर थियो । युद्धका कारण डब्लुएफपी आफ्नो मानवीय सहायतका गतिविधिमा उल्लेख्य कटौती गर्न बाध्य भएको छ ।

हामीले यी प्रभावको पूर्ण सामाजिक एवं राजनीतिक प्रभाव साक्षात्कार गर्न बाँकी नै छ । तर, केही मामलामा ती गहिरो हुने अनुमान गर्न सकिन्छ । कमजोर एवं विपन्न मुलुकमा खाद्यान्न अभाव हतियारीकरण भएको लामो इतिहास छ । खाद्य पदार्थको उच्च मूल्यले राजनीतिक उथलपुथल वा क्रान्तिलाई पनि प्रेरित गरेको छ (एक दशकअघिको अरब क्षेत्रको वसन्त क्रान्तिलाई नै लिऔं) । खाद्य प्रणाली, खाद्य असुरक्षा र द्वन्द्वको गतिशीलता सबै असंख्य बाह्य कारकप्रति संवेदनशील छन् । उदाहरणका लागि, कोभिड-१९ महामारीले १० करोडभन्दा बढी मानिसलाई चरम गरिबीमा धकेलेको देखिन्छ, जसले उनीहरूको सुरक्षित, पर्याप्त र पोषिलो खानाको सुनिश्चियको क्षमतामा असर पार्नेछ ।

> भोकमरी र हिंसात्मक द्वन्द्व दुवै डरलाग्दो दरमा बढिरहनु संयोग होइन । खाद्य प्रणालीको बढ्दो अन्तर-आबद्धता एवं एकसूत्रीकरण र युद्ध, जलवायु परिवर्तन तथा अन्य मानव निर्मित समस्याका अवरोधकारी दुष्प्रभावले एक-अर्कालाई खतरनाक र दीर्घकालीन रूपमा नै मलजल गरिरहेका छन् ।

यसबाहेक, जलवायु परिवर्तन र अन्य वातावरणीय संकटले खाद्य सुरक्षा र शान्ति दुवैलाई कमजोर बनाएर आगोमा घ्यू थपिरहेका छन् । रुसी आक्रमणले युक्रेनी कृषिलाई धराशयी बनाइरहेको सन् २०२२ मा बाढी, खडेरी र अन्य चरम मौसमी घटनाले विश्वका अन्य धेरै भागमा उत्पादन घटाइरहेको थियो भने विश्व खाद्य बजारमा आघात बढाइरहेको थियो । जसकारण, सन् २०२२ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले विश्वव्यापी खाद्यान्न उत्पादन, मौज्दात र व्यापार तीन वर्षयताकै न्यून स्तरमा झर्ने प्रक्षेपण गऱ्यो ।

चरम मौसमी घटनाको आवृत्ति र तीव्रतामा वृद्धिका साथै, जलवायु परिवर्तनले गर्दा विशेष बाली उब्जने क्षेत्रमा पनि परिवर्तन ल्याइरहेको छ । बढ्दो तापक्रम र अन्य वातावरणीय परिवर्तनका कारण किरा एवं बालीसम्बन्धी रोग अझ सजिलै र व्यापक रूपमा फैलिन थालेको देखिन्छ । मरुभूमीकरण, माटोको क्षयीकरण र एन्टिमाइक्रोबियल प्रतिरोधले खाद्य उत्पादनमा खतरा उत्पन्न गरेका छन् । वातावरणीय संकट र द्वन्द्वबीचको सम्बन्ध बढ्दो रूपमा देखिएको छ, जसमध्ये प्रत्येकले अर्कोलाई बलियो बनाउन र सरकार र अर्थव्यवस्थाका भावी आघात सहने वा रोक्ने क्षमतालाई नष्ट गर्न सक्छ ।

यी अन्तरसम्बन्धित संकटका कारण विश्वको एक प्रतिशतभन्दा बढी जनसंख्या अहिले जबर्जस्ती विस्थापित भएको छ । उनीहरूमध्ये अधिकांश या त अस्थायी शिविरमा पुगेका छन् वा निम्न एवं मध्यम आय भएका देशका नयाँ समुदायमा छरिन पुगेका छन् । सन् २०२१ मा आन्तरिक रूपमा विस्थापित भएका करिब ८२ प्रतिशत र शरणार्थीमध्ये ६७ प्रतिशत खाद्य संकटको चपेटामा परेका देशबाट थिए । यसैगरी त्यस वर्ष ४० प्रतिशत शरणार्थी खाद्य संकटमा रहेका देशमा नै शरण लिन पुगेका थिए ।

बढ्दो खाद्य असुरक्षा, द्वन्द्व र जलवायु परिवर्तनले यी आँकडालाई अझ बढाउनेछन् । सन् २०२२ मा विश्वव्यापी रूपमा विरोध र आन्दोलनको अभूतपूर्व लहर आएकोमा कुनै आश्चर्य छैन । इजिप्ट, लेबनान र ट्युनिसियालगायत रुस र युक्रेनबाट खाद्यान्न आयातमा अत्यधिक निर्भर मुलुक यो युद्धपछि नागरिक अशान्तिको उच्च जोखिममा रहेको आकलन गरिन्छ । थुप्रै देशमा, खाद्य (र ऊर्जा) को मूल्य र अभावका विरोधमा भएका प्रदर्शन ठूलो राष्ट्रिय राजनीतिक संकटमा परिणत भएका छन् । अतिवादी राजनीतिक आन्दोलनले मानिसलाई आकर्षित गर्न यो असन्तुष्टिको फाइदा उठाइरहेको र राजनीतिक स्थिरतालाई थप खतरामा पारिरहेको संकेत मिल्छ ।

सौभाग्यवश, यी सबै विनाशकारी प्रवृत्ति उल्ट्याउन सकिने खालका छन् । हिंसात्मक द्वन्द्व अनिवार्य होइन, यो त छनोट हो । यो हामी सबैलाई सुरक्षित राख्ने मूल्यको सम्मान, कूटनीति र सम्झौताको असफलता हो । यसैगरी, प्राकृतिक विश्वमाथिको दबाबलाई कम गर्ने कुरा पनि हाम्रै वशमा छ । कमजोर समाजलाई वातावरणीय क्षतिका दुष्प्रभावको सामना गर्न मद्दत गर्ने कुरा पनि हाम्रै वशमा छ ।

विश्वव्यापी जनसंख्या बढ्दै जाँदा भोकमरीविरुद्धको लडाइँ जित्न लचिलोपन निर्माण गर्नु आवश्यक हुनेछ । तर, बढ्दो रूपले अन्तरसम्बन्धित र अशान्त हुँदै गएको विश्वमा अर्को संकटको भविष्यवाणी गर्न अझ गाह्रो काम हुँदै छ । आजको द्वन्द्वको अन्त्य गर्न र भविष्यमा त्यस्तो हुन नदिन हामीले जति धेरै काम गर्न सक्छौं, त्यति नै खाद्य असुरक्षालाई पनि सम्बोधन गर्न सक्नेछौं ।

फिनल्यान्डको खुसीको रहस्य

फिनिसहरू आनन्दमा भन्दा सन्तुष्टिमा ध्यान दिने गर्छन् । तिनमा 'हरेक कुरामा केही न केही राम्रो हुन्छ' भन्ने विश्वास पाइन्छ ।



● लुसी पियर्सन

(पियर्सन लेखक हुन्)



जब फिनल्यान्डको लेकल्यान्ड किनारमा 'ह्याप्पिनेस मास्टरक्लास'मा भाग लिन मलाई निमन्त्रणा आयो, मेरा केही साथीले आश्चर्य व्यक्त गरे । लुसीले भनिन्, 'तपाईं मैले चिनेका सबैभन्दा खुसी व्यक्तिमध्ये एक हुनुहुन्छ । फिनल्यान्डबाट के सिक्ने अपेक्षा गर्नुभएको छ ?' उनको प्रश्न सही थियो । मैले सधैं नै निराशावादी व्यक्तिलाई बेवास्ता गर्दै आएको छु । यद्यपि, फिनिसहरू संसारमा सबैभन्दा खुसी मानिसका रूपमा किन लगातार दर्ज भइरहेका छन् भनेर बुझ्न डिजाइन गरिएको चारदिने भ्रमणका लागि म उस्तो सही छनोट भने थिइनँ । तर, एक सदाबहार आशावादीका रूपमा मैले निम्तो सहर्ष स्वीकार गरें ।

हामी बेलायतीसँग खुसीलाई जनाउने लगभग विभिन्न ६० शब्द छन्- आनन्द, परमानन्द, खुसी आदि । हामी यो वर्ष पनि खुसीको शीर्ष २० देशभित्र मात्रै परेका छौं । तसर्थ, शब्दको यो सूची आश्चर्यजनक रूपमा अधिक लाग्छ । लगातार छैटौं वर्ष सबैभन्दा खुसी राष्ट्रको रूपमा दर्ज फिनल्यान्डवासी या त 'ओनेलिनेन (सन्तोषी)' या 'इलोन (प्रसन्न)' हुन् । पछिल्लो शब्द आनन्दित वा प्रसन्नका रूपमा अनूदित हुन्छ । तपाईं छुट्टीमा जाँदै हुनुहुन्छ भने तपाईं प्रसन्न हुनुहुन्छ । अर्कातर्फ, ओनेलिननले चाहिँ यस्तो क्षणभंगुर खुसीको वर्णन गर्नुको सट्टा आफ्नो जीवनसँग सन्तुष्ट रहने अवधारणालाई जनाउँछ ।

सन् २०१२ मा पहिलोपटक 'वर्ल्ड ह्याप्पिनेस रिपोर्ट' सार्वजनिक भएको एक दशकयता डेनमार्क, स्विट्जरल्यान्ड, नर्वे र फिनल्यान्ड गरी चार देशले नै शीर्ष स्थान ओगटेका छन् । रिपोर्ट 'क्यान्ट्रिल ल्याडर' नामक मूल्यांकनमा आधारित छ, जसमा उत्तरदातालाई एकदेखि १० को स्केलमा उनीहरूको वर्तमान जीवनको समग्र खुसीको मूल्यांकन गर्न भनिन्छ । प्रतिवेदनले दयादृष्टि, स्वतन्त्रता र विश्वास (भरोसा)लगायत जनखुसीमा प्रभाव पार्न सक्ने थुप्रै पक्षलाई मिहिन ढंगबाट केलाउँछ ।

यो श्रेणीमा लगातार चौथो वर्ष पनि बेलायत दुई स्थान खस्किँदै १९औं स्थानमा झरेको छ । जीवनयापनको लागत, ब्रेक्जिट सिर्जित राजनीतिक एवं अन्य समस्यालाई हेर्दा यो आश्चर्यजनक पनि होइन । अझ चिन्ताको कुरा त के भने सन् २०२२ को विश्वव्यापी 'ओरेकल ह्याप्पिनेस रिपोर्ट'ले बेलायतका झन्डै आधा (४९ प्रतिशत) नागरिकले दुई वर्षमा साँचो सुखको महसुस नगरेको देखाएको छ । हामी अहिले अमेरिका, इजरायल, न्युजिल्यान्ड र लक्जेम्बर्गभन्दा पछाडि छौं, तर अहिलेका सबैभन्दा कम खुसी देश अफगानिस्तान र लेबननजस्ता देशभन्दा चाहिँ निकै अगाडि छौं । बेलायतमा सन्तुष्टिको निरन्तर ह्रास हाम्रा लागि चिन्ताको विषय हो ।

हामी दुःखी बेलायतीले फिनिसहरूबाट के सिक्न सक्छौं भनेर पत्ता लगाउन, म हेलसिन्कीबाट साढे तीन घन्टाको ड्राइभमा रहेको 'लेक साइमा (साइमा ताल)' गएँ । यो रिसोर्ट फुर्सदिलो पाराले मज्जा लिन डिजाइन गरिएको छ । धुपीसल्लाको मगमगाउँदो वनभित्र बनेका प्रत्येक भिल्लाको आफ्नै साउना छ । सुगन्ध, संगीत र अन्य सामग्री सबै नै इन्द्रियलाई आकर्षित गर्ने गरी र अतिथिहरूको आराममा मद्दत पुग्ने गरी डिजाइन गरिएका छन् । साथीहरूले ठिकै भनेका हुन् 'यहाँ कोही कसरी खुसी नभइरहन सक्छ र ?'

मेरो आरामदायी बसाइले फिनल्यान्डले सबैलाई कसरी खुसी बनाएको छ भन्ने कुरा बुझाइदियो । उनीहरूले धेरै चिज सही पाएकोमा शंका छैन ।

> निःसन्देह, फिनल्यान्डले जिडिपी, समानता, सामाजिक सहयोग, स्वस्थ जीवन तथा आयु, स्वतन्त्रता, उच्च दयालुपन, न्यून भ्रष्टाचारको बलमा विश्वव्यापी खुसी सूचकांकमा राम्रो अंक प्राप्त गर्छ ।

उनीहरूको साउना प्रेम एउटा उदाहरण हो । साउना स्वास्थ्य लाभका लागि परिचित छ । मनलाई शान्त बनाउन यो सानदार हुन्छ । ५५ लाखभन्दा केही मात्रै बढी जनसंख्याका लागि ३० लाख साउनासहित फिनल्यान्डले निश्चित रूपमा यसलाई दैनिक जीवनमा एकीकृत गरेको छ ।

उनीहरू बाहिर प्रकृतिमा समय खर्च गर्न रुचाउँछन् । यो कुरामा म अलि पछाडि नै छु । यो फजुलखर्ची वा महँगो पनि हुँदैन । फिनिसहरूको खुसीमा प्रकृतिसँगको पहुँचको पनि निश्चित रूपमा भूमिका छ । केही अध्ययनले रुखहरूको बीचमा १५ मिनेट मात्र बिताउँदा पनि रक्तचाप कम हुने र शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधार आउँने देखाएका छन् । उनीहरूसँग ४१ वटा राष्ट्रिय निकुञ्ज छन्, ती सबैमा प्रवेश निःशुल्क छ । ६४७ वटा नदी छन् भने ११ सय किलोमिटरभन्दा बढीमा विस्तारित समुद्री तट क्षेत्र छ । यसबाहेक दसौं हजार द्वीप छन् । हाम्रो गाइडले कफी लिन बिहान पैदल बाहिर निस्किँदा पनि स्वास्थ्य लाभ हुनेमा जोड दिए । तर, यस टापुको सुनसान भागमा रुखहरूले घेरिएको र निर्मल पानीको तालछेउ उभिएर कफी पिउँदै आगोको सुगन्ध लिँदै गर्दा म गेलको बिहानी पैदलयात्रामा यतिको शान्ति महसुस हुनेमा पूर्णतया विश्वस्त भइनँ ।

निःसन्देह, फिनल्यान्डले जिडिपी, समानता, सामाजिक सहयोग, स्वस्थ जीवन तथा आयु, स्वतन्त्रता, उच्च दयालुपन, न्यून भ्रष्टाचारहरूको बलमा विश्वव्यापी खुसी सूचकांकमा राम्रो अंक प्राप्त गर्छ । फिनिसहरूले पनि हामीले जस्तै चुनौतीको सामना गर्छन्, तर उनीहरूको प्रतिक्रिया तीन प्रमुख तत्त्वहरू, समानता, शिक्षा र पारदर्शितामा आधारित हुन्छ । तर, यसभन्दा बढी फिनिसहरूमाझ एक मनोवृत्ति छ, जुन म ब्रिटिसमा देख्दिनँ । उनीहरू आफ्नो आशावादिताप्रति सधैं छक्क पर्छन् । यो आफ्नो भाग्यप्रति आभारीको भाव हो । यो अवधारणा फिनल्यान्डको उखानमा पनि प्रतिध्वनित छ, जसको अर्थ 'खुसी भनेको अभाव र अधिकतावीचको अवस्थिति हो ।'


यो यात्रामा मैले सबैभन्दा ठूलो कुरा, फिनिसहरूको आनन्दभन्दा सन्तुष्टिप्रतिको ध्यानमा पाएँ । दोस्रो दिन मैले टिमो औभिनेनलाई भेटें, जो साइमा तालको वरिपरि पैदल यात्रा गाइड गर्छन् । मैले उनलाई तिम्रो देशको खुसीको रहस्य के हो भनेर सोधेको थिएँ । उनले फिस्स हाँस्दै फिनिसहरूसँग आफ्नो खुसीको खोजीबारे थुप्रै भनाइ रहेको बताए । तिनमा 'निराशावादी कहिल्यै निराश हुँदैनन्' अनि 'खुसी सधैं आँसुमा समाप्त हुन्छ' तर 'कुनै पनि कुरा यति खराब हुँदैन कि जसमा एउटा पनि राम्रो कुरा नहोस्' लगायत छन् । 'फिनिसहरूको कम अपेक्षाले निराशाका लागि ठाउँ पनि एकदमै कम छोड्छ, जसको अर्थ सन्तुष्टिका लागि कम चाहना वा पूरा हुने अपेक्षा मात्रै राख्नुपर्छ भन्ने हो,' उनले उल्लेख गरे ।

यी सबैले मलाई फिनिसहरू सही भएको सोच्न बाध्य बनायो । सबै कुराको चाहना गर्नुभन्दा तातो कफी, अपरिचित व्यक्तिप्रति दयापूर्ण व्यवहार, निःशुल्क पार्क, मोहक रुखबिरुवाजस्ता हामीसँग पहिल्यै भएका कुराको अधिकतम उपयोग गर्ने कोसिस गर्नुपर्छ । खुसीको कहिल्यै नटुंगिने खोजमा केन्द्रित रहेर कतै हामीले खुसीको अवसर त गुमाइरहेका छैनौं भनेर गम खाएँ । आनन्दको लालसा गर्नुको सट्टा हामीले पुरानो शैलीकै सन्तोषसँग सन्तुष्ट रहनुपर्छ । र, कहिलेकाहीं पार्कमा हिँड्न छुटाउन हुदैन ।

- द गार्जियनबाट

इतिहासमा आज

जुन ३०



सन् १९७१ : सोभियत अन्तरिक्षयान 'सोयुज ११' का चालक दलका तीन सदस्यको दुर्घटनामा मृत्यु । यानमा ग्रिगोरी दोब्रोभोल्स्की, भ्लादिस्लाभ भोल्कोभ र भिक्टर पटसायभ सवार थिए ।

सन् १९३७ : विश्वको पहिलो आकस्मिक -इमर्जेन्सी) टेलिफोन नम्बर (९९९) लन्डनमा सुरु ।

सन् १९६० : प्रजातान्त्रिक गणतन्त्र कंगोले बेल्जियमबाट स्वतन्त्र भएको घोषणा गऱ्यो ।

सन् १९९२ : दक्षिण अफ्रिकाका रंगभेदविरोधी नेता तथा एनसीका तत्कालीन अध्यक्ष नेल्सन मन्डेला र राष्ट्रसंघका पूर्वमहासचिव बुत्रोस बुत्रोस घालीबीच भेटवार्ता ।

सन् २०१९ : अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प उत्तर कोरियाली नेता किम जोङ उनलाई भेट गर्न कोरिया पुगे । ट्रम्प उत्तर कोरियाका भ्रमण गर्ने बहालवाला पहिलो राष्ट्रपति हुन् ।

विश्व संक्षेप

'कमजोर पुटिनले थप 'गम्भीर खतरा' निम्त्याउन सक्छन्'

ब्रसेल्स/ युरोपेली संघ(इयू) का शीर्ष कूटनीतिज्ञले वागनरको विद्रोहले कमजोर बनेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले 'भयानक खतरा' निम्त्याउन सक्ने चेतावनी दिएका छन् । 'पुटिन कमजोर हुनुले थप खतरा निम्त्याएको छ । त्यसैले हामीले यसको परिणामबारे धेरै सजग हुनुपर्छ,' ब्रसेल्समा इयू नेताहरूको भेलाअघि जोसेप बोरेलले भने । 'अहिलेसम्म हामी रुसलाई खतराको रूपमा हेरिरहेका थियौं । हुन पनि यो धेरै बलियो थियो र युक्रेनमा बल प्रयोग गर्दै आएको छ । अब नयाँ स्थितिमा हामीले आन्तरिक अस्थिरताका कारण रुसलाई जोखिमका रूपमा हेर्नुपर्छ,' बोरेलले भने ।

अमेरिकामा गर्मीका कारण कम्तीमा १७ जनाको मृत्यु

वासिंटन डिसी/ अमेरिकाको दक्षिणी भागमा फैलिएको तातो हावाको लहरका कारण कम्तीमा १७ जनाको मृत्यु भएको छ । चिकित्सकीय परीक्षक डा. कोरिन स्टर्नले बुधबार जनाएअनुसार असामान्य गर्मीका कारण ६० वर्षमाथिका ११ जनाको मृत्यु भएको छ । यसैगरी फ्लोरिडाका १४ वर्षीय युवकको टेक्सासको बिग बेन्ड नेसनल पार्कमा शुक्रबार गर्मीका कारण उत्पन्न थकानका कारण मृत्यु भएको छ । त्यहाँको तापक्रम ४८ डिग्री सेल्सियस पुगेको थियो । यसैगरी अन्य पीडितमा उत्तरी टेक्सासका १७ वर्षीय पदयात्री, पूर्वी टेक्सासका युटिलिटी लाइनम्यान, डल्लासका हुलाक कर्मचारी र लुइसियानाको तटीय राज्यका दुईजना बासिन्दा रहेको सञ्चार माध्यमले जनाएका छन् । टेक्सास ट्रिब्युनको बुधबारको रिपोर्टले टेक्सासमा गर्मीको लहर आएदेखि ३० वर्षका दुईजना पुरुषसहित कम्तीमा नौजना कैदीको हृदयाघात वा अज्ञात कारणले मृत्यु भएको बताएको छ ।

फ्रान्समा भएका पछिल्ला हिंसाको राष्ट्रपतिद्वारा निन्दा

पेरिस/ फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोंले बिहीबार एकजना किशोरको हत्या भएको घटनाको निन्दा गरेका छन् । प्रहरीको हातबाट किशोरको मृत्युको विरोधमा विभिन्न स्थानमा आगजनी तथा हुलदंगा भएका छन् । प्रहरीका पछिल्ला गतिविधि आपत्तिजनक रहेको राष्ट्रपति म्याक्रोंले पनि बताएका छन् । उनले घटनापछि भएका दंगाको पनि आलोचना गरे । 'पछिल्लो केही समयदेखि प्रहरी स्टेसन, विद्यालय र टाउन हलमा भएका हिंसात्मक गतिविधि आपत्तिजनक छन्,' राष्ट्रपतिले भने । राष्ट्रपति म्याक्रोंले गृह मन्त्रालयमा भएको बैठकमा यस्तो धारणा राख्दै 'आक्रमण' पूर्णतया अनुचित रहेको बताए ।

नारामै सीमित धान दिवस

विगतलाई फर्केर हेर्ने हो भने नारा एकातिर र धान तथा कृषि उत्पादनको अवस्था अर्कैतिर देखिन्छ



अर्थ संवाद

● नवराज बस्नेत

नेपाल सरकारको ०६१ मंसिर २९ को मन्त्रीस्तरीय घोषणाले प्रत्येक वर्षको असार १५ लाई 'धान दिवस' मनाउने निर्णय गरेपछि १५ असारलाई धान दिवसका रूपमा चिनाउने काम भएको पनि करिब दुई दशक भएको छ। यस दिनलाई मानो रोपेर मुरी फलाउने पनि भनिन्छ। सरकारले यस वर्ष पनि 'जलवायु अनुकूलित कृषिमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ २०औँ धान दिवस मनाउँदै छ। तर, पछिल्लो समय असार १५ भनेपछि किसानमा एउटा नयाँ ऊर्जा प्राप्त हुन्थ्यो। विशेषगरी, असार लागेपछि एक महिनासम्म हिलोमाटोमा उत्सव मनाउने गरिन्थ्यो। खेतका आलीआलीमा असारे गीतको लयमा माहोल अर्कै हुन्थ्यो। तर, सरकारले हरेक वर्ष मनाउने यस्ता नाराले पछिल्लो समय भने किसानलाई आशा होइन, निराशा मात्र थपेको छ।

सरकारले हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा कृषिसम्बन्धी विषय बुलन्द सुनिए पनि कार्यान्वयन भने प्रभावकारी कहिल्यै हुन सकेन। हरेक वर्ष धान रोप्ने समयमा किसानले रासायनिक मलका लागि घन्टौं लाइनमा बस्नुपर्ने बाध्यताको अन्त्य हुन सकेको छैन।

देशको ७७ वटा जिल्लामध्ये मनाङ र मुस्ताङबाहेकका ७५ वटा जिल्लामा धानखेती गरिन्छ। धान समुद्री सतहभन्दा ६० मिटर झापा जिल्लाको केचना कवलदेखि माथि तीन हजार ५० मिटर जुम्ला जिल्लाको हुमचौरसम्म खेती गर्ने गरेको पाइन्छ। नेपालमा कुल खेतीयोग्य जमिनमध्ये (४७ प्रतिशत) १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलमा धानखेती गरिँदै आएको छ। जसमध्ये तराईमा ७० प्रतिशत, पहाडमा २५ प्रतिशत र उच्च पहाडमा ५ प्रतिशत क्षेत्रमा धानखेती गरिन्छ। ०४५ सालमा नेपालको ३५ लाख हेक्टरमा धानखेती हुने गरेको थियो। झन्डै ५ दशकअगाडि प्रतिहेक्टर १.३ मेट्रिक टन धान उत्पादन हुने गरेकोमा उत्पादकत्व बढेर गत वर्ष प्रतिहेक्टर ३.७९ मेट्रिक टन पुगेको छ।

धानको महत्त्व : सन् १९६६ मा विश्वभर नै भोकमरी फैलियो। उक्त भोकमरीबाट बच्नका लागि संयुक्त राष्ट्रसंघले धानलाई वर्षबाली मानेको थियो। भोकमरीबाट मुक्तिको नारासहित उक्त वर्ष मुख्य बालीको रूपमा धानलाई जोड दिइएको थियो। धानलाई भोकमरीबाट बच्नका लागि सबैभन्दा उपयुक्त खाद्यान्नको रूपमा संयुक्त राष्ट्रसंघले देख्यो। विश्वमा शान्ति र सुरक्षा कायम गर्न स्थापना भएको संयुक्त राष्ट्रसंघले धानमा जोड दिनुको प्रमुख उद्देश्य खाद्यान्नविना मानव जीवनको सम्भावना नहुनु हो। यससँगै धान संसारका लागि मुख्य खानाको रूपमा स्थापित भयो। जसका कारण एसियामा ९० प्रतिशत धान उत्पादन र खपत हुँदै आएको छ।

धान निर्यातक देश नेपाल : जुन समयमा प्रविधि, प्राविधिक, कृषिको बलिया संरचना, बजेट, ऐन कानुनलगायत थिएन, त्यस्तो अवस्थामा पुर्खाहरूले आफ्नै ज्ञान, सीप र क्षमताबाट सिँचाइको व्यवस्थासमेत मिलाई स्थानीय स्रोत साधनमा आधारित रही गरेको खेतिपातीको पद्धति जीवित रहँदा ०२१ (सन् १९७१) सालमा धान, चामल निर्यात गर्न आठवटा धान-चामल निर्यात कम्पनी स्थापना गरी धान-चामल निर्यात गर्ने गरिएको थियो। उक्त समयमा ५५ हजार मेट्रिक टन चामल नेपालबाट भारत, बंगलादेशलगायतका ठाउँमा निर्यात हुने गर्दथ्यो। उक्त क्रम सात वर्षसम्म निरन्तर रूपमा चली नै रह्यो। आठौँ वर्षमा पुग्दा नाटकीय रूपमा नेपालमा नै चामल आयात हुन थाल्यो र दशौँ वर्षसम्म पुग्दा ती आठवटै कम्पनी बन्द हुने स्थितिमा पुगे। यस्तो अवस्था किन आयो ? हालसम्म पनि अध्ययन भएको छैन। सतही रूपमा लाज ढाक्नका लागि जनसंख्या वृद्धि भयो र देशमा नै उपभोग बढ्यो, जमिन बढेन र परम्परागत कृषि प्रणालीमा खेतिपाती भएका कारण उत्पादन घट्यो र निर्यात गर्न सकिएन भन्ने बहानाले प्राथमिकता पाइरहेको छ। राज्यले किसानको पीडा र वर्तमान अवस्थाबारे सही विश्लेषण हुन नसक्नुका साथै नीति नियम किसानमैत्री बनाउन र कार्यान्वयन गर्न आज पनि सकेको छैन।



'जलवायुअनुकूलित कृषिमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नारासहित २०औँ धान दिवस मनाइँदै छ। सरकारका यस्ता नाराले किसानलाई भने आशाभन्दा बढी निराशा थपेको छ।

हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा कृषिसम्बन्धी विषय बुलन्द सुनिन्छन्, तर प्रभावकारी हुँदैनन्। वर्षैपिच्छे धान रोप्ने वेला किसान रासायनिक मलका लागि घन्टौं लाइनमा बस्नुपर्छ।

धान दिवस र कृषिको अवस्था : सरकारले दुई दशकअगाडि (२०६१)देखि सरकारी निर्णयपश्चात् नियमित रूपमा हरेक वर्ष नारा परिवर्तन गर्दै असार १५ गतेलाई धान दिवस तथा रोपाइँ महोत्सवको रूपमा मनाउँदै आएको छ। धान दिवस मनाउन थालेसँगै धान र यसको मुख्य परिकार भातका बारेमा ह्वात्तै चासो बढेको छ, जसका कारण धान-चामलको आयात पनि बढेर गएको छ। हाल नेपालमा कृषि तथा पशुपक्षी विकास मन्त्रालय र मातहतका निकाय, राजनीतिक पार्टीका किसान भातृ संगठन र अन्य स्वतन्त्र तथा खेतिपातीमा संलग्न संघसंस्था र संगठन एवं स्थानीय सरकारसमेत होडबाजीका साथ धान दिवस मनाउन तल्लीन छन्।

कुनै पनि दिवस तथा महोत्सव मनाउने भनेको रमाइलोका लागि मात्र होइन। त्यसले समाजमा सकारात्मक सन्देश दिनुपर्छ। यो दिवस हिलो खेल्ने र वर्षको एक दिन कोदाली समातेर फोटो खिच्ने मात्र होइन, धान रोपेदेखि भित्र्याउने दिनसम्मको कर्मको रूपमा लिनुपर्छ। यस कर्मको सुरुवाती दिन असार १५ गते हो। हामी विगतदेखि हालसम्म १९ वर्षको धान दिवस मनाइसकेर आज २०औँ दिवस मनाउने क्रममा छौं।

समयसान्दर्भिक नारा घन्काउँदै दिवस मनाइरहँदा हामीले लिएको नारा सार्थक भयो त, हामीले सोच्यौं कि सोचेनौं ? विगतका नारालाई फर्केर हेर्ने हो भने नारा एकातिर, धान तथा कृषि उत्पादनको अवस्था अर्कोतिर मौलाएको पाइन्छ। हामीले कृषिभूमिको संरक्षणको नाराका साथ धान दिवस मनायौं, हाल धान फल्ने खेत खण्डीकरण भई कंक्रिट संरचना तथा घर फलेका छन्। हामीले धान उत्पादनमा वृद्धि गर्ने नारा लियौं, धान-चामल निर्यात गर्ने देशको रूपमा चिनिएको कृषिप्रधान देशका जनता हामी अर्बौंको चामल किनेर खान बाध्य छौं। यसले कृषि नाराले चल्दैन भन्ने शिक्षा दिएको छ।

धान दिवस मनाइरहँदा छैन गोदाममा खाद्य : हामीसँग सार्क फुड बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारणको जिम्मेवारी पाएको खाद्य सुरक्षा तथा व्यापार कम्पनीअन्तर्गत देशका दुर्गम २४ वटा जिल्लामा खाद्यान्न व्यवस्थित तथा सञ्चित गर्न करिब सयवटा खाद्य बिक्री केन्द्र (गोदाम) छन्। चामल, गहुँ र मकै सञ्चित गर्न फुड बैंकका लागि अनुदानसमेत प्राप्त गरे तापनि हाल ६३ वटा गोदाम खाली भएका, ३३ हजार मेट्रिक टन मौज्दात हुनुपर्नेमा हाल सदरमुकाममा १० टन मात्र मौज्दात भएको समाचार बाहिरिएका छन्।

वर्षायाममा हुने बाढी, पहिरो, डुबान तथा भूकम्पजस्ता प्रकोपमा खाद्यसंकटमा सहयोग पुऱ्याउन र खाद्यसंकटबाट बचाउन जसले जिम्मेवारी वहन गर्नुपर्ने हो, जिम्मेवारी वहन नगर्दा देश खाद्यसंकटको संघारमा पुगेको छ।

(बस्नेत नेपाल कृषक समूह महासंघका अध्यक्ष हुन्)

अर्थ ज्ञान

अग्रिम करकट्टी कुन-कुन भुक्तानीमा गर्नुपर्छ ?

आयकर ऐन, २०५८ को परिच्छेद १७ मा उल्लेख भएअनुसार लगानीबाट भएको आय, लाभांश, रोजगारीको आय, सेवाशुल्क, ठेक्कापट्टा आदिमा गरिने भुक्तानीमा त्यस्तो भुक्तानी हुँदा नै अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गरिन्छ। यसरी अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्दा ऐनमा तोकेको दरअनुसार हुने रकम कट्टा गरी बाँकी रकम मात्र सो व्यक्तिलाई भुक्तानी गरिन्छ। यस्तो करकट्टी गर्नुपर्ने दायित्व भएको व्यक्तिलाई अग्रिम करकट्टी गर्ने व्यक्ति भनिन्छ। उदाहरणका लागि कुनै बासिन्दा रोजगारदाताले आफ्नो कर्मचारीलाई



पारिश्रमिक भुक्तानी गर्दा भुक्तानीमा कर कट्टा गरी भुक्तानी गर्नुपर्ने दायित्व भएको अवस्था रहेछ भने यस्ता रोजगारदातालाई अग्रिम करकट्टी गर्ने व्यक्ति भनिन्छ।

- आन्तरिक राजस्व विभाग

बिजनेस @



डा. बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री

बृहत् बुढीगण्डकी करिडोर विकास परियोजनालाई ताछेर निर्यातमुखी विद्युत् योजनामा मात्र सीमित गर्न लाग्नुभएका कणहरूलाई केही थप प्रश्न : विकास नदी प्रश्रवण क्षेत्रमा युगौंदेखि बसोवास गर्दै आएका जनतालाई पनि हो कि ती निरीह जनतालाई सत्ताको बलमा यत्रतत्र छरिन बाध्य पारेर केही मुट्ठीभर ठेक्कापट्टा गर्ने र टाठाबाठालाई मात्र हो ? विस्थापित जनतालाई त्यहीं आसपास सम्मानजनक रोजगारीसहित पुनर्स्थापनाको आश्वासन कता हरायो ? जनता लखेटेर डाँडापाखा उजाड पार्ने र बिजुली बेचेर केही टाठाबाठाले काठमाडौंमा मस्ती गर्ने यो कस्तो विकासको मोडेल हो ? यसरी आउँछ समाजवाद-साम्यवाद ?

डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

द्विपक्षीय-बहुपक्षीय दाताहरूको कार्यशैली विकासशील देशको विकासमा सहयोगीभन्दा बढी बाधक बनेको छ। अब भने विश्व परिवेश बदलिँदै छ। आफ्नो देशको रूपान्तरणको अभियान हाँक्छु भन्ने नेताले केन्याली राष्ट्रपतिजत्तिको खरो कुरा गर्नैपर्छ। नेपालका नयाँ दलहरूले समेत 'नोट' गर्नुपर्ने कुरा।



अंक र अर्थ

प्रदेशहरूले पछिल्ला चार आवमा गाडी किन्न गरेको खर्च (रु. लाखमा)

प्रदेश	०७८/७९	०७९/८० (संशोधित अनुमान)	०८०/८१ (आगामी बजेट)
कोसी	२१७५	५३६	२५६
मधेस	४४०४	६२९	९२४
बागमती	३००८	९९६	४५
गण्डकी	१०७९	२६	३७५
लुम्बिनी	२५७३	११०३	३५५
कर्णाली	१७९०	४२०	९८
सुदूरपश्चिम	१४१५	५०६	१६०
सबै प्रदेशको	१६४४४	४२१६	२२१३

स्रोत : सातै प्रदेशको बजेट

कृषि र पर्यटनका सम्भावना

जिडिपीमा ११ प्रतिशत योगदान गरेको पर्यटन क्षेत्र र ३६ प्रतिशत योगदान गर्ने कृषि व्यवसायलाई सरकारले प्राथमिकतामा राख्नुपर्छ



● प्रा.डा. प्रेम शर्मा

कृषि र पर्यटन नेपाल र नेपालीको जीवनयापनको प्रमुख आधारभूत आर्थिक गतिविधि हुन्। जनसंख्याको करिब ८० ग्रामीण बसाइ, दुईतिहाइभन्दा बढी (६६ प्रतिशत) कृषि पेसामा संलग्न तथा गार्हस्थ्य उत्पादन (जिडिपी)मा ३६ प्रतिशत योगदान रहेको परिस्थितिमा कृषि क्षेत्रको व्यवसायलाई मेरुदण्डको रूपमा विकास गर्नु कटु यथार्थ हो। यसैगरी, पर्यटनको अपार सम्भावना बोकेको नेपालको भूसंरचना, विविध खाले मानव एवं प्राकृतिक विविधतालाई विश्वसामु बजारीकारण गर्न कमजोर रहे तापनि आर्थिक क्षेत्रमा उदाउँदा विश्वका ठूला हाम्रा छिमेकी मुलुक भारत र चीनलाई मात्र आकर्षित गराउन सकियो भने नेपाल एउटा समृद्ध राष्ट्र र नेपाली सुख नरहने कुरै छैन। यहाँ अन्तर्राष्ट्रिय गन्तव्यको सगरमाथा, लुम्बिनी र हिन्दू आस्था एवं सम्पदाको मुलुकभित्र अथाह अन्तर्राष्ट्रिय पर्यटनको गतिविधि सञ्चालन गर्ने प्रचुर सम्भावना छ। सीप, प्रविधि र बजारीकरण गर्ने चुनौतीलाई राम्ररी व्यवस्थापन गर्न सकिने हो भने नेपाल र नेपालीको भविष्य उज्यालो छ।

किन र कसरी ? : राष्ट्रिय गार्हस्थ्य उत्पादनको क्षेत्रमा करिब ११ प्रतिशत योगदान गरेको पर्यटन क्षेत्र र ३६ प्रतिशत जिडिपीमा योगदान गर्ने कृषि व्यवसायलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक छ। किनभने, सानो पुँजी, सीप र अनुभवका आधारमा विकसित हुँदै आएको पर्यटन क्षेत्र र दुईतिहाइ नेपालीको आयआर्जनको क्षेत्रलाई नेपाल सरकारले नजरअन्दाज गर्न सक्दैन। जुन कुरा प्रथम पञ्चवर्षीय योजना (२०१३ साल) देखि हाल पन्ध्रौं योजनासम्म प्राथमिकता दिँदै आएको छ। यो क्षेत्रलाई राम्ररी पहिचान गर्न नसक्दा झन्डै एक करोड युवाशक्ति वैदेशिक रोजगारीमा गएका छन्। तर, रोजगारीमा जानुपर्ने अवस्थालाई धेरै हदसम्म कृषि व्यवसायमार्फत कम गर्न सकिन्छ।

असार १५ लाई राष्ट्रिय धान दिवस र रोपाइँ महोत्सव गर्ने नेपाल सरकार र गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ)को एउटै उद्देश्य हुनु, कृषि क्षेत्रमा जनचेतना फैलाउने र राष्ट्रिय उत्पादनलाई बढाउन, कृषिलाई निर्वाहमुखी पेसाबाट व्यावसायिक बनाउने, कृषि पर्यटनका माध्यमबाट अन्तरिक तथा बाह्य पर्यटक आकर्षित गराउने कार्य राम्रो हो।

विगत समयमा भिटोफ नेपाल गण्डकी प्रदेशको संयोजकत्वमा प्रदेशका ११ वटै जिल्लामा होमस्टे प्रवर्द्धनका लागि झन्डै ३० करोड बजेट पूर्वाधार विकास र क्षमता अभिवृद्धि गर्नेलगायत कामका लागि खर्च गऱ्यो। सन् २०१९ र २०२० मा त्यसैमा सक्रिय रह्यो। नेपाल भ्रमण वर्ष २०२० को तयारीमा आन्तरिक पर्यटन प्रवर्द्धन वर्ष २०१९ मा पाँच प्रदेश गण्डकी, लुम्बिनी, मधेस, बागमती र कोसीमा प्रचार प्रसारमा सक्रिय भूमिका निर्वाह गऱ्यो। यस संस्थाको दुई दशकको संलग्नता र सहभागिताका कारण देशमा हाल झन्डै १२,००० होमस्टे विधिवत् र स्वतस्फूर्त सञ्चालनमा आएका छन्। यसका लागि नेपाल सरकारको प्रोत्साहन उल्लेखनीय छ, तर यसमा केही होमस्टेभित्रका समस्या पनि



सरोकार निकाय, समुदाय, व्यक्ति, व्यवसाय वा उद्यमकर्ता र स्वयं कृषकले आफ्नो सीप, अनुभव र क्षमता प्रदर्शन गरेमा राष्ट्रिय धान बाली दिवस एवं रोपाइँ महोत्सव मात्रै नभई अन्य खाद्य उत्पादनलाई अधिकतम उपयोगमा ल्याई लाभ उठाउन सकिन्छ

चुनौतीका रूपमा देखा पर्न थालेका छन्। प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा भिटोफ नेपालले कृषि उपजलाई पर्यटनसँग जोड्न वेलामौकामा पर्यटन मार्टहरू आयोजना गर्दै आएको छ। उक्त मार्टमा धेरै जिल्लाभित्र सञ्चालनमा रहेका होमस्टेले आफ्नो जातजातिविशेष, घर आवासमा पाहुना (पर्यटक)लाई खुवाउने अर्गानिक परिकारलगायत थरीथरी खाद्य एवं पेय पदार्थमार्फत आतिथ्य गराउने सीप र तालिम, अभिमुखीकरण गराउँदै आएको छ।

काठमाडौं र पोखरास्थित विभिन्न पर्यटन व्यवसायसँग आबद्ध पेसागत संघ-संस्थाको सक्रियता र परिचालनमा सहरकेन्द्रित पर्यटन व्यवसायलाई ग्रामीण क्षेत्रउन्मुख गराउने प्रयास भइरहेका छन्। लमजुङ, कास्की, इलाम, बागलुङ, म्याग्दी, मुगु, हुम्ला, बर्दिया, बाँके, कैलाली, कञ्चनपुर, नवलपुर, पाल्पालगायत धेरै जिल्ला र गाउँपालिकाभित्र सञ्चालित होमस्टेहरूमा बाह्य पर्यटक आकर्षित भई वास बस्ने र आतिथ्य कला र गलामा रमाउने गर्न थालिसकेका छन्। त्यस्ता काम र व्यावसायीहरूको काममा भिटोफ नेपालमार्फत दुई दर्जनभन्दा बढी जिल्ला र ५ दर्जनभन्दा बढी पालिकामा क्षमता विकासका तालिम, गोष्ठी, अन्तरक्रिया, अनुभव साटासाट, मितेरी लगाउने, अन्य गैससँग सहकार्य गरी लाभ पुऱ्याउने काम भएका छन्। राष्ट्रिय धान दिवस असार १५ र भिटोफ नेपाल रोपाइँ महोत्सवलाई सार्थकता दिन यी दुई अभियन्ताबीच एउटा समन्वयकारी एवं अटुट औपचारिक सम्बन्धको आवश्यकता छ। कृषि र पर्यटन व्यावसाय सेवा क्षेत्र नभएर व्यक्ति, निजी क्षेत्र र सामुदायिक लाभको क्षेत्र हो। यसलाई सरकारको भूमिका प्रोत्साहन, सहजीकरण र आवश्यक भौतिक एवं मानव पुँजी विकास र तयार गरी दिने त्यसमा निजी व्यक्ति, निजी क्षेत्र र समुदायले व्यक्तिगत लाभ उठाउन लगानी र सीप, अनुभव, प्रविधियुक्त ज्ञानले अगाडि बढाउनुपर्छ।

कृषिलाई कृषि पर्यटनसँग जोड्न समय-समयमा कृषि पर्यटन मार्टको आयोजना, कृषि उत्पादनका परम्परागत खानपानलाई विभेदीकरण (रूपान्तरण) गरी नयाँ परिकार तयार गरी हिजोको भात, आँटो, ढिँडो, रोटी, आदिलाई जस्तै एक केजी आलुबाट साधारण तरकारीलाई परौठा, फेन्चफ्राई, चिप्स आदि बनाएर ढाई सय रुपैयाँभन्दा बढी मूल्यमा बिक्ने परिकारमा रूपान्तरण गर्न सिकाउन सकिन्छ।

कैलाली टीकापुरको कालु हमालको ४२ थरीका केराका परिकार, नम्बरी भान्सामा राँगोको मासुबाट ४ दर्जनभन्दा बढी नेवारी परिकार, साँगा काभ्रेका किसानको लप्सीका थरीथरी पाउँ परिकारझैं कृषि उपजलाई रूपान्तरण गरी कृषि पर्यटनको विकास सहजै गर्ने सीप, प्रविधि एवं आतिथ्य कलामा जोड दिनुपर्छ। हाम्रो सामाजमा परम्परागत रूपमा चलनचल्तीमा धेरै परिकार छन्, तर ज्ञान, चेतना, बजारीकरणको अभावले प्रचार प्रसारमा आउन सकेका छैनन्। राष्ट्रिय बाली तथा कृषि अनुसन्धान केन्द्रलगायतले यस क्षेत्रमा अध्ययन अनुसन्धान गरी नीति निर्माण तहमा र सीधै कृषक एवं ग्रामीण पर्यटन व्यवसायीहरूमा लाभप्रद हुने योजना, रणनीति, कार्यक्रम आउनु आवश्यक हुन्छ।

उत्पादनलाई बजारसँग जोड्नु, स्रोतलाई उद्यम व्यवसायमा पहुँच बढाउनु, आफ्नै घरगाउँ क्षेत्रमा अलपत्र पहिचानविहीन (बेवारिसे) अवस्थामा यत्रतत्र छरिएर रहेका स्रोत साधनलाई पहिचान गरी सानो असंगठित पुँजीलाई सहकारीका माध्यम अर्थात् सामुदायिक संगठनहरूलाई परिचालन गरी उत्पादक र उपभोक्ताबीच मूल्यको समुचित लाभ उठाउने संयन्त्र विकास गर्नु आवश्यक छ।

सम्भवतः माथि उल्लेखित सरोकार निकाय, समुदाय, व्यक्ति, व्यवसाय वा उद्यमकर्ता र स्वयं कृषकले आफूसँग रहेको सीप, अनुभव र क्षमता प्रदर्शन गरेमा राष्ट्रिय धान बाली दिवस एवं रोपाइँ महोत्सव मात्रै होइन, अन्य खाद्य उत्पादन अर्थात् उपजलाई अधिकतम उपयोगमा ल्याई लाभ उठाउन सकिन्छ।

(शर्मा ग्रामीण पर्यटन अभियन्ता हुन्)

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १५ असार ०८०

धान उत्पादन स्थिर, खेतीयोग्य जमिन घट्दो

अजित अधिकारी / नयाँ पत्रिका

कृषिप्रधान मुलुक भएर पनि प्रमुख खाद्यान्न बाली धानमा नेपाल परनिर्भर छ। खान पुग्ने धान उत्पादन हुन नसक्दा तीन वर्षयता वार्षिक करिब ४५ अर्बबराबरको चामल आयात भइरहेको छ।

मिहिनेतअनुसारको प्रतिफल नपाउँदा पहाडी क्षेत्रका खेत बाँझो राख्ने प्रवृत्ति बढेको छ। त्यस्तै, तराईमा बसाइँसराइ र आकर्षक लगानीको क्षेत्रका कारण खेतीयोग्य जमिन प्लटिङ गर्ने प्रवृत्ति बढेको छ। यस्तो प्रवृत्तिले खेतीयोग्य जमिन बर्सेनि क्षयीकरण हुँदै गएको कृषि सचिव डा. गोविन्दप्रसाद शर्मा बताउँछन्। 'कृषि भूमि पहिचान गरी अन्य प्रयोजनका लागि बन्देज नलगाई उत्पादन बढाउन सकिँदैन,' उनले भने।

बालीहरूमध्ये सबैभन्दा धेरै क्षेत्रफल ओगटेको धान खेतीयोग्य जमिन बर्सेनि कम हुँदै गएको मन्त्रालयको तथ्यांक छ। सात वर्षअघि आव ०७३/७४ मा देशभर १५ लाख ५२ हजार चार सय ६९ हेक्टरमा धानखेती भएकोमा चालू आव ०७९/८० मा १४ लाख ४७ हजार सात सय ८९ हेक्टर जमिनमा धानखेती मन्त्रालयको तथ्यांक छ। यसबीचमा बर्सेनि क्षेत्रफलमा ह्रास आएको देखिन्छ।

त्यसैगरी उन्नत बिउबिजन, समयमै सिँचाइ र मलखादको अभावमा धानको उत्पादकत्वमा समेत सुधार हुन सकेको छैन। दुई वर्षअघि आव ०७७/७८ मा धानको उत्पादकत्व ३.८२ टन प्रतिहेक्टर पुगेकोमा चालू आवमा खस्केर ३.७९ प्रतिशतमा सीमित भएको छ।

१५औँ राष्ट्रिय योजनाले लिएको लक्ष्यलाई पनि करिब भेट्न सफल भएको छ। यो वर्ष ५५ लाख मेट्रिकटन धान उत्पादन हुने लक्ष्य र कार्यक्रम राखिएकोमा ५४ लाख ८६ हजार मेट्रिकटन उत्पादन भएको छ। यद्यपि, आगामी तीन वर्षका लागि राखिएको लक्ष्य भेट्टाउन भने निकै चुनौती छ। किनभने, आगामी तीन आवमा क्रमशः ५७ लाख ५१ हजार, ५८ लाख ७४ हजार र ५९ लाख ५० हजार टन धान उत्पादन गर्ने लक्ष्य राखिएको छ।

■ करिब ५० लाख मेट्रिक टन धान उत्पादन

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार मुलुकभर बर्सेनि करिब ५० लाख मेट्रिकटन धान उत्पादन हुँदै आएको छ। सात वर्षदेखि धान उत्पादनमा उल्लेख्य प्रगति हुन नसक्दा माग बढेर आयात पनि वृद्धि भएको हो।

मन्त्रालयका अनुसार आव ०७३/७४ मा ५२ लाख ३० हजार मेट्रिकटन धान उत्पादन भएको थियो। उत्पादित परिमाणले नपुगेर सो आवमा ३० अर्ब ८८ करोड रुपैयाँबराबरको चामल भारतबाट आयात भएको थियो।

गत आव ०७८/७९ मा पनि धान उत्पादनमा उल्लेख्य प्रगति हुन नसक्दा ५० लाख ४७ हजार मेट्रिकटन फलेको छ। तर, यसबीचमा माग परिमाणमा उल्लेख्य वृद्धि भएर गत आवमा ४७ अर्ब ३५ करोड रुपैयाँको चामल आयात भएको थियो। चालू आव ०७९/८० को अन्त्यसम्ममा पनि चामल आयात उच्च हुने देखिन्छ। किनभने, चालू आवमा ५४ लाख ८६ हजार मेट्रिकटन धान उत्पादन भएको छ। उत्पादित धानबाट करिब ६४ प्रतिशत हिस्सा मात्र चामल बन्नेछ। बाँकी हिस्सा भुस, कनिका र हार्भेस्टिङका क्रममा अन्य कारणले नष्ट हुने गरेको छ। चालू आवको १० महिना (वैशाख मसान्त)मा ३० अर्ब ८८ करोड रुपैयाँको चामल आयात भइसकेको राष्ट्र बैंकको तथ्यांक छ।

मुलुकभर मोटा धानको खेती बढी हुने, तर उपभोक्ताहरू मसिनो चामलमा बानी परेकाले आयात उच्च भएको कृषि मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मा बताउँछन्। 'उपभोक्ताको माग मसिनो चामलमा छ, तर हामीकहाँ मोटा धानको उत्पादन बढी छ,' उनले भने, 'त्यसैले आयात बढी भइरहेको हो। तर, पछिल्ला वर्षहरूमा सरकारले विशेष कार्यक्रमहरू सञ्चालन गरी मसिनो धान लगाउन किसानलाई उत्प्रेरित गरिरहेका छौं।'

उनले मसिनो धानको खेती विगतको तुलनामा १५ प्रतिशतले बढेको बताए। यद्यपि, मसिनो धानको खेर जाने मात्रा बढी हुने हुँदा समग्र उत्पादनमा भने असर परेको उनको भनाइ छ। 'मोटा धानबाट ६२ देखि ६५ प्रतिशतसम्म चामल पाउन सकिन्छ,' उनले भने, 'तर, मसिनो धानबाट ५० देखि ५२ प्रतिशत मात्रै चामल बन्छ। उत्पादनको दर बढाउनुपर्ने चुनौतीका बेला मसिनो धानको खेती बढ्दा समग्र उत्पादनमा असर गरिरहेको हो।'

चामल आयातदर उच्च हुन थालेपछि कृषि विभागमार्फत १० वर्षअघि तराईका सबै जिल्लामा 'धान उत्पादन मिसन कार्यक्रम' सञ्चालन गरिएको थियो। तर, सो कार्यक्रम तल्लो तहका किसानसम्म पुग्न नसक्दा खासै सुधार भएन।

कृषि क्षेत्रमा धानबालीको योगदान सबैभन्दा बढी हो। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २३ प्रतिशत रहँदा धानको मात्रै ४ प्रतिशत छ। त्यस्तै, कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा धानको योगदान १३ प्रतिशत छ। धान उत्पादनमा हुने घटबढले मुलुकको आर्थिक वृद्धिदरमा नै असर गर्दै आएको छ। यति धेरै महत्त्वपूर्ण बाली भए पनि सरकारले उन्नत बिउबिजनको उपलब्ध, समयमै मलखादको व्यवस्था र सुलभ सिँचाइको प्रबन्ध गर्ने कुरामा ध्यान दिन नसक्दा धानको उत्पादनमा सुधार हुन सकेको छैन।

धान उत्पादनमा उल्लेख्य सफलता हासिल नभए पनि सरकारले बर्सेनि सार्वजनिक गर्ने नीति कार्यक्रम र बजेटमार्फत धानमा आत्मनिर्भर हुने घोषणा बारम्बार हुने गरेको छ। विगतमा जस्तै यसपटक पनि आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट सार्वजनिक गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले धानमा आत्मनिर्भर हुने घोषणा गरेका छन्। उनले धान र आलुमा आत्मनिर्भर हुन सय पालिकामा विस्तार गर्ने गरी कार्यक्रम र बजेट राखेको जनाएका छन्। चालू आवको बजेटमा समेत धानको उत्पादन वृद्धि गरी आयातदर ३० प्रतिशतले घटाउने लक्ष्य राखिएको छ। अधिल्ला वर्षहरूको बजेटमा समेत यस्तै घोषणा भए पनि लक्ष्य प्राप्ति हुनुको सट्टा आयात दर बढ्दै गएको छ।



ललितपुरको बुङमतीमा रोपाइँ गर्दै स्थानीय महिला। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

आज धान दिवस

■ धान उत्पादन र चामल आयातको विवरण

आर्थिक वर्ष	उत्पादन (मेट्रिकटनमा)	आयात (रुपैयाँमा)
०७३/७४	५२ लाख ३० हजार	३० अर्ब ८८ करोड
०७४/७५	५१ लाख ५१ हजार	२८ अर्ब ९० करोड
०७५/७६	५६ लाख १० हजार	३२ अर्ब २१ करोड
०७६/७७	५५ लाख ५० हजार	३३ अर्ब ३५ करोड
०७७/७८	५६ लाख २१ हजार	५० अर्ब ४७ करोड
०७८/७९	५० लाख ४७ हजार	४७ अर्ब ३५ करोड
०७९/८०	५४ लाख ८६ हजार	३० अर्ब ८८ करोड (दश महिना)

स्रोत : कृषि तथा पशुपक्षी विकास मन्त्रालय/राष्ट्र बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

उत्पादनमा बिस्तारै सुधार हुँदै छ



● **डा. गोविन्दप्रसाद शर्मा**, सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालय

● पछिल्ला वर्षहरूमा खेतीयोग्य जमिन बाँझै राख्ने प्रवृत्ति बढेको छ। अर्कातिर पहाडबाट तराईमा बसाइँ सर्ने क्रममा वृद्धि भएको छ। जसकारण तराईको खेतीयोग्य जमिन प्लटिङ हुने गरेको छ।

● पहिले बारीमा उत्पादन भएको धान, गहुँ, मकै, कोदो खाने गरिन्थ्यो। अहिले सबैलाई चामल चाहिएको छ। पहाडी भेगमा समेत ढुवानीको सहजताका कारण चामल किनेर खाने जनसंख्या बढ्न थालेको छ। जनसंख्यामा नै भएको वृद्धिले पनि माग बढेको छ, तर उत्पादन हुने क्षेत्रफल उही हो।

● चामलको माग बढेअनुसार उत्पादनमा पनि सुधार हुँदै छ। बर्खे र चैते धान लगाउने क्रम बढेको छ। उन्नत जातको बिउको प्रयोग बढेको छ।

● हामीले आगामी दिनमा जग्गाको विभाजन गरी कृषि भूमिलाई अन्य काममा प्रयोग गर्न बन्देज लगाउनुपर्छ। चैते धानको उत्पादकत्व ६ टन प्रतिहेक्टरसम्म रहेकाले यसको उत्पादन बढाउनतिर विशेष ध्यान दिनु जरुरी छ।

सीमावर्ती बजारमा नेपाली रुपैयाँ बलियो

जनकपुरधाममा **हदिश खुद्दार**, बाँकेमा **विश्वराज पछ्लडङ्गया** र भैरहवामा **दिपेश पछाई**

नेपाली रुपैयाँ र भारुको विनियम दर कानुनी रूपमा सधैं स्थिर सय रुपैयाँ भारुबराबर नेपाली एक सय ६० रहेको छ। तर, दुई देशको सीमावर्ती बजारमा दुवै देशका मुद्रा गैरकानुनी तरिकाले फरक-फरक दरमा साटासाट हुने गर्छन्। केही समय पहिलासम्म सीमा क्षेत्रमा एक सय भारतीय रुपैयाँका लागि एक सय ६५ नेपाली रुपैयाँ तिर्नुपर्ने थियो। तर, पछिल्लो केही महिनादेखि भारतीय बजारमा समेत नेपाली रुपैयाँ बलियो देखिएको छ।

अघिल्लो वर्षको चैतसम्म भारतीय व्यापारीहरूले नेपाली ग्राहकसँग भारतीय रुपैयाँमा कारोबार गर्थे। तर, अहिले उनीहरूले नेपाली रुपैयाँमै कारोबार गर्ने भएकाले भारतीय बजारमा नेपाली रुपैयाँ बलियो हुन पुगेको हो। 'कानुनी रूपमा विनिमय दरमा कुनै परिवर्तन नभए पनि अवैध बजारमा भारतीय मुद्रा खस्कने अवस्थामा छ,' भारतको मधवापुरका व्यापारी सञ्जय गुप्ताले भने, 'गत चैत महिनासम्म महँगो रहे पनि भारतीय रुपैयाँको अवस्था खस्किएकाले नेपाली ग्राहकसँग नेपालीमै कारोबार गर्ने गरेको छु।' अहिले भारतीय बजारका व्यवसायीहरू नेपाली रुपैयाँमै कारोबार गर्न चाहन्छन्।

भारतीय रुपैयाँ आफूसँग पर्याप्त भए पनि नेपालमा ठूला नोट नचल्ने कारण नेपाली रुपैयाँमा कारोबार गर्न थालेको अर्का व्यापारी सुबोध गुप्ताले बताए।

राष्ट्र बैंकले विनिमय दरमा एक सय भारुबराबर नेपाली एक सय ६० रुपैयाँ तोकेको छ। तर, नेपाली बजारमा व्यापारीहरूले आफू खुसी १५० मात्रै मूल्यांकन गर्ने गरेको भारतीय व्यापारीहरूको भनाइ छ। सीमावर्ती नेपाली बजारमा २५ हजारभन्दा बढी रकम साथमा पाइए प्रहरीले पक्राउ गर्ने भएकाले पनि व्यापारीहरूले भारतीय रुपैयाँ लिन आनाकानी गर्ने स्थानीय व्यवसायीहरू बताउँछन्। यस्तै, कारणले नेपाली बजारमा भारतीय रुपैयाँको अवमूल्यन भइरहेको उनीहरूको भनाइ छ ।

भारत सरकारले दुई हजारको भारतीय नोट नचलाउने निर्णय गरेसँगै नेपाली व्यापारीहरू भारतीय पैसातर्फ सशंकित भएका छन्। यसअघि पनि भारतले भारु पाँच सय र हजारको नोटमा प्रतिबन्ध लगाएपछि नेपालका व्यापारीहरू समस्यामा परेका थिए। नेपाल राष्ट्र बैंक जनकपुर शाखाका प्रबन्ध निर्देशक अशोक घिमिरेले नेपालमा भारतीय रुपैयाँको नोट पर्याप्त मात्रामा देखिएकाले नेपाली बजारमा भारतीय नोटको अवमूल्यन भएको हुन सक्ने बताए।

■ भारतीय नोटको अवमूल्यनले पर्यटन व्यवसाय प्रभावित

भारतीय रुपैयाँ कमजोर भएपछि सीमा क्षेत्रका पर्यटन व्यवसायी मारमा परेका छन्। जनकपुरधाम, वीरगन्ज, राजविराजसहितका सीमावर्ती सहरमा कुनै अवरोध सहज रूपमा व्यापारीहरूले भारतीय मुद्रा प्रयोग गर्दा भारतीय पर्यटक आकर्षित हुन्थे। तर, पछिल्लो समय भारतीय रुपैयाँ लिन स्थानीय व्यापारीहरूले अनाकानी गर्न थालेपछि पर्यटन व्यवसायसमेत प्रभावित भएको छ। जनकपुरधाममा आउने भारतीय पर्यटकहरूले भारतीय रुपैयाँमा कारोबार गर्न खोज्दा व्यवसायीहरूले आनाकानी गर्न थालेपछि उनीहरूले भारतमा नै नेपाली रुपैयाँ साटेर आउन थाले। यसले पनि भारतीय बजारमा नेपाली रुपैयाँ बलियो हुन थालेको गुड च्वाइस ट्राभल्स एन्ड टुर्समा सञ्चालक वीरेन्द्र साहले बताए। उनले भने, 'नेपालमा भारतीय रुपैयाँ साट्ने समस्या हुने, साटिए पनि कम भाउ हुनेजस्ता समस्याले अहिले व्यापारीहरूले नेपाली रुपैयाँ कारोबार गर्ने गरेको छ।'



■ व्यवसायी भन्छन्- १५५ मा पनि भारु बिक्न गाह्रो

नेपाल-भारत सीमावर्ती नेपाली बजारमा भारतीय मुद्रामा कारोबार गर्न व्यवसायीहरू अनिच्छुक देखिएका छन्। सीमावर्ती नेपाली बजार भैरहवा, लुम्बिनी, धकधईलगायतका क्षेत्रहरूमा सहज रूपमा भारतीय मुद्राको कारोबार नभएको व्यवसायीहरूले बताएका छन्। बजारमा सामान खरिदमा पनि व्यवसायीहरूले भारतीय मुद्रा लिन मानेका छैनन्, मनी चेन्जरमा पनि कारोबार छैन, लुम्बिनी मनी चेन्जर व्यवसायी संघका अध्यक्ष ऋषिराम पाण्डेयले भने। 'बजारमा एक सय ५५ पनि भारु बिकेन भन्छन्, कारोबार शून्य छ,' उनले भने।

अहिले नेपाली बजारमा पेट्रोलपम्प, किनारापसललगायतका स्थानमा जाँदा एक सय ५० देखि एक सय ५५ सम्म मूल्य राखेर भारतीय मुद्राको कारोबार गरेको पाइएको छ उद्योग-व्यापार संगठनका अध्यक्ष अनिल ज्ञवालीले भने। भारतीय बजारमा नेपाली ग्राहक खरिदका लागि जाँदा पनि नेपाली पैसा मान्ने र भारतीय मुद्रा दिएमा आफ्नै मुलुकमा पनि भारुलाई नेपाली एक सय ५५ मूल्य मानेर नेपाली ग्राहकसँग भारु लिने गरेको पाइएको ज्ञवालीले बताए। 'कसरी भारतीय मुद्रा यो अवस्थामा छ भन्ने कुराको हामीले बुझ्नै सकेका छैनौं,' अध्यक्ष ज्ञवालीले भने।

■ नेपालगन्जमा चल्न छाड्यो भारु

नेपालगन्ज उपमहानगरपालिका १२, कोरियनपुरका सुनील रेग्मीले रिक्सा चढेबापत दुई सय रुपैयाँ भाडा दिनुपर्नेमा एक हजार रुपैयाँ दिए। रिक्सावालाले भारतीय पाँच सय रुपैयाँ फिर्ता दियो। उनले भारतीय पाँच सयको आठ सय रुपैयाँ सम्झिएर सहजै स्वीकार गरे। सो भारु पाँच सय खर्चन उनी नेपालगन्जका धेरै पसल गए, तर व्यापारीले उक्त नोट लिन मानेनन्। पेट्रोलपम्पले पनि भारतीय रुपैयाँ लिन मानेनन्। कुनै सीप नचलेपछि उनी सीमावर्ती भारतीय बजार रुपइडिहा गए। 'भारती रुपैयाँ दिएपछि खुसी मान्ने नेपालगन्जका व्यापारीहरू अहिले लिन मान्दैनन्। लिए पनि एकदमै कम मूल्य दिन्छन्,' उनले भने, 'भारतीय रुपैयाँ नेपालगन्जमा चल्न छाडेको छ।' यसअघि एक सय भारतीय रुपैयाँबापत एक सय ६८ रुपैयाँसम्म दिन नेपालका व्यापारी तयार हुन्थे, तर अहिले एक सय भारतीय रुपैयाँको एक सय ५० समेत दिन मान्दैनन्। अहिले भारतीय रुपैयाँ चलाउन मुस्किल पर्ने गरेको नेपालगन्ज उपमहानगरपालिका-१३ का प्रकाश डाँगीले बताए। 'पछिल्लो समय भारतीय रुपैयाँ नेपालमा कमजोर भएको देखिन्छ,' उनले भने।

सीमावर्ती बजार रुपइडिहामा सामान किनमेल गर्न जाँदा पनि भारतीय रुपैयाँ कममा लिने गरेको सर्वसाधारण बताउँछन्। पाँच सय भारतीय रुपैयाँलाई रुपइडिहाका व्यापारीले नेपाली रुपैयाँ सात सय ७५ मा लिने गरेको जमुनाह बजारका जावेद हुसैनले बताए। भारतीय व्यापारीले आफ्नो देशको रुपैयाँसमेत कम मूल्यमा चलाउने गरेको जानकारी दिए।

नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष अब्दुल वाहिद मन्सुरी (चुन्ना)ले पछिल्लो समय नेपाली रुपैयाँ बलियो भएको बताए। उनले नेपालगन्जमा भारतीय रुपैयाँले कम मूल्य पाएको स्पष्ट पारे। 'पहिले एक सय भारतीय रुपैयाँको एक सय ६८ रुपैयाँसम्म दिन्थे, अहिले एक सय ५० सम्म दिन्छन्,' उनले भने, 'यो भनेको भारतीय रुपैयाँभन्दा नेपाली रुपैयाँ बलियो भएको मान्न सकिन्छ।'

लम्पी स्किन रोगले हालसम्म २१ हजार पशु मरे, नियन्त्रणमा छैन ठोस पहल

कर्णाली प्रदेशमा भयावह बन्दै लम्पी स्किन, सुदूरपश्चिममा सबैभन्दा धेरै पशु मरे

भोजराज भण्डारी / नयाँ पत्रिका

पछिल्लो समय पशु देखिएको लम्पी स्किन संक्रमणका कारण किसानहरू त्रसित भएका छन्। हालसम्म यस संक्रमणका कारण २१ हजार चार सय ३१ वटा पशु मरिसकेका छन्। पशु विभागका अनुसार हालसम्म ६ लाख आठ हजार दुई सय २५ पशु संक्रमित भएका छन्। जसमध्ये एक लाख ३६ हजार पशुमा खोप लगाइएको छ।

कर्णाली प्रदेशमा सबैभन्दा धेरै पशु संक्रमित भएको विभागले जनाएको छ। उक्त प्रदेशमा हालसम्म एक लाख ८७ हजार आठ सय ३९ पशु संक्रमित छन्। संक्रमणका कारण सुदूरपश्चिममा नौ हजार एक सय ९१ पशुको मृत्यु भएको छ। कोसी प्रदेशमा भने हालसम्म सबैभन्दा धेरै संक्रमित पशुलाई खोप लगाइएको पशु विभागले जनाएको छ। विभागका अनुसार हालसम्म कोसी प्रदेशमा ७२ हजार ४९ खोप लगाइएको छ।

■ नियन्त्रण गर्न छैन सरकारको ठोस तयारी

लम्पी स्किनको बढ्दो संक्रमण ग्राफसँगै पशु मर्नेको संख्या बढिरहँदा सरकार नियन्त्रणका लागि गम्भीर भएको देखिँदैन। समयमै किसानलाई खोपको बारेमा जानकार नहुँदा धेरै पशु मरेको किसान महासंघ समूहका अध्यक्ष नवराज बस्नेतले जानकारी दिए। उनले भने, 'संक्रमण गाउँ-गाउँमा तीव्र गतिमा फैलिएको छ, कतिपय किसानलाई रोगको बारेमा थाहा नहुँदा र खोप समयमै उपलब्ध नहुँदा धेरै क्षति हुन पुगेको हो।' रोगको बारेमा थाहा नहुने धेरै पशुहरू एकैगोठमा बाँधिने हुँदा संक्रमण दर अझ बढेको उनको भनाइ छ।

विशेष गरी यस रोगको संक्रमण गाई, भैँसी, राँगा, बाछाबाछी, पाडापाडीमा सर्ने विभागले जनाएको छ। लामखुट्टे, किर्ना भुसुना, रगत चुस्ने झिँगालगायत संक्रमणबाट एकबाट अर्को पशुमा सर्ने हुँदा छिटो संक्रमणको दर बढेको विभागको भनाइ छ। नेपाल पशु विभागका डा. चन्द्रप्रसाद ढकालले खोप लगाउने र प्रचारप्रसारको कामलाई निरन्तरता दिएको जिकिर गरे। गर्मी महिनामा निकै फैलिने यो रोग लामखुट्टे, रगत चुस्ने भिँगालगायतबाट बचाउनुपर्ने र खोपको आपूर्ति व्यवस्था बढाउने प्रयास भइरहेको उनको भनाइ छ। डा. ढकालले भने, 'हामीले सातवटै प्रदेशमा टोली खटाएर स्थानीयस्तरबाट खोपलाई प्राथमिकता दिएका छौं, एकैपटक नियन्त्रण आउन त सक्दैन, तर अहिलेको विकल्प, किसानलाई रोगको बारेमा जानकारी र रोगको प्राथमिक उपचार र खोप नै अन्तिम हो।'

ठ्याक्कै उपचार हालसम्म छैन

● **डा. चन्द्र ढकाल**, प्रवक्ता, पशु विभाग



यो एक प्रकारको भाइरस हो। यसको ठ्याक्कै उपचार हालसम्म छैन। त्यसैले खोपसँगै किसान आफैंले यसलाई हेरचाह गरी संक्रमणबाट बचाउनुपर्छ। यो अहिले नै तत्काल घटिहाल्छ भन्ने होइन।

हामीले अहिले स्थानीय तहबाटै टोली खटाएर, किसानलाई परामर्श र रोग नियन्त्रणका उपाय र यसको प्राथमिक उपचारबारे जानकारी दिने र खोपको आपूर्तिलाई सहज बनाउने प्रयास गर्दै छौं।

■ कुन प्रदेशमा कति संक्रमित

प्रदेश	संक्रमित पशुको संख्या	हालसम्म मरेको पशुको संख्या	खोप लगाइएको पशुको संख्या
कोसी	१५४५३२	३४६४	७२०४९
मधेस	४३०४	१०४	२५००
बागमती	१८४६०	६१७	९९४३
गण्डकी	१९१६८	४५४	२३१२५
लुम्बिनी	७४२८९	२७८०	८५००
कर्णाली	१८७८३९	४८२१	१७५००
सुदूरपश्चिम	१४९६३३	९१९१	३०००

एडिबीले साढे ६ अर्ब सहुलियत ऋण दिने

काठमाडौं / एसियाली विकास बैंक (एडिबी)ले नेपाललाई साढे ६ अर्ब रुपैयाँ सहुलियतपूर्ण कर्जा दिने भएको छ। आन्तरिक र अन्तर्राष्ट्रिय व्यापार क्षेत्र सुदृढीकरणका लागि नीतिगत सुधार गर्न एडिबीले पाँच करोड अमेरिकी डलरबराबर ऋण सहयोग स्वीकृत गरेको हो।

सन् २०२२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा उद्योग र व्यापारको योगदान १४.१ प्रतिशत रहेको छ। उद्योग, व्यापार र आपूर्ति चक्रको सुधार गर्दै जिडिपीमा योगदान बढाउन सरकारले प्रयास गरिरहेको छ। यसका लागि भन्सार र ढुवानी प्रणाली तथा सेवा सुधार गर्नुपर्नेछ। एडिबीले दिने सहुलियत ऋण यही सुधारका लागि खर्च हुनेछ। भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनमा समेत यो ऋण परिचालन हुनेछ।

उद्योग र व्यापार क्षेत्रको विकासले प्रतिस्पर्धा बढाउनेछ र देशलाई दिगो आर्थिक विकासतर्फ अग्रसर गराउने एडिबीका निर्देशक थिएम हिडले बताए। उनले व्यापार सहजीकरणले निर्यात बढाउने हुँदा त्यसले नेपालको शोधनान्तरलाई सन्तुलित बनाउन सहयोग पुऱ्याउनेसमेत बताए।

वार्षिकोत्सवमा कोसी प्रदेश उद्योग परिसंघका विभिन्न कार्यक्रम



नयाँ पत्रिका

नेपाल उद्योग परिसंघ कोसी प्रदेशले स्थापनाको तेह्रौं वार्षिकोत्सवको अवसर पारेर विभिन्न रचनात्मक र मानवीय सेवाका कार्यहरू गरेको छ ।

परिसंघले कोसी प्रदेशको सचिवालयअगाडि धरान-विराटनगरको बरगाछी दक्षिणको सडकखण्डमा धुपीका बिरुवा वृक्षारोपण गरिएको जनाएको छ ।

उक्त सडकखण्डमा रहेको डिभाइडर एरियासम्म नेपाल उद्योग परिसंघ कोसी प्रदेशले वृक्षारोपण गर्ने र हेरचाहको सम्पूर्ण जिम्मा परिसंघले लिने निर्णय गरेको जनाइएको छ ।

स्थापना दिवसको अवसरमा मानवसेवा आश्रम तिनटोलीयाका आश्रितहरूलाई परिसंघको तर्फबाट साँझको भोजन पनि गराइएको परिसंघले जनाएको छ । यी दुवै कार्यक्रमहरू नेपाल उद्योग परिसंघ कोसी प्रदेशका अध्यक्ष भीम घिमिरेको अध्यक्षतामा परिसंघका अधिकांश पदाधिकारी सदस्यको सहभागितामा भएको उल्लेख छ ।

स्थापना दिवसको विशेष कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष घिमिरेले सामाजिक संस्था तथा व्यावसायिक संस्थाहरूमा एकैजनाले दोहोरो भूमिकामा रहनु संस्थागत विकासमा बाधा हुने विषयमा आफू स्पष्ट रहेको बताए ।

प्रदेश परिसंघको अध्यक्षको कार्यकाल एक वर्षभन्दा बढी बाँकी नै रहे पनि आफू हालै परिसंघको केन्द्रीय अधिवेशनमा केन्द्रीय उपाध्यक्ष पदमा निर्वाचित भई कार्यभार सम्हालिसकेको हुँदा अब आगामी असोज महिनामा परिसंघको साधारणसभा आह्वान गरी प्रदेशको नेतृत्व हस्तान्तरण गर्ने उनले जानकारी दिए । सभामा परिसंघका गतिविधि, प्रतिवेदनहरू महानिर्देशक विजयहरि शर्माले प्रस्तुत गरेका थिए ।

साढे दुई अर्ब लगानीमा सिद्धार्थ ग्रुपले खोल्यो भैरहवामा पाँचतारे होटेल

भैरहवामा **दिपेश पछाई**

सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीले आफ्नो पहिलो पाँचतारे होटेल सञ्चालनमा ल्याएको छ । ग्रुपले भैरहवामा दुई अर्ब ५० करोड रुपैयाँको लागतमा होटेल निर्माण गरेको हो ।

ग्रुपका अध्यक्ष चिन्तामणि न्यौपानेले सिद्धार्थ ग्रुपको पहिलो पाँचतारे होटेल सिद्धार्थ भिलासा सञ्चालनमा बताए । होटेलमा डिलक्स एक्जुकेटिभ स्विट, प्रेसिडेन्टियल स्विट, स्विट र ७२ वटा डिलक्ससहित चार तहका ८५ वटा कोठा रहेको न्यौपानेले जानकारी दिए । होटेलमा क्यासिनोको समेत सुविधा छ । त्यस्तै, तीनवटा सेमिनार हल, लबी लाउन्ज, अल डे डाइनिङ, रुफ टप रेस्टुरेन्ट, स्विमिङ पुल, फिटनेस, जिम हल, स्पासहितको हेल्थ क्लब, लङ टेनिस कोर्टसहितका पूर्वाधारसँगै एक हजार दुई सयजना क्षमताको सेमिनार हलसमेत रहेको न्यौपानेको भनाइ छ ।

अहिले सफ्ट लन्च गरिएको होटेल आगामी असोजमा ओपनिङसहित पूर्ण रूपमा सञ्चालनमा आउने न्यौपानेले जानकारी दिए । २५ वर्षअघि सुदूरपश्चिमको कैलालीको टीकापुरमा ग्रामीणस्तरको खाजा पसलबाट सुरु भएको सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीको यात्रा गौतम बुद्धको जन्मस्थल क्षेत्र आउँदा पाँचतारे होटेलसम्म आइपुगेको छ । सिद्धार्थ ग्रुपमा यसअगाडि कटेज रेस्टुराँ, तीनतारे र चारतारे स्तरका सहित ३२ वटा शाखा सञ्चालनमा आइसकेका छन् । भैरहवाको अञ्चलपुरमा चार बिघा क्षेत्रफलमा फैलिएको होटेलमा सिद्धार्थले साढे दुई अर्ब रुपैयाँ लगानी गरेको छ । सिद्धार्थ भिलासामा तीन सयजनाले रोजगारी पाएका छन् । ग्रुपमा हालसम्म १६ सयजनालाई रोजगारी दिएको छ ।



बुद्ध जन्मस्थल लुम्बिनी, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र भारतीय पर्यटकलाई मध्यनजर गरेर पाँचतारे होटेलमा लगानी गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष न्यौपानेले बताए । होटेलभित्रका सबै संरचनाहरूमा बुद्धको जीवनीसँग सम्बन्धित र बुद्धत्व झल्किने नामकरण गरिएको समेत उनले बताए ।

सिद्धार्थ ग्रुपले छिट्टै चितवनको सौराहामा सिद्धार्थ भिलासाको दोस्रो शाखा सञ्चालनमा ल्याउने उनले बताए । त्यसपछि सिद्धार्थ वैभव र सिद्धार्थ वाटिका गरी तीनस्तरका लक्जरी होटेल सञ्चालनमा ल्याउने योजना रहेको उनको भनाइ छ । रेस्टुरेन्टतर्फ सिद्धार्थ कटेजलाई ब्रान्डिङ र विस्तार गर्ने र कर्मचारीसमेतको लगानीका एस क्याफेहरू सञ्चालन गर्ने अध्यक्ष न्यौपानेले बताए ।

ग्रिन विक मनाउँदै नबिल बैंक

काठमाडौं/ नबिल बैंकले साताव्यापी 'नबिल ग्रिन विक' आयोजना गर्ने भएको छ । नबिल दिगो बैंकिङको दोस्रो वार्षिकोत्सवको अवसर पारेर सप्ताहव्यापी कार्यक्रम आयोजना गर्न लागेको हो ।

बैंकिङ क्षेत्रमा वातावरणीय र सामाजिक सचेतनाका लागि उल्लेख्य योगदान र उपलब्धिको चर्चा गर्दै साताव्यापी यो कार्यक्रम चल्ने बैंकले जनाएको छ । नबिल सस्टेनेबल बैंकिङले सुरुवातदेखि नै सामाजिक र वातावरणीय चुनौतीलाई सम्बोधन गर्ने क्रममा दिगो अभ्यासलाई प्रवर्द्धन गरिरहेको छ । बैंकको प्रयासले थुप्रै कोसेढुंगा हासिल गर्न सफल भएको बैंकले उल्लेख गरेको छ ।



दुर्गम क्षेत्रमा शाखा सञ्चालन गरेर ग्रामीण क्षेत्रमा वित्तीय पहुँच विस्तार, बजार पहुँच र वित्तीय समावेशितालाई विस्तार र कृषि तथा साना व्यवसायमा वित्तीय सेवा दिएर स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याएको बैंकले जानकारी दिएको छ । त्यस्तै, नबिल किसान कर्जा र नबिल उद्यमशील कर्जामार्फत वित्तीय पहुँच विस्तार गरेको छ । त्यस्तै, कृषिको व्यवसायीकरण र उद्यमशीलता विकाससमेत गरेको छ । ग्रामीण क्षेत्रमा शाखारहित बैंकिङ एवं डिजिटलाइजेसनमार्फत पहुँच विस्तार गरेको छ । नबिल स्कुल फर सोसियल आन्ट्रप्रेनर्सिपमार्फत सामाजिक उद्यमशीलताको विकासमा समेत टेवा पुऱ्याएको छ ।

नबिल दिगो बैंकिङ मूलतः ग्रामीण बैंकिङमा केन्द्रित छ । यसले सीमान्तकृत समुदायमा वित्तीय सेवा विस्तार गर्ने लक्ष्य राखेको छ । साथै वित्तीय साक्षरता अवधारणामा समेत यसले काम गरिरहेको छ ।

हालै मात्र बैंकले नबिल सस्टेनेबल हाउजिङ लोन सार्वजनिक गरेको थियो । जसमा वातावरणमैत्री घर निर्माणमा कर्जा दिने व्यवस्था छ । बैंकले हाइड्रोमा लगानी, सहुलियत कर्जा प्रदान, सामाजिक क्षेत्रलगायतमा काम गरी दिगो बैंकिङको अभ्यास गर्दै आइरहेको जनाएको छ ।

एसइई पास गरेका विद्यार्थीलाई माई पे डिजिटल वालेटको छात्रवृत्ति

काठमाडौं/ माई पे डिजिटल वालेटले एसइई उत्तीर्ण विद्यार्थीलाई मासिक छात्रवृत्तिको योजना ल्याएको छ । कम्पनीले मासिक पाँच हजार रुपैयाँसम्मको 'माई फस्ट डिजिटल वालेट' नामक छात्रवृत्ति योजना सार्वजनिक गरेको हो ।

योजनामा एसइई पास भएका जम्मा एक सय विद्यार्थीहरू लाभान्वित हुने जनाइएको छ । जसमा ९९ जना विद्यार्थीले मासिक पाँच सय रुपैयाँका दरले एक वर्षसम्म र एकजना विद्यार्थीले मासिक पाँच हजार रुपैयाँका दरले एक वर्षसम्म छात्रवृत्ति प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।



एसइई पास गरेका विद्यार्थीलाई डिजिटल माध्यमबाट कारोबार गर्न प्रोत्साहन गर्ने उद्देश्यले छात्रवृत्ति योजना ल्याएको माई पेका प्रमुख कार्यकारी अधिकृत मनोज मेहताले बताए ।

'नवीन प्रविधिलाई युवाहरूले नै सबैभन्दा पहिले आत्मसात् गर्न सक्छन्,' मेहताले भने, 'त्यसैले हामीले उनीहरूलाई डिजिटल प्रविधिप्रति वेलैमा आकर्षित गरी डिजिटल साक्षरता दिन सके डिजिटल नेपालको सपनालाई साकार पार्नसमेत सहयोग मिल्थ्यो ।'

एसियन पेन्ट्स नेपालले विजेता डिलरलाई दियो नेक्सन इभी



काठमाडौं/ पेन्ट कम्पनी एसियन पेन्ट्सले आफ्नो आरोहण डिलर सेल्स प्रतियोगिता दुबईमा विशेष कार्यक्रम गर्दै सम्पन्न गरेको छ । एक सय ७० डिलरहरूको सहभागिता रहेको कार्यक्रममा आफ्नो अद्भुत प्रदर्शनमार्फत सम्मान र पुरस्कार प्राप्त गर्ने योग्य विजेतालाई सम्मानित गरिएको थियो ।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा रहेको लक्की ड्रमा महोत्तरी, गौशालाको गुप्ता ट्रेडर्सले टाटा नेक्सन इभी एक्सजेडप्लस गाडी जितेको जनाइएको छ । उक्त गाडी एसियन पेन्ट्स नेपाल प्रालिका कन्ट्री डिरेक्टर जी गोपालकृष्णनले डिलरको परिसरमा विजेता ट्रेडर्सलाई हस्तान्तरण गरेको कम्पनीले जनाएको छ । कार्यक्रममा कन्ट्री डिरेक्टर गोपालकृष्णनले भने, 'हाम्रो एक्सक्लुसिभ रिटेलर स्टोर गुप्ता ट्रेडर्सलाई ग्रान्ड लक्की ड्र पुरस्कार प्रदान गर्न पाउँदा हामी अत्यन्तै खुसी छौं र आरोहण कार्यक्रममा सहयोग गर्नुभएका सबै सहभागी डिलरहरूप्रति आभार व्यक्त गर्दछौं । हाम्रा डिलरहरूसँग थप संलग्न हुन र सबैलाई चाडपर्वको अग्रिम शुभकामना दिन चाहन्छौं ।'

तीन महिनासम्म चलेको आरोहण डिलर सेल्स प्रतियोगितामा देशभरका एसियन पेन्ट्सका डिलरहरूको उत्साहजनक सहभागिता रहेको कम्पनीले जनाएको छ । योजनाले एसियन पेन्ट्सको वृद्धि र बजारमा उपस्थिति राख्नमा अटल सहयोग र उत्कृष्ट योगदानका लागि डिलरहरूलाई मान्यता र पुरस्कृत गरिएको जनाइएको छ ।

रिलायन्स फाइनान्सका ग्राहकले एब्सोलुट एस्थेटिक्समा छुट पाउने

काठमाडौं/ रिलायन्स फाइनान्स लिमिटेडका ग्राहकले एब्सोलुट एस्थेटिक्समा विभिन्न सौन्दर्य सेवा लिँदा छुट पाउने भएका छन् । फाइनान्स र एब्सोलुट एस्थेटिक्सबीच सौन्दर्य तथा स्वास्थ सेवामा छुट दिने सम्बन्धमा सम्झौता भएको हो ।

सम्झौताअनुसार रिलायन्स फाइनान्सका ग्राहक, सेयरधनी तथा कर्मचारीले एब्सोलुट एस्थेटिक्समा प्राप्त हुने सौन्दर्य सेवा (छाला), दन्त सेवा तथा प्लास्टिक सर्जरी तथा अन्य स्वास्थ्य सेवाहरूमा अधिकतम १५ प्रतिशतसम्म विशेष छुट प्राप्त गर्न सक्ने जनाइएको छ । फाइनान्सले हाल २१ शाखामार्फत सेवा प्रदान गर्दै आएको तथा आफ्ना ग्राहकको फाइदाका लागि यस प्रकारका सम्झौता अन्य संस्थाहरूसँग पनि गर्दै जाने जनाएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया तथा वीरगंजको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०३/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया तथा वीरगंजबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार २२ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कलैया तथा वीरगंजमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरण:

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया तथा वीरगंज, (बारा) नेपालमा मिति २०७५/०५/१९ मा प्रा.फ.न.घ.वि. ६८९२/१२१/०७५/७६ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानीपुर गा.पा.वडा नं.७, बारा स्थित रजिष्टर्ड कार्यालय रहेको **राधे राधे प्याकेजिङ उद्योग** (प्रोप्राईटर बालक साह तेलीको नाति, राजा साह तेलीको छोरा, रौतहट जिल्ला, नरकटीया गा.वि.स.वडा नं.५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप-म.ना.पा. वडा नं.१५, वस्ने **रामचन्द्र प्रसाद**, ना.प्र.नं. ६५१५२३०६, जारी मिति २०३८/०४/०८, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

ख. राजा साह तेलीको नाति, रामचन्द्र प्रसादको छोरा, रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं.५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप-म.ना.पा. वडा नं. १५, वस्ने **रुपलाल साह** (ना.प्र.नं. ३२-१-६९-५४०८, जारी मिति २०६९/०७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

ग. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, वारा नेपालमा मिति २०७६/०९/१५ मा प्रा.फ.न.घ.उ.वि. ८०६३/५८२/०७६/७७ कायम भई दर्ता रहेको वारा जिल्ला, परवानीपुर गा.पा. वडा नं.५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री राधे राधे ईण्डष्ट्रिज** (प्रोप्राइटर राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, रौतहट जिल्ला, परोहा न.पा. वडा नं.७ (सविक रौतहट जिल्ला, न कटीया गा.वि.स वडा नं.५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५, वस्ने **रुप लाल साह**, ना.प्र.नं.३२-१-६९-५४०८, जारी मिति २०६९/७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. सुनर साहको नाति, अनौठा साह/ठगीया देवीको छोरी, राजा साह तेली/चुलीया देवीको बुहारी, रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ (सविक :रौतहत जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५, वस्ने **गोदावरी कुमारी** (ना.प्र.नं. २८५३-६०८, जारी मिति २०४४/१२/२०, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

२. शुखल साह/रामसबारी देवी तेलीको नातिनी, रामलाल प्रसाद साह/श्रीपति देवीको छोरी, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको बुहारी, पथिक कुमार साहको पत्नी, बारा जिल्ला, रामपुर टोकनी गा.वि.स./उ.म.न.पा. वडा नं.९, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं.१५, वस्ने **मिरा कुमारी साह** (ना.प्र.नं.३३३०९७/१५३, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय बारा) ।

३. राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, मिरा कुमारी साहको पत्नी, रौतहट जिल्ला, परोहा न.पा. वडा नं.७ (सविक रौतहत जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५, वस्ने **पथिक कुमार साह** (ना.प्र.नं. ३१४४, जारी मिति २०६१/११/०६, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

४. बालक साह तेलीको नाति, राजा साह तेली/चुलीया देवीको छोरा, गोदावरी कुमारीको पति, रौतहट जिल्ला, परोहा न.पा. वडा नं.७ (सविक रौतहट जिल्ला, नरकटीया गा.वि.स वडा नं.५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं.१५, वस्ने **रामचन्द्र प्रसाद** (ना.प्र.नं.३२६५१५२३०६, जारी मिति २०३८/४/८, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

५. राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, रौतहट जिल्ला, परोहा न.पा. वडा नं.७ (सविक रौतहट जिल्ला, नरकटीया गा.वि.स वडा नं.५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५, वस्ने **रुप लाल साह** (ना.प्र.नं.३२-१-६९-५४०८, जारी मिति २०६९/७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **रामचन्द्र प्रसाद**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, नौतन गा.वि.स./न.पा वडा नं.६ स्थित कित्ता नं. १०१६ को क्षे.फ. ०-०-१० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **गोदावरी कुमारी**को नाममा मालपोत कार्यालय, वारामा दर्ता कायम रहेको वारा जिल्ला, बहुअरी गा.वि.स./न.पा वडा नं.९ स्थित कित्ता नं. ११४२ को क्षे.फ. ०-२-१० र नौतन गा.वि.स./न.पा वडा नं.५ स्थित कित्ता नं. ९७२ को क्षे.फ. ०-१-१५-१२ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **गोदावरी कुमारी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, नौतन गा.वि.स./न.पा वडा नं.७ स्थित कित्ता नं. २५४५ को क्षे.फ. ०-०-६-८ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

४. **गोदावरी कुमारी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, नौतन गा.वि.स./न.पा वडा नं.७ स्थित कित्ता नं. २१६७ को क्षे.फ. जम्मा ०-१-३-८ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

५. **श्री राधे राधे ईण्डष्ट्रिज**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स./न.पा वडा नं.५ स्थित कित्ता नं. ५०७, २२२ र २२९ को क्षे.फ.०-४-०-०, ०-५-० र ०-५-० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० असार २१ गते** भित्र बैंकको शाखा कार्यालय कलैया तथा वीरगंज स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया तथा वीरगंज स्थित कर्जा विभागबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० असार २२ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय कलैया स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलैया तथा वीरगंज स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० असार २२ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कलैया फोन नं. ०५३-५५११९५
शाखा कार्यालय वीरगंज फोन नं. ०५१-५२५८१३

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

केन्द्रीय कार्यालय : पोखरा-२५, मिलनचोक, हेम्जा, कास्की, फोन : ०६१-४००४२७, ४००४७७

गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१५)

तपसिलमा उल्लेखित ऋणीले यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस लघुवित्त वित्तीय संस्थाबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ । लघुवित्त वित्तीय संस्थाको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति खरिद गर्न चाहने इच्छुक महानुभावहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको कर्जा असूली विभागमा वा सम्बन्धित शाखा कार्यालयमा समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन (उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा २५, हेम्जा, कास्कीबाट वा सम्बन्धित शाखा कार्यालयबाट रु. १,०००/- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	व्यक्तिगत धनजमानीको विवरण	
१) **शाखा कार्यालयः उर्लाबारी, कर्जा शिर्षक र नं.: लघुउद्यम कर्जा, १२४MEG००००५** **ऋणीको नामः चन्दन कुमार सहनी** बुबाको नामः कपिल देव बाजेको नामः सिया लाल ठेगानाः उर्लाबारी गा.पा./न.पा.-६, मोरङ ना.प्र.नं. ०५३००६।२१४ जारी मितिः २०६३/१२/१७	**क) नामः सुस्मा देवी सहनी** बाबुको नामः कृत्यानन्द बहरदार पतिको नामः चन्दन कुमार सहनी ससुराको नामः कपिल देव ठेगानाः उर्लाबारी गा.पा./न.पा.-६, मोरङ ना.प्र.नं.: ०५/०२/७७/००८४६ जारी मितिः २०७७/०६/१८	**ख) नाम : संजय चौधरी** बाबुको नामः विन्देश्वर चौधरी बाजेको नामः धरम लाल चौधरी ठेगानाः उर्लाबारी गा.पा. /न.पा.-६, मोरङ ना.प्र.नं.: ०५३००६/५१९ जारी मितिः २०६३/१२/१८
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय रङ्गेली, मोरङमा चन्दन कुमार सहनीको नाममा दर्ता/श्रेष्ता कायम रहेको मोरङ जिल्ला महादेवा-९ मा रहेको कित्ता नं. ९७० को क्षेत्रफल ०-७-०-० भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	व्यक्तिगत धनजमानीको विवरण	
२) **शाखा कार्यालयः बिर्तामोड, कर्जा शिर्षक र नं. लघुउद्यम कर्जा, ११८MEG००००५** **ऋणीको नाम : विकास गिरी** बुबाको नामः नवराज गिरी बाजेको नामः सोमनाथ गिरी ठेगाना : पुरनचौर-९, कास्की ना.प्र.नं. ४६१०१९/१०८ जारी मितिः २०६५/०२/०८	**क) नामः रिता पौडेल** बाबुको नामः नारायन प्रसाद पोडेल पतिको नामः विकास गिरी ससुराको नामः नवराज गिरी ठेगानाः पुरनचौर-९, कास्की ना.प्र.नं.: ४६१०१९/५६९ जारी मिति

हदम्यादको...

पृष्ठ १ बाट क्रमशः

लागेको छ। चारवटै मुद्दामा चार सय ६ प्रतिवादी रहेका छन्। उनीहरूविरुद्ध डेढ वर्षअघि नै जिल्ला अदालत काठमाडौंले पक्राउ पुर्जी जारी गरिसकेको छ। जसमध्ये १७ जनालाई भने पक्राउ नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको थियो। आरोपीहरू हदम्यादकै विषय उठाएर सर्वोच्च अदालत गएका थिए। १६ साउन ०७९ मा सर्वोच्चले १७ जनालाई पक्राउ नगर्न अन्तरिम आदेश दिएको थियो। न्यायाधीश ईश्वर खतिवडाको इजलासले हदम्यादकै कारण देखाएर अन्तरिम आदेश दिएको खुलेपछि अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी पनि झस्किएका छन्। तर, अन्तरिम आदेश भएको ११ महिना हुँदा पनि यो मुद्दाको अन्तिम फैसला भने आइसकेको छैन।

'निवेदकहरूको हकमा अनुसन्धान भइरहेको भनिएको लिखत किर्तेसम्बन्धी कसुरमा मुद्दा चलाउने हदम्याद नै समाप्त भन्ने निवेदनमा जिकिर रहेको छ। वस्तुतः कानुनी कामकारबाहीको कुरामा हदम्यादको कुरा महत्त्वपूर्ण मानिन्छ। मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको भन्ने प्रश्नमा पछि न्यायिक प्रक्रियाका सन्दर्भमा यथोचित विवेचना र निरुपण हुने नै छ,' न्यायाधीश खतिवडाको आदेशमा भनिएको छ, 'यस पृष्ठभूमिमा हेर्दा किर्तेसम्बन्धी विवादित सन्दर्भलाई लिएर निवेदकहरूलाई अहिले नै थुनामा राखियो भने निजहरूको हकअधिकारमा अपूरणीय क्षति पुग्न जाने अवस्था देखियो। अनुसन्धानका लागि थुनामा नै राख्नुपर्ने औचित्य पनि देखिन आउँदैन। सुविधा सन्तुलनको दृष्टिले समेत निवेदन मागबमोजिम अन्तरिम आदेश जारी हुनु वाञ्छनीय देखियो।'

यही आदेशका आधारमा मंगलबार पक्राउ परेका कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्र केसी छुटेका हुन्। सो मुद्दामा पक्राउ पुर्जी जारी भएका लक्ष्मीनारायण उप्रेती, बलिरामप्रसाद तेली, टीकाराम घिमिरे, तेजराज पाण्डे, शंकरप्रसाद सुवेदी, मोहम्मद सबिर हुसैन, दिनेशप्रसाद शर्मा, जयप्रसाद रेग्मी, हरिबोल आचार्य, टीकाबहादुर बिसी, श्रीहरि पुडासैनी, अंगुरकुमार सिम्देल, टंकनाथ पौडेल, केदारप्रसाद श्रेष्ठको हकमा पनि त्यतिबेला नै पक्राउ नगर्न अन्तरिम आदेश भएको थियो।

सोही नजिर हेरेर पक्राउ परेका थप अभियुक्त पनि बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च पुगेका छन्। व्यवसायी मीनबहादुर गुरुङ, पूर्वसचिव सुधीरकुमार शाह र धर्मप्रसाद गौतम सर्वोच्च गएका हुन्। जसमा शुक्रबार सुनुवाइ हुँदै छ। न्यायाधीश खतिवडाको इजलासले दिएको अन्तरिम आदेशमा हदम्यादको विषय पछि निरुपण हुने उल्लेख भएकाले यसमा मुद्दा दायर गर्न समस्या नहुने बुझाइ प्रहरीको छ। आदेशमा 'मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको भन्ने प्रश्नमा पछि न्यायिक प्रक्रियाका सन्दर्भमा यथोचित विवेचना र निरुपण हुने नै छ' भन्ने उल्लेख छ।

सिआइबीले बुधबार पत्रकार सम्मेलन गरी यो मुद्दामा यथेष्ट प्रमाण संकलन भइसकेको र अभियोजनका लागि असीमित हदम्याद हुने बताएको छ। मुलुकी ऐन, २०२० कार्यान्वयनमा रहेको वेला भएको अपराध भएकाले त्यही ऐनअनुसार अनुसन्धान र अभियोजन हुने सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यको भनाइ छ। 'यो मुद्दामा हामीले यथेष्ट प्रमाण संकलन गरिसकेका छौं। ०४९, ०६२, ०६७ र ०६९ मा कीर्तेका काम भएको खुलेको छ। मुलुकी ऐन २०२० कार्यान्वयनमा रहेकै बेला गरिएको अपराध भएकाले अभियोजनका लागि असिमित हदम्याद हुन्छ। सोही ऐनअनुसार हामीले थप अनुसन्धान र अभियोजन गर्छौं,' उनले भनिन्।

अधिकांश...

पृष्ठ १ बाट क्रमशः

प्रधान कार्यालयका तत्कालीन प्रशासक सेमन्तराज चापागाईं, तत्कालीन सहप्रशासक हेमराज सुवेदी, उपप्रशासक हरिप्रसाद जोशी पनि सम्पर्कविहीन छन्।

सरकारी जग्गा हिनामिनामा संलग्न भनिएका पूर्वभौतिक योजनामन्त्री विजयकुमार गच्छदार, भौतिक योजनाकै तत्कालीन सचिव छविराज पन्त र भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक रुद्रकुमार श्रेष्ठ भने सम्पर्कमै छन्। उनीहरू आ-आफ्नो निवासमै छन्।

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले 'हिट लिस्ट'मा राखिएका अभियुक्तमाथि निगरानी रहेको र चाँडै पक्राउ गरिने बताइन्। 'ललितानिवास जग्गा हिनामिना प्रकरणको थप अनुसन्धान गर्ने क्रममा हामीले केही अभियुक्त पक्राउ गर्‍यौं। थप अनुसन्धानका लागि अन्य अभियुक्त पक्राउ गर्न टोली परिचालन भएको छ। केही दिनभित्रै उनीहरू पक्राउ पर्छन्। अनुसन्धान जारी छ,' उनले भनिन्।

■ जो सम्पर्कविहीन छन्

पुष्पराज उपाध्याय	निर्देशक, भूमिमसुधार तथा व्यवस्था विभाग	
इन्द्रप्रसाद ढुंगाना	शाखा अधिकृत, भूमिसुधार तथा व्यवस्थापन विभाग	अफ
हरिकृष्ण तिमिल्सिना	प्रमुख, नापी कार्यालय, डिल्लीबजार	अफ
कृष्ण पौडेल	अधिकृत, नापी कार्यालय, डिल्लीबजार	अफ
प्रेमबहादुर खापुङ	अधिकृत, नापी कार्यालय, डिल्लीबजार	अफ
शंकरप्रसाद सुवेदी	अधिकृत, भूमिसुधार कार्यालय	अफ
कमल घिमिरे	नापी कार्यालय, डिल्लीबजार	अफ
देवबहादुर लामिछाने	सर्भेक्षक, नापी कार्यालय, डिल्लीबजार	अफ
जनक भण्डारी	अधिकृत, नापी कार्यालय, डिल्लीबजार	अफ
जितबहादुर थापा	सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय	अफ
राजेन्द्रमान श्रेष्ठ	इन्जिनियर, भवन निर्माण तथा सम्भार डिभिजन	अफ
सरोजराज राजभण्डारी	प्रमुख, भवन निर्माण तथा सम्भार डिभिजन	अफ
अशोकनाथ उप्रेती	महानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभाग	अफ
विनोदकुमार गौतम	उपसचिव (कानुन), भौतिक योजना तथा निर्माण मन्त्रालय	अफ
सेमन्तराज चापागाईं	प्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
हरिप्रसाद जोशी	उपप्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
बलिराम तेली	प्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
दिलीप भट्ट	कामु प्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
शैलेन्द्र पौडेल	सहायक प्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
जयप्रसाद रेग्मी	उपप्रशासक, गुठी संस्थान प्रधान कार्यालय	अफ
बद्रीबहादुर कार्की	अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार,	अफ

आकाश...

पृष्ठ १ बाट क्रमशः

छ। त्यस दिनको बाढीले ६१ घर डुबाएको थियो। मर्स्याङ्दी नदीमा आएको बाढीले छिनभरमै किनारको बस्ती बगरमा परिणत गरेको थियो। जिल्ला प्रशासन कार्यालय मनाङका अनुसार नार्सों गाउँपालिकामा ३९, चामे गाउँपालिकामा नौ, नार्पाभूमि गाउँपालिकामा सात र मनाङ डिस्याङ गाउँपालिकामा ६ घर पूर्ण रूपमा क्षति भएका थिए। कैयौंको उठीवास लाग्यो। किनारका थुप्रै घर बाढीको वेगमा बगे। बाढीको मारमा सबैभन्दा बढी तालगाउँवासीलाई परेको थियो।

मनाङको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र बहादुर घलेले मनाङमा त्यस वर्षजस्तो बाढीको क्षति कहिल्यै देखेका थिएनन्। 'जिल्लामा हिमपहिरोका सानातिना घटना त भइरहन्थे, तर बाढीले क्षति पुऱ्याएको १ असार ०७८ को घटना पहिलो थियो,' उनले भने, 'गाउँमै बाढी पस्ला भन्ने कल्पनासमेत गरेका थिएनौं, तर विपत्तिले मनाङको चामे र नार्सों गाउँपालिकामा ठूलो क्षति पुऱ्यायो।

पीडितलाई प्रदेश सरकारको दुई लाख राहत

बाढीले कहर मच्चाएपछि २ असारमा गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल दलबलसहित पुगेका थिए। गण्डकी प्रदेश सरकारले मनाङका बाढीपीडितलाई दुई लाख राहत उपलब्ध गराउने निर्णय गऱ्यो। प्रदेश सरकारले विशेष प्याकेजअन्तर्गत ६१ घरपरिवारलाई सो रकम दिइने भनिएको थियो।

मनाङका प्रमुख जिल्ला अधिकारी सुप्रभा खनालका अनुसार नार्सों गाउँपालिकाका ३९, चामेका नौ, नार्पाभूमि गाउँपालिकाका सात र मनाङ डिस्याङ गाउँपालिकाका ६ घरपरिवारले दुई लाख रुपैयाँका दरले राहत बुझेका छन्। सो रकम तत्कालका लागि अस्थायी टहरा बनाउन प्रदान गरिएको थियो। केहीपछि व्यवस्थित बस्ती निर्माण गर्ने प्रतिबद्धता थियो। तर, अहिलेसम्म त्यसमा उल्लेख्य प्रगति भएको छैन।

व्यवस्थित घर निर्माणका लागि तीन किस्ता गरेर प्रतिपरिवार साढे चार लाख रुपैयाँ दिने निर्णय भएको छ। बाढीपीडितले प्रतिघरपरिवार पहिलो किस्ता ५० हजार, दोस्रो किस्ता दुई लाख ५० हजार र तेस्रो किस्ता दुई लाख रकम पाउनेछन्। ५३ जनाले पहिलो किस्ताबापतको रकम लिएका छन्। ३८ जनाले दोस्रो किस्ताबापतको रकम लिएका छन्।

बाढीको जोखिम कायमै

तालगाउँवासीलाई स्थानान्तरण गर्न सरकारले पहल गरे पनि स्थानीयवासी अन्यत्र जान नमान्दा जोखिम मोलेरै बस्ती बसेको छ। केही स्थानीयवासी विस्थापित भए पनि अधिकांश यहीं बसोवास गरेका छन्। नार्सों- १ का वडाध्यक्ष मीनराशि गुरुङ संघ, प्रदेश र स्थानीय सरकारको सहयोग तथा समन्वयमा नदीको जोखिम न्यूनीकरण भएपछि यस क्षेत्रमा बस्ती बस्न थालेको बताउँछन्। तर, जोखिम अहिले पनि उस्तै छ।

मनाङका प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल खनालले स्थानीयलाई जोखिमको सतर्कता अपनाउन प्रशासनले सुझाव दिइरहेको भन्दै विपत्लाई सामान्य रूपमा भने लिन नहुने उनको भनाइ छ। उनले भनिन्, 'वर्षायाम वा अन्य समयमा पनि यहाँको यात्रा सहज छैन। वर्षायाम सुरुवात भएसँगै अझ बढी जोखिम बढ्ने गर्छ।' हिमालपारिको जिल्ला र कम पानी पर्ने हुँदा मनाङका बासिन्दा यसअघि बाढीपहिरोको चपेटामा खासै परेका थिएनन्। तर, ०७८ को वर्षायाममा अधिक वर्षा हुँदा नदीको बहाव सीधै बस्ती छिरेको थियो। 'अहिले खोलाले धार फेरेको छ। अब त वर्षामा मात्र होइन, हिउँदमा पनि जोखिम हुन्छ। किनकि, मर्स्याङ्दीको उत्पत्ति नै हिमालबाट भएको छ। हिउँ पग्लिएपछिको पानी सीधै मिसिने भएकाले नदीको बहाव बढिहाल्छ।'

तालगाउँ जोगाउन तटबन्ध निर्माण

बगरमा परिणत भएको तालगाउँलाई बाढीबाट जोगाउन करिब दुई वर्षपछि तटबन्ध निर्माण गरिएको छ। उनीहरूको चाहनाविपरीत सरकारले पनि स्थानान्तरण गर्नुभन्दा सुरक्षित बनाउन तटबन्ध बनाइएको हो। बाढीले क्षति पुगेको माथिल्लो क्षेत्रको ताल र तल्लो क्षेत्रको तालगाउँलाई जोगाउन कटान नियन्त्रणका लागि जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतको गोरखास्थित पालुङटार कुन्डुटार सिँचाइ आयोजनामार्फत तटबन्धन गरिएको हो। पाल्म वाल प्रोटेक्सन एन्ड बल्डर स्टाकिङ वर्क प्रकारको पर्खाल लगाई तालगाउँको बस्तीलाई सुरक्षित बनाइएको नार्सों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले बताए।

माथिल्लो र तल्लो तालक्षेत्र कटान नियन्त्रण गरी दुई भागमा विभाजन गरी तटबन्ध निर्माणको काम भएको र त्यसका लागि कुल एक करोड २५ लाख ४७ हजार चार सय ९४ बजेट विनियोजन भएको थियो। उक्त बजेट विनियोजन भएपछि निर्माणको कामले तीव्रता पाएको हो। बाढीले क्षति पुगेको एक वर्षपछि मात्रै उक्त क्षेत्रलाई सुरक्षित बनाउन पर्खाल लगाउन सम्झौता भएको थियो। तालमा नजिकैको नाचे, ओडार र घेराडलगायत गाउँबाट झरेर बस्ती बसेको थियो। यो गाउँ अन्नपूर्ण फेरो पदमार्गमा पर्छ। वरिपरि अग्ला चुचुरा र खोँचको समथर मर्स्याङ्दी किनारमा यो बस्ती छ।

विश्वकै प्रख्यात पदमार्गमा अन्नपूर्ण फेरो परेर स्वदेशी र विदेशी पर्यटकको आउजाउ सुरु भएपछि माथिल्लो भेगका गाउँले ताल झरेर चिया पसल सुरु गरेका थिए। पर्यटनले व्यापकता पाउँदै गर्दा तालमा होटेल र बसोवास बढ्दै गयो। त्यहीअनुसार ०४६ तिर केही व्यक्तिले जग्गा आफ्नो नाममा दर्ता गराएका थिए। बाढीपहिरोको चपेटामा परे पनि तालवासी सहजै पुर्ख्यौंली घर फर्किन चाहँदैनन्। 'सार्वजनिक जग्गा भए पनि अहिलेको बसोवासले पर्यटनबाट लाभ दिलाएको छ। गाउँ फर्केर गरिखाने पेसा हुँदैन। त्यसैले गाउँ फर्किने अवस्था रहन्न। गाउँलेको पुर्ख्यौंली बस्ती पनि झाडीमा लुक्न थालेको छ। किनकि मान्छेको आउजाउ हुन छाडेको धेरै समय भइसकेको छ।

नियमित सरुवा रोकेर प्रहरीमा काज



काठमाडौं/ प्रहरी संगठनमा काज सरुवाको विकृति रोक्न सक्रियता देखाएका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर आफैं काज सरुवातर्फ लागेका छन्। प्रहरी प्रधान कार्यालयले नियमित सरुवा रोकेर फेरि धमाधम काज सरुवा निकाल्न थालेको छ।

बुधबार मात्र ६ वटा कार्यालयमा इन्स्पेक्टरलाई कार्यालय प्रमुखका रूपमा काज खटाइएको छ। लक्ष्मण ओलीलाई इप्रका कृष्णनगर, कपिलवस्तु, सन्तोष न्यौपानेलाई प्रहरी प्रभाग बलम्बु, काठमाडौं, दाताराम अधिकारीलाई इप्रका सानोपोखरा, मकवानपुर, धनबहादुर बोहरालाई तनहुँस्थित प्रहरी विद्यालय, शुभेश अधिकारीलाई इप्रका कल्याणपुर सप्तरी र दीपेन्द्र श्रेष्ठलाई इप्रका गीतानगर चितवनमा काजमा खटाइएको छ। नियमित सरुवा तालिकाअनुसार इन्स्पेक्टरहरूको गत चैतमा नै सरुवा हुनुपर्ने थियो। तर, तीन महिना नाघिसक्दा पनि प्रहरी नेतृत्वले सरुवा निकाल्न सकेको छैन। शक्तिकेन्द्रको दबाब र चलखेलका कारण नियमित सरुवा निस्कन नसकेको स्रोतको भनाइ छ।

गत फागुनमा प्रहरी प्रधान कार्यालयले सयभन्दा धेरै इन्स्पेक्टरको काज सरुवा निकालेको थियो। त्यसरी सरुवा भएकामध्ये धेरैजसो कार्यालय प्रमुखमा खटिएका छन्। काज सरुवा प्रहरीको सरुवा मापदण्डविपरीत छ। गत माघमा बनाइएको मापदण्डअनुसार 'क' श्रेणीको कार्यालयबाट दोस्रोपटक 'क' श्रेणीको कार्यालयमा प्रमुखका रूपमा सरुवा गर्न मिल्दैन। त्यही मापदण्ड छल्न काजमा खटाइएको थियो। 'त्यसरी सरुवा मापदण्डविपरीत खटिएकाहरू धेरैजसो शक्तिकेन्द्रबाट सिफारिस गर्न लगाएर गएका थिए,' प्रहरी प्रधान कार्यालयका एक अधिकारीले भने, 'अहिले नियमित सरुवामा उनीहरूलाई कार्यालय प्रमुखबाट हटाउनुपर्ने भएपछि सरुवाको निर्णय हुन नसकेको हो।' यसरी नियमित सरुवा हुन नसक्दा एकातर्फ केही प्रहरी अधिकृतहरू १६ महिनादेखि नियमित इन्चार्जमा छन् भने अन्य भने कमान्डको अवसरबाट वञ्चित भएका छन्। यस्तो प्रवृत्तिले पुलिसिङलाई कमजोर बनाउने प्रहरी अधिकारीहरू बताउँछन्।

इन्स्पेक्टर मात्र होइन, अन्य पदमा पनि नियमित सरुवा हुन सकेको छैन। एसपी र डिएसपीको पनि सरुवाको समय भइसके पनि निर्णय हुन सकेको छैन। इन्स्पेक्टरभन्दा तल्लो तहका कतिपय पदमा वर्षौंदेखि नियमित सरुवा हुन सकेको छैन। वेलावेलामा काज सरुवा भने हुने गरेको छ। गत १० चैतमा प्रहरी महानिरीक्षकमा नियुक्त भएका कुँवरले पहुँचका आधारमा काजमा अनुकूल कार्यालयमा बस्ने प्रवृत्ति रोक्ने अभियान नै थालेका थिए। त्यसमा करिब पाँच हजार प्रहरीलाई दरबन्दीमा पठाइएको छ। तर, उनले आफैं नियमित सरुवा गर्न नसकेर काज निकाल्न थालेका छन्। सरुवामा हुने अत्यधिक चलखेलका कारण यसरी प्रहरीमा नियमित सरुवाको सिस्टम बिग्रँदै गएको छ। प्रहरी प्रवक्ता डिआइजी कुवेर कडायतले भने आवश्यकताको आधारमा मात्र काज निकालिएको दाबी गरे।

नक्कली शरणार्थी प्रकरणका बिचौलियालाई जेल सारियो

नेताको पोल खोल्ने सानु भण्डारी र केशव दुलाललाई नक्खु कारागार सारियो

काठमाडौं/ नक्कली भुटानी शरणार्थी प्रकरणमा नेता तथा कर्मचारीको पोल खोल्ने दुई अभियुक्तलाई सुरक्षाको कारण देखाएर जेल सारिएको छ।

सुन्धारास्थित भद्र बन्दीगृहमा रहेका सानु भण्डारी र केशव दुलाललाई मंगलबार नक्खु कारागारमा सारिएको हो। यसअघि भण्डारी र दुलाललाई सो मुद्दाका अन्य १४ प्रतिवादीसँगै राखिएको थियो।

सुरक्षा विश्लेषणका आधारमा भण्डारी र दुलाललाई सोही मुद्दाका अन्य अभियुक्तबाट सुरक्षा जोखिम रहेको आधारमा गृह मन्त्रालयकै निर्देशनमा नक्खु सारिएको स्रोत बताउँछ।

'भण्डारी र दुलालकै बयानका आधारमा उच्चपदस्थ व्यक्ति पक्राउ परेका हुन्,' गृहका एक अधिकारीले भने, 'एउटै जेलमा राख्दा प्रतिशोधस्वरूप उनीहरूमाथि आक्रमणलगायतका घटना हुन सक्ने भएकाले दुईजनालाई अन्य जेलमा पठाइएको हो।' नक्खुमा पनि उनीहरूको सुरक्षामा विशेष ख्याल गर्न निर्देशन दिइएको छ। केन्द्रीय कारागारका जेलर ललितकुमार बस्नेतले पनि शान्तिसुरक्षा तथा ठाउँ अभावको कारण दुईजनालाई नक्खुमा सारिएको बताए।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डेलगायतको संलग्नता रहेको भण्डारी र दुलालले नै खुलाएका थिए। दुईजनाले उच्चपदस्थको संलग्नता मात्र खुलाएनन्, आर्थिक लेनदेनको प्रमाणसमेत प्रहरीलाई दिएका थिए। सोही आधारमा यो मुद्दामा प्रहरी उच्चपदस्थसम्मलाई कानुनी कठघरामा ल्याउन सफल भएको थियो।

सत्ता जोगाउन...

पृष्ठ १ बाट क्रमशः

संसद्मा सहभागी दलका प्रतिनिधिले उक्त प्रस्तावमाथि आफ्ना विचार राखेपछि साँझ साढे ५ बजे आधा घन्टाका लागि स्थगित भयो। बैठकको कार्यसूचीअनुसार त्यसपछि मत विभाजनको समय थियो। तर, मुख्यमन्त्री र सरकारका अन्य मन्त्री संसद्बाट बाहिरिएपछि कार्यसूचीअनुसार संसद् अघि बढ्न सकेन।

'मुख्यमन्त्रीले विश्वासको मत मागेपछि अन्य दलका प्रतिनिधिले बोल्नुभयो। त्यसपछि मुख्यमन्त्रीकै आग्रहमा आधा घन्टा बैठक स्थगित भयो। बैठक सुरु हुँदा मुख्यमन्त्रीले बोल्ने अनि मत विभाजनमा जाने भन्ने सहमति थियो। तर, आधा घन्टापछि यहाँले दुई घन्टाको समय माग्नुभयो। त्यसपछि ८ बजेसम्मलाई बैठक स्थगित गरियो,' कोसी प्रदेशका सभामुख बाबुराम गौतमले भने, '८ बजे पनि नआएपछि हामीले कुर्‍यौं। साढे ८ बजेपछि उहाँले मलाई तयारी गर्न समय पुगेन भोलि गर्नुँ भन्नुभयो। त्यसपछि ९ बजेसम्म बसेर सबै दलसँग सल्लाह गरेर शुक्रबार ११ बजे बैठक बोलाएका छौं। विश्वासको मतका समय मुख्यमन्त्रीले नै दिनुभएको थियो। उहाँले भनेको मितिमा विश्वासको मत लिन सक्नुभएन।'

कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री कार्कीले हारको मानसिकताबाट संसद छल्न खोजेको आरोप लगाए। 'मत विभाजनको समय निश्चित भएपछि सदनको कार्यसूची छाडेर मुख्यमन्त्री त्यसरी जान हुने थिएन। उहाँले ठीक गर्नु भएन। हामीले मुख्यमन्त्रीको यो शैलीलाई आपत्ति मान्यौं,' उनले नयाँ पत्रिकासँग भने, 'उहाँले विश्वासको मत लिन्छु भन्ने विश्वास लिएर आउनु भएको रहेछ। त्यो अवस्था सदनमा नदेखिएपछि हारको मानसिकता बोकेर उहाँ निस्कनु भयो।'

थापाले मुख्यमन्त्री कार्की गठबन्धन दलमा खेलेर सांसदलाई 'फ्लोर क्रस' गराउने योजनामा रहेको आरोप लगाए। उक्त योजना सफल नहुने भएपछि संसद नै छाडेर हिँडेको उनको आरोप छ। 'गठबन्धन दलभित्र कहीं कतै फ्लोर क्रस गराउन सकिन्छ कि भन्ने एउटा सोच मुख्यमन्त्रीमा रहेछ। त्यो पूरा नहुने भएपछि संसद छाड्नुभयो,' उनले भने।

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्र आङ्बोले मुख्यमन्त्री कार्कीले समय सार्दा केही चलखेल गरेर बहुमत पुऱ्याउन सकिन्छ कि भन्ने मानसिकताले बैठक छाडेको आरोप लगाए। तर, कुनै हालतमा सफल नहुने उनले बताए। आङ्बोले संसद छाडेर मुख्यमन्त्री कार्कीले संसदको अपमान गरेको आरोप लगाए। 'मुख्यमन्त्रीले संसदको अपमान र सभामुखले दिएको समयको दुरूपयोग गर्नुभयो,' उनले भने, 'यो संसदीय व्यवस्थाकै भद्दा मजाक हो। संसदमा विश्वासको मत मागेर मुख्यमन्त्री भाग्ने गलत परम्पराको विकास भयो।'

एमाले संसदीय दलका प्रमुख सचेतक रेवती भण्डारीले संसदमा बोल्ने सांसदले सरकारबारे प्रश्न गरेकाले उठेका प्रश्नको जवाफ तयार गर्न मुख्यमन्त्रीले समय मागेको बताए। 'संसदमा विभिन्न मन्त्रालयको बारेमा प्रश्न गरियो। उठेका प्रश्नको जवाफ तयार पार्न मुख्यमन्त्रीले समय माग्नुभएको हो,' उनले भने, 'बिहीबार रात परेकाले सबै मन्त्रालय बन्द हुँदा तयार गर्न सकिएन। शुक्रबार तयार गरेर संसदमा जवाफ दिनुहुन्छ। त्यसपछि राजीनामा दिने कि संसद फेस गरेर जाने भन्ने निर्णय हुन्छ।' प्रमुख सचेतक भण्डारीले मुख्यमन्त्री कार्कीले विश्वासको मत पाउने विश्वास नरहेको बताए। यद्यपि भिन्नो आसा भने बाँकी रहेको उनको भनाइ छ। मुख्यमन्त्रीले प्रदेशसभामा विश्वासको मत मागेपछि बोल्दै कांग्रेस, माओवादी र नेकपा एकीकृत समाजवादीले विश्वासको मत दिन नसकिने बताएका थिए।

Chandranagar Rural Municipality
Office of Rural Municipal Executive
Chandranagar, Sarlahi
Madhesh Pradesh, Nepal

Notice of Intention to Award Contract

Date of Publication: 2080/03/15

This notice has been published to inform all concerned, including the bidder, about the Intention to Award Contract regarding the contracts under the tender notice CRM/NCB/05/2079/080 published in "Madhyanha" National Daily (Dated BS 2080/02/12) in accordance with Public Procurement Act, 2063 Clause 27(2) and clause 47.

S. N.	Description of Project	Contract Identification	Name & Address of Successful Bidder	Accepted Bid Amount including PS, VAT (NRs.)
1	Sarwajanik sthal ma ujjyalo ko lagi street light kharid ra jadan	CRM/ NCB/05/2079/080	Srishti Construction Pvt.Ltd., Janakpur-08, Dhanusa	28,19,175.50

Chief Administrative Officer

Chandranagar Rural Municipality
Office of Rural Municipal Executive
Chandranagar, Sarlahi
Madhesh Pradesh, Nepal

Notice of Intention to Award Contract

Date of Publication: 2080/03/15

This notice has been published to inform all concerned, including the bidder, about the Intention to Award Contract regarding the contracts under the tender notice CRM/NCB/06/2079/080 published in **"Madhyanha"** National Daily (Dated BS 2080/02/12) in accordance with Public Procurement Act, 2063 Clause 27(2) and clause 47.

S. N.	Description of Project	Contract Identification	Name & Address of Successful Bidder	Accepted Bid Amount including PS, VAT (NRs.)
1	Krishi Bidhutikaran Karya	CRM/ NCB/06/2079/080	Sitamaiya Construction Pvt.Ltd., Kalyanpur-04, Siraha	37,90,524.00

Chief Administrative Officer

कुमारी बैक लिमिटेड शाखा कार्यालय लक्ष्मीपुर, पतारीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०३/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय लक्ष्मीपुर, पतारीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणील प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै स्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

प्राईभेट फर्म दर्ता ऐन २०१४ अन्तर्गत मिति २०६९/०४/१० मा प्रा.फा.नं.२४३६/२०६९/०७० मा दर्ता भई करदता सेवा कार्यालय सिरहाबाट मिति २०७१/०४/२७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००४८०४६४ को प्रमाणपत्र प्राप्त सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **चन्दन ट्रेडर्स** (प्रोपाईटर मूनर साहको नाति, राम कृपाल साहको छोरा, श्याम कुमारी साहको पति सिरहा जिल्ला, पर्डरिया गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा न. १२ वस्ने **दिलिप कुमार साह** (ना.प्र.नं. ४४८/१२९३ मिति २०४७/१२/१३ जि.प्र.का., सिरहा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मुनर साहको नाति, राम कृपाल साहको छोरा, श्याम कुमारी साहको पति, सिरहा जिल्ला, पर्डरिया गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा न. १२ वस्ने **दिलिप कुमार साह** (ना.प्र.नं. ४४८/१२९३ मिति २०४७/१२/१३ जि.प्र.का. सिरहा) ।

२. राम कृपाल साहको बुहारी, शिवु साह तेलीको छोरी, दिलिप कुमार साहको पत्नी, सिरहा जिल्ला पर्डरिया गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला लहान न.पा.वडा नं. १२ वस्ने **श्याम कुमारी साह** (ना.प्र.नं. १०८/२५३ मिति २०५६/०३/१० जि.प्र.का. सिरहा) ।

धितो सुरक्षणको विवरण

१. **दिलिप कुमार साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, पर्डरिया गा.वि.स, वडा नं.९/क स्थित कित्ता नं. १६५६, १४८०, २०१३ र २४१८ क्षेत्रफल क्रमशः ०-१-७-०, ०-०-१९.५-०, ०-०-१०-०, र ०-०-५.७५ (वि.क.धु.क.) जग्गा/घर तथा ऐ.ऐ गा.वि.स वडा नं.८ स्थित कित्ता नं. ११५९ को क्षेत्रफल ०-१-८.५-०, (वि.क.धु.क.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. धनि कुमारी बैक लि. र ऋणी **चन्दन ट्रेडर्स** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यालय लाहान (सांविक लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय रुपन्देही, सवारी नं. लु ३ च ३७०१) कायम भई दर्ता रहेको चे.नं. MA1ZN2TBKM1G54690, ई.नं. TBM1G16136, सवारी नं. प्रदेश २ ०१-००१ च ०४५६ को Mahindra Bolero थान १ ।

३. ऋणी **चन्दन ट्रेडर्स**को सम्पूर्ण चल अचल सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७० शुक्रबार १५ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

जिम्बावेसँग ओमान १४ रनले पराजित

ग्लोबल एकदिवसीय विश्वकप छनोटअन्तर्गत सुपर सिक्सको पहिलो खेलमा जिम्बावेले प्रस्तुत गरेको तीन सय ३३ रन पछ्याएको ओमानले नौ विकेट गुमाएर तीन सय १८ रन मात्र बनायो

रजेन्सी
हरारे, १४ असार

एकदिवसीय विश्वकप ग्लोबल छनोटअन्तर्गत बिहीबार सुपर सिक्समा जिम्बावेले ओमानलाई १४ रनले हराएको छ। सुपर सिक्सको पहिलो खेलमा जिम्बावेले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा सात विकेट गुमाएर तीन सय ३२ रन जोडेको थियो। एसोसिएट राष्ट्र ओमानले ५० ओभरमा नौ विकेटको क्षतिमा तीन सय १८ रन जोड्यो। जितसँगै जिम्बावेले दुई अंक जोडेको छ। जिम्बावे बोनस चार अंकका साथ सुपर सिक्समा प्रवेश गरेको हो। ओमान समूह 'बी'मा तेस्रो स्थानमा रहँदै सुपर सिक्समा छनोट भएको हो। सुपर सिक्समा छनोट हुँदा ओमानले अंक बटुलेन।

अन्तिम ६ बलमा २९ रन आवश्यक

ओमानले जिम्बावेलाई इनिङ्सको अन्तिम ओभरसम्मै चुनौती दिएको थियो। अन्तिम ओभरमा ओमानलाई २९ रन आवश्यक थियो। ओमानका जिसन मक्सुदले छक्का प्रहार गर्दै जिम्बावेमाथि दबाब राख्यो। तर, टेन्ड चतराको कसिलो बलिङमा ओमानका ब्याट्सम्यानले थप बाउन्ड्री लगाउन सकेनन्।

४९.६ ओभरमा मुक्सुद स्लिपमा क्याचआउट भए। उनले ४० बलमा तीन चौका र एक छक्का प्रहार गरी ३७ रनको योगदान दिए। मोहमद नदिमले १८ बलमा चार चौका र एक छक्का प्रहार गरी ओमानलाई जितको आशा दिलाएका थिए। चतराले ८ ओभरमा ७३ रन खर्चेर तीन विकेट लिए। रिचार्ड गराभाले ६० रन दिँदै दुई विकेट हात पारे। ओमानले अन्तिम ओभरमा १४ रन बटुलेको थियो।

ग्लोबल छनोटमा सिनको तेस्रो शतक

एकदिवसीय ग्लोबल छनोटमा जिम्बावेका ब्याट्सम्यान सिन विलियम्स उत्कृष्ट फर्ममा छन्। उनले छनोट खेलमा तीनपटक शतकीय इनिङ्स खेलेका छन्। ओमानसँगको सुपर सिक्समा उनले एक सय ४२ रनको शतकीय इनिङ्स खेले। यसक्रममा उनले एक सय तीन बलमा १४ चौका र तीन छक्का प्रहार गरे। छनोटअन्तर्गत सिनले नेपालसँगको प्रतिस्पर्धामा एक सय २ रन बनाए। यसैगरी, अमेरिकाविरुद्ध उनले एक सय ७४ रनको योगदान दिए। नेदरल्यान्ड्ससँगको भिडन्तमा सिनले ९१ रनको महत्त्वपूर्ण इनिङ्स खेले।

ओमानसँगको खेलमा सिनले सिकन्दर राजासँग चौथो विकेटका लागि एक सय दुई रनको साझेदारी गर्दै जिम्बावेलाई ११२-३ बाट २१४-४ को बलियो अवस्थामा पुऱ्याए। सिकन्दरले ४९ बलमा ४२ रन जोड्दा ६ चौका प्रहार गरे। इनिङ्सको ४४.५ ओभरमा सिन आउट हुँदा जिम्बावे २७६/६ को अवस्थामा थियो। उनी बटको ओभरमा आउट भए।



जिम्बावेको बलियो ब्याटिङ

प्रतियोगितामा जिम्बावे अपराजित रहेको छ। जिम्बावेले आफ्ना प्रत्येक विपक्षीविरुद्ध दरिलो ब्याटिङ प्रदर्शन गरेको छ। यसैक्रममा जिम्बावेले ओमानविरुद्ध पनि यस्तै प्रदर्शन गऱ्यो। ओपनरद्वय जोयलोर्डले ३४ बलमा २१ रन बनाए।

क्रेज इर्भिनले ४० बलमा २५ रन बनाए। त्यसपछि वेस्लीले २६ बलमा २३ रन जोडे। जुक जोन्गवे नटआउट रहँदै २८ बलमा ४३ रनको योगदान दिए। उनले चार चौका प्रहार गरेका थिए। ११औँ क्रमका ब्याट्सम्यान रिचार्ड गाराभाले ११ रन जोडे। बलिङका क्रममा फायाज बटले ७० रन खर्चेर चार विकेट लिए।

कश्यपको शतक ओझेलमा

विशाल लक्ष्य पछ्याएको ओमानका लागि ओपनर कश्यप प्रजापतिले शतकीय इनिङ्स खेलेका थिए। यद्यपि, उनको शतकीय इनिङ्सका बाबजुद ओमानले जिम्बावेमाथि अप्रत्याशित नतिजा निकाल्न सकेन। कश्यपले ९७ बलमा एक सय तीन रन बनाए। उनले आफ्नो इनिङ्समा १२ चौका र एक छक्का प्रहार गरेका थिए। ओमानका लागि अकिब इलियासले ६१ बलमा ४५ रन बनाएका थिए। कश्यप र इलियासबीच दोस्रो विकेटका लागि ८३ रनको साझेदारी भएको थियो। कश्यप आउट हुँदा ओमान ३४.५ ओभरमा १९०/३ को अवस्थामा थियो। मध्यक्रमका आर्यन खानले ४३ बलमा पाँच चौकाको सहयोगमा ४७ रन बनाए।

चुनावको मिति तोक्न क्यानको बैठक आज

नयाँ पत्रिका
काठमाडौं, १४ असार

नेपाल क्रिकेट संघ (क्यान)ले केन्द्रीय चुनावको मिति तय गर्न शुक्रबार मूलपानीमा बैठक डाकेको छ। चतुरबहादुर चन्दको चारवर्षे कार्यकाल सकिनै लाग्दा क्यानले बोर्ड बैठकबाट नयाँ मिति तोक्ने मुख्य एजेन्डा बनाएको छ। क्यानले जिल्ला, प्रदेश र केन्द्रको निर्वाचन मिति तोकेनेछ। क्यानले आफ्ना सबै सदस्यलाई यसको जानकारी दिएको छ। 'यो नियमित बैठक हो। चुनावको कार्यतालिका बनाउन, जिल्ला, प्रदेश र केन्द्रको मिति तय गर्नेलगायत एजेन्डा छन्,' क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले नयाँ पत्रिकालाई बताए।

नेपालमै आयोजना भएको एसिसी प्रिमियर कप र मूलपानी मैदान भाडामा दिने विषयसमेत बैठकमा प्रवेश पाउन सक्छ। वर्षभरको आयव्यय, नेपालको अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा भएका प्रदर्शनमाथि छलफल हुने उनले बताए। यद्यपि, क्यानले एजेन्डा सदस्यहरूलाई दिएको छैन। गता १९ जेठमा नेपालले युएईलाई हराउँदै एसिया कपमा स्थान बनाएकै दिन क्यानको साधारणसभा बसेको हो।

चतुरबहादुर चन्दको चारवर्षे कार्यकाल सकिनै लाग्दा क्यानले निर्वाचनको नयाँ मितिलाई मुख्य एजेन्डा बनाएको छ

त्यस साधारणसभालाई एक समूहले अवैधानिक मानेको छ। शुक्रबार बस्ने बैठकमा पनि केही अवरोध सिर्जना हुन सक्छ। पछिल्लो समय आधा दर्जन सदस्यले क्यानको बैठक छाड्दै आएका छन्। सदस्यहरू मोहमद दाउद अन्सारी, छुम्बी लामा, ऋषिराम गौतम, सञ्जयराज सिंह, करण महतरा क्षेत्री, अमितवीर पाण्डे र धर्मराज गिरी चन्दले पोखरामा १४ फागुनमा भएको बैठक असन्तुष्टि जनाउँदै छाडेका थिए।

■ महाप्रबन्धक खनाल क्यानसँग असन्तुष्ट



फाइल तस्बिर

महाप्रबन्धक वृतान्त खनाल पछिल्लो समय क्यानसँग असन्तुष्ट देखिन्छन्। क्यान स्रोतका अनुसार उनी राजीनामा दिने मनशायमा छन्। मूलपानी मैदान भाडामा दिने विषयमा विवाद भएपछि खनालले राजीनामा दिन सक्ने क्यान स्रोतले बताएको छ। खनालले यस सम्बन्धमा सत्यता नभएको बताएका छन्। 'धेरैले मैले राजीनामा दिएको भनेका छन्, तर त्यो सत्य होइन,' खनालले भने, 'यसबारेमा शुक्रबारै स्पष्ट हुनेछ।' खनाल ०७९ वैशाख ३ देखि क्यानको महाप्रबन्धक नियुक्त भएका थिए। रौनक मल्लको करार थप नभएपछि खुला प्रतिस्पर्धाबाट खनाल क्यानमा प्रवेश गरेका हुन्।

क्यानका कार्यवाहक सचिव पाठकले पनि खनालले राजीनामा दिएको प्रसंग केवल अफवाह मात्र भएको बताए। 'उहाँले किन राजीनामा दिनुपऱ्यो ?' पाठकले भने, 'अहिले राम्रो भइरहेको समयमा अफवाह फैलाइएको हो।' पाठकले मूलपानी मैदान भाडामा दिने विषयमा विवाद उत्पन्न भएको स्विकारेका छन्। तर, उनले यो विषय सामान्य भएको बताए। 'मूलपानी मैदानको भाडाका विषयमा कुरा भएको हो। एसिसी प्रिमियर कप आयोजनापछि यो मैदान खाली छ,' उनले भने।

खेल संक्षेप

हिमालय सेमिफाइनलमा

काठमाडौं/ आयोजक हिमालय कलेज प्रथम हिमालय एसइई बास्केटबल तथा फुटसल प्रतियोगिताको महिलातर्फको बास्केटबलमा सेमिफाइनलमा प्रवेश गरेको छ। हिमालयनले बिहीबार ब्राभो 'बी'लाई ८-६ ले पराजित गऱ्यो। महिलातर्फ टिम्स 'ए', विल्सन र ब्राभो 'ए' पनि अन्तिम चारमा पुगेका छन्। टिम्स 'ए' ले मनास्लुलाई ७-५ ले हरायो। विल्सनले टिम्स 'बी' लाई ८-७ ले पाखा लगायो। ब्राभो 'ए'ले ओम ज्ञान मन्दिरलाई ९-४ ले पराजित गऱ्यो। पुरुषतर्फ भिएस, मनास्लु, सागर 'बी' र स्याम्बोले अन्तिम चारको स्थान सुरक्षित गरे। भिएसले सेबलाई ५-२ ले हरायो। मनास्लुले सागर 'ए' लाई ७-५ ले निराश पाऱ्यो। सागर 'बी' ले टिम्सलाई ९-७ र स्याम्बोले जनप्रेमीलाई १२-६ ले पाखा लगाए। पुरुष फुटसलमा एनआइसीले अल स्टारलाई ४-३ ले हराउँदै फाइनलमा स्थान पक्का गऱ्यो।

सुस्मितालाई स्वर्ण

काठमाडौं/ प्राइम ग्लोबल स्कुलकी सुस्मिता खड्काले राष्ट्रिय टेबलटेनिस प्रतियोगिताको महिला एकलमा बिहीबार स्वर्ण जितेकी छिन्। सुस्मिताले फाइनलमा नेपाल प्रहरी क्लबकी यशस्वी अवाललाई ४-० को सेटमा हराइन्। प्रतियोगिताको पुरुष एकलमा आदर्श विद्या मन्दिर (एभिएम) का सुजन गडालले एपिएफ क्लबका राजीव चिकवन्जरलाई ३-१ को सेटमा हराउँदै फाइनल स्थान पक्का पारे। बुटवल टेबलटेनिस एकेडेमीका प्रवेश बस्नेतले गोड स्पिन टेबलटेनिस एकेडेमीका समीप श्रेष्ठलाई ३-० को सेटमा हराउँदै अन्तिम दुई स्थान सुरक्षित गरेका छन्। यसअघि प्रतियोगिताको उद्घाटन नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले गरेका थिए।

प्रिन्सको जोडी दोस्रो चरणमा

काठमाडौं/ एपिएफका प्रिन्स दाहाल र विजित थापामगरको जोडी तेस्रो प्रधानमन्त्री कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको पुरुष युगलमा दोस्रो चरण प्रवेश गरेको छ। दाहालको जोडीले बनेपाका सानुबाबु गोले र किरण थापाको जोडीलाई २-० को सेटमा हराउँदै दोस्रो चरण स्थान सुरक्षित गरेको हो। नेपाल पुलिसका जीवन आचार्य र विष्णु कटुवालको जोडीले पहिलो चरण पार गरेको छ। प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका हिमाल चन्द र कविर केसीको जोडीले नखिपोटका दुर्गा मगर र टेक मगरको जोडीलाई २-१ को सेटमा हरायो। पुरुष एकलतर्फ नेपाल पुलिसका विष्णु कटुवाल अन्तिम १६ मा पुगेका छन्।

ब्याडमिन्टन सुरु

विराटनगर/ प्रथम कोसी प्रदेश ब्याडमिन्टन प्रतियोगिता विराटनगरमा बिहीबारदेखि सुरु भएको छ। विराटनगर ब्याडमिन्टन क्लबको आयोजनामा भएको प्रतियोगिताको पहिलो दिन १० खेलाडी सेमिफाइनल र २० खेलाडी प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। पुरुष एकलमा सुप्रिम पन्तले सुवास भट्टराईलाई हराउँदै सेमिफाइनल स्थान पक्का गरे। विनय चौधरीले सूचक खड्कालाई हराए। रोधन राई र नवीन सिलवाललेे वाकओभर पाउँदै अन्तिम चार स्थान सुरक्षित गरेका छन्। पुरुष जोडीमा शशि चौधरी र यशवन्तविक्रम शाहले वाकओभर पाएका छन्। प्रकाश राई र नवीन सिलवाललेे नारायण श्रेष्ठ र प्रदीप श्रेष्ठको जोडीलाई हराए। ४५ वर्षमाथिको मास्टर डबल्समा पूर्ण बुढा र भजनलाल चौधरीले भूपाल रानामगर र अमृत मल्लको जोडीलाई हराएका छन्।

सपना पूरा गर्न सन्न्यास फिर्ता लिइन् कारोलिनले

पूर्व एक नम्बर महिला खेलाडी कारोलिनले ग्रान्डस्लाम उपाधि जित्न तीन वर्षपछि सन्न्यास फिर्ता लिएकी छिन्

लन्डन/ तीन वर्षअघि एटिपी महिला वरीयताकी पूर्व एक नम्बर खेलाडी कारोलिन वाज्नियाकीले सन्न्यास लिएकी थिइन्। उत्कृष्ट फर्ममा रहँदा कारोलिनको सन्न्यास अप्रत्याशित थियो। त्यसवेला धेरैले उनलाई सन्न्यास लिन नहुने सुझाव दिएका थिए। तर, उनले तत्काल व्यक्तिगत सपना पूरा गर्न सन्न्यास लिएको प्रतिक्रिया दिएकी थिइन्। तीन वर्षपछि कारोलिनले आफ्नो पूर्ववत् निर्णय परिवर्तन गर्दै सन्न्यास फिर्ता लिएकी छिन्।

कारोलिनले अहिले सक्रिय टेनिसमा फर्कने घोषणा गरिरहँदा सबैले अप्रत्याशित नै मानेका छन्। ३२ वर्षीया कारोलिनले टेनिसमा बाँकी रहेको अधुरो सपना पूरा गर्न नै सन्न्यास फिर्ता लिएको जनाएकी छिन्। यही अगस्टमा क्यानेडियन ओपन टेनिसमा उनले सहभागिता जनाउने बताएकी छिन्। मान्टेरियलमा हुने क्यानेडियन ओपनलाई उनले युएस ओपनको तयारीका रूपमा लिएकी छिन्। गत अक्टोबरमा दोस्रो सन्तानकी आमा बनेपछि कारोलिनले टेनिसमा फर्कने इच्छा देखाएकी थिइन्।

अधिल्लोपटक सन्न्यास लिँदा उनले परिवार समय र सन्तानलाई समय दिने बताएकी थिइन्। उनको ती सपना पूरा भइसकेको छ। यसै कारण कारोलिनले अब टेनिसमा बाँकी रहेका सपना पूरा गर्न सन्न्यास फिर्ता लिएको बताइन्। 'यो तीन वर्षको अवधिभित्र मैले परिवारलाई पूरै समय दिएँ, ती समय म निकै खुसी भएकी थिएँ, तर सँगसँगै आफ्नो टेनिस करिअर गुमाएँ,' कारोलिनले भनिन्, 'अहिले ती गुमाएका क्षण पुनः प्राप्ति र जित्न नसकेको उपाधि हात पार्ने योजना छ।'



खेलबाट सन्तानलाई प्रेरणा दिने

कारोलिनको अर्को चाहना भनेको आफ्ना दुई सन्तानलाई पनि टेनिस वा अन्य कुनै खेलमा सक्रिय बनाउनु नै हो। उनले आफ्नो खेलबाट दुई सन्तानलाई खेलप्रति आकर्षित गराउने जनाइन्। 'म दुई सन्तानकी आमा हुँ, घरपरिवारसँगै एक आमा कसरी खेलकुद खेल्छिन् भन्ने देखाउने उद्देश्य हो,' उनले भनिन्, 'उनीहरू (सन्तान)ले पनि यो बुझ्नुपर्छ कि सपना कहिल्यै पनि अधुरो हुँदैन, सानै वेलादेखि हेर्नुपर्छ, त्यसको प्राप्तिका लागि हिँड्नुपर्छ।'

कुनै पनि सपना वा चाहना प्राप्तिका लागि उमेर छेकबार नहुने उनको भनाइ छ। 'तपाईं एउटा सपना देख्दै हुनुहुन्छ भने त्यसमा उमेरको प्रश्न आउँदैन, कुनै पनि उमेरमा त्यो चाहना पूरा गर्न सक्नुहुन्छ,' तर्क प्रस्तुत गर्दै उनले भनिन्, 'परिवारकै लागि मैले एक समय एउटा निर्णय लिएँ, अब करिअर अगाडि बढाउन अर्को निर्णय लिएकी हुँ, समयले कसैलाई प्रतीक्षा गर्दैन।'

सन् २०१८ मा कारोलिनले एक मात्र ग्रान्डस्लाम उपाधिका रूपमा अस्ट्रेलियन ओपन जितेकी थिइन्।

आयोजक मोक्षदालाई टी-१० कप उपाधि



नयाँ पत्रिका
काठमाडौं, १४ असार

आयोजक मोक्षदा स्कुलले मोक्षदा टी-१० कप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। बिहीबार ललितपुरको हात्तिवनस्थित ग्रेट हिमालयन क्रिकेट एकेडेमीमा भएको फाइनलमा युनाइटेड स्कुललाई ६ विकेटले हराउँदै मोक्षदाले उपाधि हात पारेको हो। ५५ रनको सहज लक्ष्य पछ्याएको मोक्षदाले ६.४ ओभरमा दुई विकेट गुमाउँदै जित निकाल्यो। मोक्षदाको जितमा संयम नेपालले सर्वाधिक २४ रन जोडे। उनले नौ बलमा तीन छक्का र एक चौका प्रहार गरे।

यसअघि ब्याटिङ गरेको युनाइटेडले सबै विकेट गुमाउँदै ५४ रन बनायो। युनाइटेडका ओपनर अनुप शाहले सर्वाधिक ३२ रनको योगदान दिए। बलिङतर्फ मोक्षदाका नितेश बुढाथोकीले तीन तथा शार्दुल पोखरेलले दुई विकेट लिए। ११ टोली सहभागी प्रतियोगिताको विजेता मोक्षदाले १० हजार तथा उपविजेता युनाइटेडले पाँच हजार हजार प्राप्त गरेका छन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एलआरआईका अनुप सिंह घोषित भए। उत्कृष्ट विकेटकिपर मोक्षदाका संयम, बलर मोक्षदाका नितेश, बेस्ट ब्याट्सम्यान डिएभीका निर्मित भए। इमर्जिङ खेलाडीमा एपिआईका विशाल बुढा भए। फेयर प्ले अवार्ड उपविजेता युनाइटेड स्कुल भयो।

राइसमाथि ठूलो रकम खर्चँदै आर्सनल

आर्सनलले वेस्टह्यामका स्ट्राइकर डेक्लान राइसलाई भित्र्याउन एक सय पाँच मिलियन पाउन्ड प्रस्ताव राखेको छ।

लन्डन/ आर्सनलले इंग्लिस प्रिमियर लिग (इपिएल)को नयाँ सिजन २०२३/०२४ मा ठूलो लगानीका साथ अगाडि बढ्ने छाँटकाँट देखाएको छ। आर्सनलले वेस्टह्यामका डेक्लान राइसलाई एक सय पाँच मिलियन पाउन्ड प्रस्ताव राखेको छ। वेस्टह्यामले सय मिलियन पाउन्डको प्रस्ताव आउँदा मात्र राइसलाई बिक्री गर्ने जनाएको थियो। आर्सनलअघि म्यानचेस्टर सिटीले राइस भित्र्याउन ९० मिलियन पाउन्ड प्रस्ताव राखेको थियो। वेस्टह्यामले सिटीको प्रस्ताव अस्वीकार गरेको थियो। त्यसपछि राइस भित्र्याउन आर्सनल अग्रसर भएको हो। वेस्टह्यामको इच्छाअनुसारै आर्सनलले राइसमाथि एक सय पाँच मिलियन पाउन्ड खर्चन तयार भएको हो। आर्सनलका प्रशिक्षक मोर्गानले नयाँ सिजनमा उपाधिमाथि आधिपत्य जमाउन थप खेलाडीको आवश्यकता पर्ने बताएका छन्। राइससँगै अन्य राम्रा खेलाडीको सहयोग चाहिने उनले व्यवस्थापनलाई स्पष्ट पारेका छन्।



गत सिजनको अन्तिमतिर आर्सनल चुक्दा प्रिमियर लिग उपाधि जित्नबाट वञ्चित भएको थियो। नयाँ सिजनमा आर्सनल तीन गल्ती नदोहोऱ्याउन राम्रा खेलाडीका साथ अगाडि बढ्ने योजना बनाएको हो। आर्सनलले पहिलो प्राथमिकतामा राइसलाई नै राखेको छ। आर्सनलले सुरुमा सय मिलियन पाउन्ड राख्दा वेस्टह्यामले अस्वीकार गरेको थियो। थप पाँच मिलियन पाउन्ड बढाएपछि वेस्टह्यामले आर्सनलको प्रस्ताव त्याग्न नसक्ने अवस्थामा पुगेको बिबिसीले जनाएको छ। आर्सनलको अर्को लक्ष्य म्यानचेस्टर सिटीको दबदबा तोड्ने पनि हो। गत साता मात्र आर्सनलले नेपोलीका स्ट्राइकर भिक्टोर ओसिम्हेनलाई भित्र्याएको थियो। 'हामी राइसलाई आर्सनलमा ल्याउन हरप्रयास जारी राख्छौं,' मोर्गानले भनेका छन्, 'सम्भवतः उनी अहिलेसम्मकै महँगा खेलाडी हुनेछन्।'

कञ्चनपुरमा कभर्डहल बन्ने

कञ्चनपुर/ सुदूरपश्चिम प्रदेश खेलकुदको उर्वर भूमि कञ्चनपुरमा बहुउपयोग कभर्डहल बन्ने भएको छ। कञ्चनपुरको भीमदत्त नगरपालिका-४ महेन्द्रनगरमा बहुउपयोग कभर्डहल बन्न लागेको हो। प्रदेश सरकार समाजिक विकास मन्त्रालयका मन्त्री झपटबहादुर साउदले बिहीबार कर्भडहलको शिलान्यास गरेका छन्। उनले बजेटको अभाव हुन नदिने प्रतिबद्धता दिएका छन्। मन्त्री साउदले समयमै गुणस्तरीय काम गर्नसमेत निर्माण व्यवसायीलाई निर्देशन दिएका छन्।

'कभर्डहल निर्माणका क्रममा मन्त्रालयले गर्ने आवश्यक सबै जिम्मेवारी निर्वाह गर्नेछ,' मन्त्री साउदले भने। पूर्वमन्त्री लालबहादुर खड्काले खेलकुद क्षेत्रको विकास अपरिहार्य रहेको बताए। कञ्चनपुर खेलकुद समितिका उपाध्यक्ष कैलालचन्द्र गिरीले कर्भडहल सञ्चालनमा आएपछि इन्डोर र आउटडोर प्रतियोगिता गराउन सक्ने बताए। 'अहिले पनि हामीसँग हल छन्, 'उनले भने, 'ती अपुग छन्, अहिले बन्ने भवनबाट खेलाडीलाई थप लाभ हुनेछ।' उपाध्यक्ष गिरीले कर्भडहल निर्माणका लागि बैजनाथ कन्टुर भेजी धनगढी र सामाजिक विकास मन्त्रालयबीच १३ करोड ३ लाख २८ हजार १९ रुपैयाँ बजेटमा निर्माण गर्ने सम्झौता भएको बताए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com